भदौ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २७, अङ्क १० | २०७५, भदौ १६-३१ | पूर्णाङ्क ६२८





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दीरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | २४ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | १७ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | ७ |
| इजलास नं. ८ | ८ |
| जम्मा | ७५ |

| | |
|---|---|
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | ५ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | ३ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १६ | १३ |
| इजलास नं. १७ | २ |
| इजलास नं. १९ | १ |
| इजलास नं. २० | १ |
| पूर्ण इजलास | १ |
| जम्मा | ३५ |

**कूल जम्मा ७५ + ३५ = ११०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, भदौ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| | **पूर्ण इजलास** | | **१** |
| १. | छुट जग्गा दर्ता | सरस्वती देवी रेग्मी वि. जिल्ला प्रशासन कार्यालय, बारासमेत | |
| | **संयुक्त इजलास** | | **१ - १९** |
| २. | जबरजस्ती करणी | विर्खबहादुर वि.क. वि. नेपाल सरकार | |
| ३. | लागु औषध (सेतो हेरोइन) | सुपारोङ तामाङ वि. नेपाल सरकार | |
| ४. | घुस / रिसवत लिई भ्रष्टाचार | नेपाल सरकार वि. शिवप्रसाद पुर्वेसमेत | |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सीता खत्री | |
| ६. | भ्रष्टाचार | नेपाल सरकार वि. हरिनारायण मण्डलसमेत | |
| ७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रमजान मोहम्मद अलि | |
| ८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कारी कापर | |
| ९. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. साजन श्रेष्ठसमेत | |
| १०. | रिसवत (घुस) लिई भ्रष्टाचार गरेको | तेजेन्द्र पौडेल वि. नेपाल सरकार | |
| ११. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. श्याममिकी प्रसाद यादवसमेत | |
| १२. | आयकर (२०६१/ ६२) | आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ लाजिम्पाट वि. न्यू अनिल टेक्सटाइल इ.प्रा.लि. | |
| १३. | अंश दर्ता | सुरेन्द्रकुमार लिम्बू वि. नरसिंबहादुर लिम्बू | |
| १४. | अंश चलन | राजु श्रेष्ठ वि. बुद्धिमाया श्रेष्ठसमेत | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पुरनबहादुर खड्का | |
| १६. | परमादेश | श्रीकृष्ण श्रेष्ठसमेत वि. नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीसमेत | |
| १७. | परमादेश | भारती उपाध्याय वि. नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंसमेत | |
| १८. | उत्प्रेषण / परमादेश | जैनूल आवदिन साई वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत | |
| १९. | उत्प्रेषण / परमादेश | रविराज श्रेष्ठ वि. नेपाल सरकार, मन्त्रिपरिषद्, सिंहदरबार, काठमाडौंसमेत | |
| २०. | कर्तव्य ज्यान | कर्णबहादुर पार्कीसमेत वि. नेपाल सरकार | |
| २१. | लागु औषध सेतो हेरोइन भनी अन्य पदार्थको कारोबार | एकनारायण पौडेलसमेत वि. नेपाल सरकार | |
| २२. | कर्तव्य ज्यान | कमल पुर्जा वि. नेपाल सरकार | |
| २३. | अपहरण तथा शरीर बन्धक | राजु लामासमेत वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २४. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. सुशिलकुमार श्रेष्ठ |
| **इजलास नं. १** | | **१९ - २०** |
| २५. | हक कायम | रविन्द्रराज वैद्य वि. नरबहादुर बस्नेत |
| **इजलास नं. २** | | **२० - २३** |
| २६. | जबरजस्ती करणी | नेपाल सरकार वि. गिरमान आलेमगर |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुमन राईसमेत |
| २८. | उत्प्रेषण / परमादेश | पार्वती थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत |
| **इजलास नं. ३** | | **२३ - ३५** |
| २९. | कर्तव्य ज्यान | रूपबहादुर घर्तीसमेत वि. नेपाल सरकार |
| ३०. | सम्बन्ध बिच्छेद | रीता साह वि. प्रभु साह |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बालाराम वि.क. समेत |
| ३२. | मोही दर्ता नामसारी | सुरेन्द्रकुमार ठाकुर वि. देवकान्त चौधरी |
| ३३. | जालसाजी | मधुसुदन प्रसाद अग्रवाल वि. हरिप्रसाद अग्रवाल |
| ३४. | कर्तव्य ज्यान र जबरजस्ती करणी | नेपाल सरकार वि. पूर्णबहादुर गुरूङ |
| ३५. | अंश चलन | बैकुण्ठ अधिकारी वि. गणेशबहादुर अधिकारी |
| ३६. | लिखत बदर दर्ता बदर दर्ता कायम | भाग्यनारायण चौधरी वि. लक्ष्मण चौधरीसमेत |
| ३७. | कर्तव्य ज्यान | सुशिला राना वि. नेपाल सरकार |
| ३८. | उत्प्रेषण / परमादेश | भरतकुमार अधिकारी क्षेत्री वि. दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय, लैनचौर काठमाडौंसमेत |
| ३९. | उत्प्रेषण / परमादेश | विष्णुप्रसाद सिवाकोटी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत |
| ४०. | उत्प्रेषण / परमादेश | हर्खबहादुर रायमाझी वि. रक्षा मन्त्रालय सिंहदरबार काठमाडौंसमेत |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपबहादुर बस्नेत |
| **इजलास नं. ४** | | **३५ - ३९** |
| ४२. | हालैको बकसपत्र लिखत बदर दर्ता | मुनीदेवी थरूनी वि. शारदा देवीसमेत |
| ४३. | निषेधाज्ञा / परमादेश | तसौवर अली मुसलमानसमेत वि. हजरत तेली |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हसिना खातुनसमेत |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्गबहादुर राई |
| ४६. | लेनदेन | घोघे धोवीसमेत वि. शकुन्तलादेवी अग्रवाल |
| **इजलास नं. ५** | | **३९ - ४२** |
| ४७. | निर्णय दर्ता बदर हक कायमसमेत | मिठू आले मगरसमेत वि. मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार काठमाडौंसमेत |
| ४८. | जालसाजी | राजेश महर्जन वि. नानी महर्जन |

| | | |
|---|---|---|
| ४९. | उत्प्रेषण / परमादेश | संजिव सेजवाल वि. भैरहवा भन्सार कार्यालय, बेलहिया रूपन्देहीसमेत |
| ५०. | कर्तव्य ज्यान | अर्जुन थारू वि. नेपाल सरकार |
| ५१. | कर्तव्य ज्यान | मिठूमाया वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **४३ - ४४** |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भिमबहादुर हायूसमेत |
| ५३. | कर्तव्य ज्यान | गजेन्द्र वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **४४ - ४८** |
| ५४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्ग नेपाली |
| ५५. | उत्प्रेषण | सुवप्रसाद रिजाल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |
| ५६. | उत्प्रेषण / परमादेश | गौरीशंकर उपाध्यायसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |
| ५७. | उत्प्रेषण / परमादेश | नरमाया कटुवाल वि. गाउँ विकास समितिको कार्यालय, मृगौलिया मोरङसमेत |
| ५८. | उत्प्रेषण / परमादेश | जीतबहादुर रायमाझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत |
| ५९. | उत्प्रेषण / परमादेश | रामबहादुर बुर्लाकोटीसमेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौंसमेत |
| **इजलास नं. ८** | | **४८ - ५५** |
| ६०. | आयकर (०५६/५७) | महेन्द्रमान गुरूङ वि. सिद्धेश्वरकुमार सिंह |
| ६१. | अंश चलन | दशरथ खड्का वि. तोकबहादुर खड्कासमेत |
| ६२. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. भेषमान श्रेष्ठ |
| ६३. | जबरजस्ती करणी | नेपाल सरकार वि. पूर्णबहादुर तामाङ |
| ६४. | कर्तव्य ज्यान | सिता देवी वि. नेपाल सरकार |
| ६५. | उत्प्रेषण | डा. राजकुमार महत्तो वि. स्वास्थ्य मन्त्रालय, रामशाह पथसमेत |
| ६६. | उत्प्रेषण / परमादेश | नरबहादुर रावल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत |
| ६७. | अंश दपोट | साकिर अलि शाह वि. महबुब अलि साई |
| **इजलास नं. ९** | | **५५ - ५८** |
| ६८. | मानव बेचबिखन तथा ओसारपसार | सरस्वती वि.क. वि. नेपाल सरकार |
| ६९. | जालसाजी | निर्मला कार्की राईसमेत वि. सीतादेवी कार्कीसमेत |
| ७०. | उत्प्रेषण / परमादेश | सतिशचन्द्र मिश्रसमेत वि. ईलाका मालपोत कार्यालय, मझगावा रूपन्देहीसमेत |
| **इजलास नं. १०** | | **५८ - ६१** |
| ७१. | बन्दी प्रत्यक्षीकरण | रामध्यान चौधरी वि. काठमाडौं जिल्ला अदालत काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ७२. | निषेधाज्ञा | सिफैत यादव वि. देव नारायण यादव |
| ७३. | निषेधाज्ञा | ईन्दल साहसमेत वि. छोटेलाल यादव |
| ७४. | करार ऐन, २०५६ को दफा ८७ बमोजिम उपयुक्त आदेश जारी गरिपाउँ | ईश्वर अधिकारी वि. माछापुच्छ्रे बैंक लि. |
| ७५. | मानव बेचबिखन तथा ओसारपसार | पार्वती परियारसमेत वि. नेपाल सरकार |
| **इजलास नं. ११** | | **६१** |
| ७६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सनिप्रसाद थारू |
| **इजलास नं. १२** | | **६१ - ६३** |
| ७७. | अंश नामसारी | कैसिङ चौधरी थारू वि. कपिलदेव थारूसमेत |
| ७८. | जबरजस्ती चोरी | नेपाल सरकार वि. नरजित वि.क. |
| ७९. | अंश चलन | जगरनाथ मण्डल गनगाई वि. अघोरनीदेवी गनगाई |
| **इजलास नं. १३** | | **६३ - ६५** |
| ८०. | सवारी ज्यान | नेपाल सरकार वि. सुनिल भण्डारी |
| ८१. | बन्दी प्रत्यक्षीकरण | प्रमोद नापित वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत |
| ८२. | सवारी ज्यान | नेपाल सरकार वि. ज्ञानेन्द्र सारू मगरसमेत |
| **इजलास नं. १४** | | **६५ - ६७** |
| ८३. | जबरजस्ती करणी | नेपाल सरकार वि. अम्बर गुरूङसमेत |
| ८४. | जबरजस्ती करणी | नेपाल सरकार वि. इन्द्रमान तामाङ |
| **इजलास नं. १६** | | **६७ - ७२** |
| ८५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपाल चौधरीसमेत |
| ८६. | नामसारी निर्णय बदर | नरबहादुर चित्रकार वि. तिर्थराज चित्रकार |
| ८७. | मोही नामसारी | रमेशप्रसाद सिंह वि. समानन्द चौधरी |
| ८८. | घर जग्गा टंटा खिचोला छोडाई चलन चलाई पाउँ | जीतनारायण साह कानू वि. सारदा साह सोनारसमेत |
| **इजलास नं. १७** | | **७२** |
| ८९. | अंश अपुताली दर्ता | गर्भी देवी थरूनी वि. भुट्टु चौधरीसमेत |
| **इजलास नं. १८** | | **७२ - ७३** |
| ९०. | उत्प्रेषण | ग्यानबहादुर तामाङ वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत |
| **इजलास नं. १९** | | **७३ - ७४** |
| ९१. | लागु औषध चरेस | कृष्णसाह वर्णवाल वि. नेपाल सरकार |
| **पूर्ण इजलासमा पेस हुने** | | **७४ - ७६** |
| ९२. | बन्दी प्रत्यक्षीकरण | विश्व चौधरी वि. सुनसरी जिल्ला अदालतसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री जगदीश शर्मा पौडेल, मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-NF-०००३, छुट जग्गा दर्ता, *सरस्वती देवी रेग्मी वि. जिल्ला प्रशासन कार्यालय, बारासमेत*

मिसिल संलग्न कुनै पनि प्रमाणहरूबाट वादीको नाउँको साबिक दर्ता पुष्टि हुन नआएको अवस्थासमेतबाट वादीहरू बसी आएको घरजग्गा वादीका बाबु सर्वनाथ रेग्मी आफ्नो साबिक दर्ता तिरोको आधारमा बसोबास गरेको नभई ऐलानी जग्गामा नै बसोबास गरेको पुष्टि हुन्छ । मालपोत ऐन, २०३४ को दफा २(ख२) ले ऐलानी जग्गालाई समेत सरकारी जग्गा भनी परिभाषित गरेको छ । वादीको पति पिताले नै ऐलानी भनी स्वीकार गरेकोले साबिक दर्ता स्रेस्ताजस्ता प्रमाणविना ऐलानी नभई नम्बरी हो भन्न यी वादीलाई प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विबन्धित हुने ।

सर्भे नापीपश्चात् दर्ता वा छुट जग्गा दर्ता हुनसमेत दाबी कर्ताको साबिक स्वामित्वको आधारमा नै दर्ता वा छुट जग्गा दर्ता हुने नहुने विषयमा निर्णय गर्न सकिनेमा त्यस किसिमको साबिक प्रमाण केही पेस नगरेको अवस्थामा केवल वादीको जिकिरका भरमा मात्र नम्बरी ठहर गर्न र स्वामित्वपूर्ण हकको पुष्ट्याईं हुन नसक्ने ।

साबिक दर्ता स्रेस्ता नदेखिएको र ऐलानी प्रकृतिको सार्वजनिक जग्गाको परिभाषाभित्र पर्ने जग्गालाई छुट जग्गा दर्ता समिति तथा अधिकार क्षेत्रविहीन कुनै निकायले सम्झौता गरेकै कारणले मात्र स्वामित्व सृजना भएको मान्न सकिने अवस्थासमेत नहुने ।

मालपोत ऐन, २०३४ को दफा ७(२) को व्यवस्था नक्सा भएको जग्गा दर्ता गर्न छुटसम्म भएकोमा साबिक दर्ता हुन साबिक दर्ता तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्नसक्ने देखिएकोमा वादीले साबिक दर्ता तिरोको प्रमाणको आधारमा स्वामित्व पुष्टि नगरेबाट कि.नं. १०३ को जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख२) बमोजिम सरकारी जग्गा ठहर्‍याई वादी दाबी खारेज गर्ने ठहर्‍याएको मालपोत कार्यालयको मिति २०५७।२।२३ को फैसला मनासिब नै देखिन आएको र विवादित कि.नं. १०३ को ०-११-९ जग्गामा मिति २०३२।१२।२४ समेतमा पहिले नै मुद्दा परी निर्णय भई वादीको हकको नदेखिई हक बेहक गर्नुपर्ने अवस्था विद्यमान नहुँदा मालपोत कार्यालय, बाराको २०५७।२।२३ को निर्णय बदर गरी हक कायम गराई ल्याउन सम्बन्धित अदालतमा नालिस गर्न जानु भनी सुनाई दिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०५८।३।२४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने र वादीको पुनरावेदन जिकिर नपुग्ने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६४।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल माघ १३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१७३१, जबरजस्ती करणी, *विर्खबहादुर वि.क. वि. नेपाल सरकार*

प्रतिवादी विर्खबहादुर वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा पीडितको बुबा आफ्नो जेठान नाता पर्ने भएकोले निजको घरमा

जाँदा घरको अन्य कुनै पनि व्यक्ति नभएको र पीडित सुतिरहेकोले मौका छोपी निजलाई एक पटक करणी गरेको हुँ। करणी गरेको निजको माईली आमाले देखेर मलाई समाती प्रहरीको जिम्मा लगाएका हुन् भनी अभियोग दाबीअनुसारको कसुर स्वीकार गरी बयान गरेको देखिन्छ। पीडितलाई जबरजस्ती करणी गरेको देख्ने प्रत्यक्षदर्शी मानकुमारी वि.क. र बालकुमारी वि.क.ले अदालतमा बकपत्र गर्दा जाहेरवालाका छोराछोरी आएर प्रतिवादी विर्खबहादुरले लाटी दिदीलाई कोठाभित्र लगेको छ भनी भनेकाले हामी दुवैजना जाहेरवालीको घरमा जाँदा प्रतिवादीले पीडितलाई करणी गरेको देखेका हौँ भनी बकपत्र गरेको देखिने।

अभियोग दाबीअनुसारको कसुर आफूले गरेको भन्ने प्रतिवादीको बयान तथा निजको सो बयानलाई पुष्टि हुने गरी जाहेरवाली र प्रत्यक्षदर्शीहरूले अदालतमा गरेको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Erythematous Introitus is seen र Disable Child भनी उल्लेख भएकोसमेतका आधारमा प्रतिवादीले पीडित परिवर्तित नाम दैलेख (ड)लाई जबरजस्ती करणी गरेको पुष्टि भएको तथा प्रतिवादीले समेत पीडित बालिका अपाङ्ग हुन् भनी बयानमा उल्लेख गरेकोसमेतबाट पीडित बालिका अपाङ्ग भएको देखिएकाले अभियोग मागदाबीबाट सफाइ पाउनु पर्ने हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादी विर्खबहादुर वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्ष कैद र निज बालिका अपाङ्ग भएकाले सोही महलको ३(क) नं. बमोजिम थप ५ वर्ष गरी जम्मा १३ वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम प्रतिवादीको अंश हकको सम्पत्ति जे जति हुन्छ त्यसको आधा सम्पत्ति पीडितले क्षतिपूर्तिबापत भराई पाउने ठहऱ्याई सुरू दैलेख जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।९।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१४५३, लागु औषध (सेतो हेरोइन), *सुपारोङ तामाङ वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादीले आफू सुनका गहना बनाउने काम गर्ने गरेको र गाउँको ट्याक्सी चालक लुनिमान तामाङले लागु औषध ओसारपसार गर्ने सल्लाह दिएकाले प्रसान्त भन्ने व्यक्तिलाई भेटी लागु औषध ल्याई दिनुहोस् किनी दिन्छु भनेकाले लुनिमानले मलाई बिक्री गर्न लागु औषध दिएकोले सो लागु औषध लिई बाटोमा उभिएको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। लुनिमानले उक्त लागु औषध रू.२५,००,०००।- मा बिक्री गरी मलाई रू.५०,०००।- दिने सल्लाह भएको थियो भनी कसुरमा साबित भई मौकामा बयान गरेको पाइन्छ। अदालतमा बयान गर्दा बरामद भएको लागु औषध हेरोइन आफूबाट बरामद नभई लुनिमान तामाङको साथबाट बरामद भएको र निज भागेकाले आफूलाई प्रहरीले पक्राउ गरेको भनी इन्कारी बयान गरेको देखिने।

पुनरावेदक / प्रतिवादीको साथबाट १२०० ग्राम लागु औषध बरामद भएको भन्ने बरामदी मुचुल्का रहेको र बरामदी वस्तु परीक्षणको लागि पठाएकोमा उक्त वस्तुमा लागु औषध हेरोइन पाइयो भन्ने बेहोराको परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ। निज पुनरावेदक / प्रतिवादी सुपारोङ तामाङले अनुसन्धानको क्रममा बयान गर्दा कसुरमा साबित रही बयान गरेको, निजको साथबाट बरामदी मुचुल्कामा उल्लिखित परिमाणको

लागु औषध बरामद भएको देखिएको र सो बरामदी मुचुल्कामा यी पुनरावेदक / प्रतिवादी रोहबरमा बसी सहिछाप गरेको देखिएको, निजले सो बरामदी मुचुल्कालाई अन्यथा भन्नसकेको नदेखिएको समेतका आधार प्रमाणबाट आफूबाट लागु औषध बरामद भएको होइन भन्ने प्रतिवादीले अदालतमा गरेको बयान अन्य प्रमाणबाट पुष्टि हुनसकेको नदेखिँदा पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट बहस गर्नुहुने विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट पुनरावेदक / प्रतिवादी सुपारोङ तामाङलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (घ) (१) को कसुरमा सोही ऐनको दफा १४ (१) छ को देहाय ३ बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख) जरिवानासमेत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।७।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०३६८, घुस / रिसवत लिई भ्रष्टाचार, *नेपाल सरकार वि. शिवप्रसाद पुर्वेसमेत*

प्रत्यर्थी / प्रतिवादी शिवप्रसाद पूर्वेले सामुदायिक वनको विधान संशोधन गर्ने प्रयोजनका लागि उजुरकर्ता टेकबहादुर बस्नेतले आफूसँग रकम माग गरेको भनी उजुरी दिएको र अदालतमा उपस्थित भई बकपत्र गर्दा आफूले रिसइवीका कारण उजुरी दिएको हो। रकम माग पनि नगरेको र रकम दिएकोसमेत होइन भनी बकपत्र गरेको देखिएको छ। त्यसैगरी प्रतिवादीमध्येका नवराज श्रेष्ठबाट मिति २०७१।६।१ मा रकम बरामद भएको देखिएको र उजुरकर्ताको विधान तथा कार्ययोजना संशोधनको कार्य मिति २०७१।५।३१ मा नै सम्पन्न भएको देखिएबाट कार्य सम्पन्न भइसकेपछि घुस रकम दिने भन्ने कुरासमेत वस्तुपरक हुन नसक्ने भएकाले वादी नेपाल सरकारको अभियोग दाबी प्रमाणित हुनसकेको नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी विशेष अदालतबाट भएको फैसला अन्यथा भयो भन्ने पुनरावेदका।वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित तथ्य एवम् विवेचनासमेतका आधारमा प्रत्यर्थी / प्रतिवादीहरूको बयान निवेदक टेकबहादुर बस्नेतले अदालतमा गरेको बकपत्रलगायतका प्रमाणहरूबाट प्रत्यर्थी / प्रतिवादी शिवप्रसाद पुर्वेले उजुरकर्ता टेकबहादुर बस्नेतसँग रकम लिएको र सो रकम नवराज श्रेष्ठले राखी भ्रष्टाचार गरेको भन्ने कुरा वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुनसकेको नदेखिँदा वादी नेपाल सरकारको आरोप दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरू शिव प्रसाद पुर्वे र नवराज श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।३।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०७३-RC-०१०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीता खत्री*

प्रतिवादीले खुवाएको बिस्कुट साथै विषादीको प्रयोग भएको र सोही विषादीको कारण मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाण कागजबाट

देखिन आएको सुरू जिल्ला अदालतबाट प्रतिवादीले अभियोग दाबीको कसुर गरेको भन्ने आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं.अनुसार प्रतिवादीलाई सजाय गर्ने गरेको फैसलालाई सदर गरी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय गर्ने राय व्यक्त गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसलालाई अन्यथा भन्न पर्ने अवस्था नहुने।

प्रतिवादीले मृतकलाई विष खुवाएको देखिए पनि रोएको बच्चालाई फुल्याउन बिस्कुट दिँदा विषादी छोएको हात सफा नगरी लापरवाहीपूर्ण कार्यको परिणामबाट घटना घटेको देखिन्छ । मारौं भन्ने पूर्वयोजनाका साथ विष खुवाएको अवस्था छैन । तत्काल बच्चाको उपचार गराउनेतर्फ होस नपुऱ्याएकोसम्म देखिएको अवस्थासमेतलाई दृष्टिगत गरी हेर्दा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोसमेतबाट वारदात हुँदाको अवस्था र परिस्थितिलाई विचार गरी घटना घटेको र कसुर गरेको अवस्थाको सन्दर्भमा प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम राय व्यक्त गरी ३ (तीन) वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७३।१।२२ मा भएको फैसला इन्साफ जाँचको रोहमा मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०७२-CR-०२५९, भ्रष्टाचार, *नेपाल सरकार वि. हरिनारायण मण्डलसमेत*

भ्रष्टाचारको कसुर स्थापित हुन कुनै पनि राष्ट्र सेवकले पदीय कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बदनियत राखी हिनामिना वा नोक्सानी वा दुरूपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको हुनुपर्ने र आफूले पनि कुनै न कुनै रूपमा लाभ लिएको हुनुपर्ने।

प्रतिवादीहरूले नेपाल सरकारको राष्ट्रिय वन संरक्षणको जिम्माको सर्त स्वीकार गरी वन उपभोक्ता समिति गठन गरी वन हस्तान्तरण भइसकेको अवस्था देखिँदैन । प्रतिवादीहरूउपर वन फँडानी गरेको अभियोगमा वन ऐन, २०४९ अनुसार जिल्ला अदालतमा मुद्दा दायर भई जिल्ला अदालतको फैसलाले प्रतिवादीमध्येका पदमबहादुर गुरूङ, वेगमबहादुर बुढामगर, राजेश चौधरी, मोहन थापा, शेरबहादुर कामु मगरले कसुर गरेको ठहरी हानीनोक्सानी भएको बिगो असुल भई सजायसमेत भइसकेकोले वन हस्तान्तरण नभएका उपभोक्ता समितिका पदाधिकारीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित तथ्य एवम् आधारमा प्रतिवादीहरू हरिनारायण मण्डल, श्याम कुमार चौधरी, डिल्लीराम चापागाईं, सुरेन्द्र प्रसाद बानिया, महेन्द्र प्रसाद राजमर र हरिप्रसाद बानियासमेतको संलग्नतामा राष्ट्रिय वन फडानी गरी हानि नोक्सानी पुऱ्याएको भन्ने र अन्य प्रतिवादीहरू पदम बहादुर गुरूङ, बेगम बहादुर बुढामगर, राजेश चौधरी, मोहन थापा मगर भन्ने टुक बहादुर थापा र शेरबहादुर कामुमगरसमेतले अभियोग दाबीबमोजिमको कसुर गरेको प्रमाणित हुन नसकेको हुँदा प्रतिवादीहरू हरि नारायण मण्डल, डिल्लीराम चापागाईं, श्याम कुमार चौधरी, हरिप्रसाद बानिया, महेन्द्रप्रसाद राजभर, सुरेन्द्रप्रसाद बानिया, पदमबहादुर गुरूङ, बेगमबहादुर बुढामगर, राजेश चौधरी, मोहन थापा भन्ने टुकबहादुर थापा र शेरबहादुर कामु मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी

विशेष अदालत, काठमाडौंबाट मिति २०७१।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०७७३ र ०७०-CR-१३०९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. रमजान मोहम्मद अलि*

जाहेरी दरखास्तलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थन र पुष्टि नगरेसम्म त्यस्तो दरखास्त केवल घटनाको सूचनासम्म मात्र हुनसक्छ। अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नै नभएको जाहेरी दरखास्तको आधारमा मात्र कसुरदार ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन गई न्याय नै मर्न जाने हुन्छ। फौजदारी कसुरमा प्रतिवादीको कसुर पुष्टि गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीपक्षमा रहेको पाइन्छ। वादी पक्षबाट अभियुक्तको कसुर शङ्कारहित तवरबाट पुष्टि र प्रमाणित गर्ने युक्तियुक्त र ठोस प्रमाण पेस गर्न नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने।

मिति २०६५।३।५ मा भएको लिखत करकापमा पारी जबरजस्ती गराइएको भनी सो लिखतउपर प्रतिवादीले काठमाडौं जिल्ला अदालतसमक्ष उजुरी गरिसकेको भनी अदालतसमक्ष बयान गर्दा खुलाएको देखिँदा सो लिखतको वैधानिकतामाथि नै प्रश्न उठेको अवस्थामा लिखतको अस्तित्वलाई स्वीकार गर्नुले मात्र प्रतिवादीको कसुर प्रमाणित गर्न सक्दैन। वादी पक्षबाट उक्त लिखतको सक्कलप्रति पेस गरी त्यसको सत्यताको परीक्षणसमेत गराउन नसकेको अवस्थामा सोही लिखतको आधारमा मात्र प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी रमजान मोहम्मद अलिलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।१२।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०५४९ र ०७०-CR-११७२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. कारी कापर र कारी कापर वि. नेपाल सरकार*

प्रतिवादीको कारणबाट रकम खर्च गरिसकेको अवस्थामा लिखत तयार भएको भन्ने देखिएको र सो लिखतमा खर्च भएको भनिएको रकमको बारेमा कुनै कुरा उल्लेखसम्म नगरिएको अवस्थामा जाहेरवालाहरूलाई दुवई आतेजाते गर्दा छुट्टै खर्च लागेको रहेछ भनी अनुमान गर्न मिल्ने नदेखिँदा दुवई आतेजाते गर्दा भएको भनिएको खर्चको सम्बन्धमा अभियोग दाबी नपुग्ने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न नमिल्ने।

जाहेरवालाहरूले बकपत्र गर्दा लिखत दुवईबाट नेपाल फर्की आएपछि अफिसमा बसी गरे गराएको भनी खुलाएकोबाट प्रतिवादीको अदालतसमक्षको बयानलाई समर्थित गरेको पाइयो। यसरी मुद्दा हेर्ने अधिकारप्राप्त निकायमा उपस्थित भई मिति २०६७।१।९ को लिखतको सत्यताको बारेमा शङ्कासमेत नउठाई जाहेरवालाहरू र प्रतिवादी कारी कापरबीच उक्त लिखत भएको भन्ने कुरालाई स्वयम् प्रतिवादीले स्वीकार गरेको अवस्थामा त्यस्तो लिखतको सत्यतामा अदालत स्वयम्ले शङ्का गर्नुपर्ने अवस्था नहुँदा सो लिखतको सत्यताको जाँच गरिरहनु पर्ने नै देखिएन। मिति २०६७।१।९ को लिखतको सक्कल नझिकाई कसुरदार ठहर गरेको मिलेन

भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी कारी कापरले वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमतिसमेत नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि विदेश पठाइदिने भनी रकम लिई ठगी गरेको भन्ने देखिँदा प्रतिवादी कारी कापरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. दफा ४३ बमोजिम ३ (तीन) वर्ष कैद र रू. ३,२५,०००।- (तीन लाख पच्चीस हजार रुपैयाँ) जरिवाना हुने र जाहेरवालाहरूबाट लिएको रकम रू. ६,९५,०००।- (छ लाख पन्चानब्बे हजार रुपैयाँ) र सोको पचास प्रतिशतले हुने रकम रू.३,४७,५००।- (तीन लाख सतचालीस हजार पाँच सय रुपैयाँ) हर्जनासमेत गरी जम्मा रू. १०,४२,५००।- (दश लाख बयालीस हजार पाँच सय रुपैयाँ) प्रतिवादीबाट जाहेरवालाहरूले भरी पाउने, साथै जाहेरवालाहरूलाई आतेजाते खर्च भराई पाउँ भन्ने अभियोग दाबी नपुग्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।४।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-११२८, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. साजन श्रेष्ठसमेत*

जाहेरवालाको मोटरसाइकल चोरीमा प्रतिवादी शिव सिलवालको यो यस किसिमबाट संलग्नता रहेको थियो भनी अभियोजकपक्षले पुष्टि गर्न नसकेको अवस्थामा केवल चोरीको मोटरसाइकलसहित पक्राउ परेका प्रतिवादी साजन श्रेष्ठसँगै प्रतिवादी शिव सिलवाल पनि पक्राउमा परेका भन्ने मात्र आधारमा प्रतिवादी शिव सिलवाललाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादी शिव सिलवाललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

मोटरसाइकल खरिद गरी बैनाबापत रकमसमेत बुझाएको भने पनि सो रकम बुझाएको देखिने कुनै रसिद वा कागज प्रमाणसमेत प्रतिवादी साजन श्रेष्ठले पेस गर्नसकेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा ७(क) बमोजिम उक्त मोटरसाइकल चोरीको हो भन्ने कुरा प्रतिवादी साजन श्रेष्ठलाई थाहा थिएन भनी अनुमान गर्न नसकिने।

मिति २०६७।१।१६ मा रू. १,७३,९००। मा खरिद गरेको मोटरसाइकल करिब १० महिनासम्म प्रयोगमा आएको भन्ने देखिएको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट सो मोटरसाइकलको अवस्थालाई विचार गरी मूल्य रू. १,००,०००।- कायम गरेको देखिन आयो। मुलुकी ऐन, चोरीको महलको २३ नं. मा भएको सो मालको पर्ने मोलबाट बिगो कायम गर्नुपर्ने भन्ने शब्दको अर्थ गर्दा सो मोटरसाइकलको जाहेरवालाले सुरूमा खरिद गर्दाको समयको मूल्य कायम गर्नुपर्छ भन्ने अर्थ नभई सो मोटरसाइकल चोरी हुँदाको समयमा पर्ने मूल्य कायम गर्नु पर्छ भन्ने हो भनी अर्थ गर्नुपर्छ। १० महिनासम्म प्रयोगमा आएको मोटरसाइकलको अवस्थासमेतलाई दृष्टिगत गरी काठमाडौं जिल्ला अदालतले सो मोटरसाइकलको मूल्य कायम गरेको देखिँदा कम मूल्य कायम गरेको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट प्रतिवादी शिव सिलवाललाई अभियोग दाबीबाट सफाइ दिने गरी र मोटरसाइकलको अवस्थालाई विचार गरी सोको मूल्य रू.

१,००,०००।- कायम गरी प्रतिवादी साजन श्रेष्ठलाई मुलुकी ऐन, चोरीको महलको २४ नं. बमोजिम बिगो रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६८।८।६ को फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-११७५, रिसवत (घुस) लिई भ्रष्टाचार गरेको, *तेजेन्द्र पौडेल वि. नेपाल सरकार*

प्रतिवादी तेजेन्द्र पौडेलले पञ्च लामासँग भएको बार्ताको सिडि र Call details लाई पूर्ण इन्कार गरेको र उक्त मुद्दामा प्रतिवादीलाई फसाएका भनी जिकिर लिए पनि सो जिकिरलाई पुष्टि गर्ने युक्तिसङ्गत प्रमाण पेस गर्नसकेको पाइएन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुरक्षाको काममा खटिएको राष्ट्र सेवकमाथि झुट्टा मुद्दा लगाई फसाउनु पर्ने कुनै कारण र प्रमाण पुनरावेदकले पेस गर्नसकेको नदेखिने।

प्रतिवादी तेजेन्द्र पौडेलले पञ्च तामाङ लामाबाट रू. ३५,०००। लिएको भन्ने प्रतिवादीकै बयानबाट पुष्टि भएको अवस्थामा उक्त रकम के कामका लागि लिएको हो भन्ने उजुरकर्ताको उजुरीमा नखुलेको भन्ने मात्र आधारमा प्रतिवादीले कसुर गरेका होइनन् भन्न मिल्ने देखिएन। प्रहरी सेवाजस्तो राष्ट्र र जनताको पहरेदार निकायमा कार्यरत प्रतिवादीले घुस लिँदाकै अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट टिपोट गरिएका रू. १०००।- का ३५ थान नोटसहित प्रतिवादी पक्राउमा परेका भन्ने पुष्टि भएको अवस्थामा उक्त कानूनी व्यवस्थाले निर्धारण गरेको सजायबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणसमेतबाट प्रतिवादी तेजेन्द्र पौडेल कसुरदार देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा ऐ. दफा ३(१) र ३(१)(ख) बमोजिम बिगोबमोजिम रू. ३५,०००। (पैंतीस हजार रूपैयाँ) जरिवाना र ३ (तीन) महिना कैदसमेत हुने ठहर गरी विशेष अदालतबाट मिति २०७१।९।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१६६३, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. श्याममिकी प्रसाद यादवसमेत*

विद्यालय निरीक्षण गर्दा २४ जना मात्र विद्यार्थी रहेको भन्ने अभियोगपत्रमा खुलाएको भए पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।३।२६ को बैठकको निर्णय उतारको पहिलो पृष्ठको अन्तिम लाइनमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रौतहटबाट प्राप्त स्थलगत प्रतिवेदनमा विद्यार्थी संख्या ७० रहेको भन्ने उल्लेख भएको पाइयो। अभियोगपत्रमा नै उक्त विद्यालयले कक्षा ५ सम्म सञ्चालनको अनुमति प्राप्त गरी ३ जना शिक्षकसमेत कार्यरत रहेको भन्ने खुलाएकोबाट सो विद्यालय सञ्चालनमा रहेको भन्ने पुष्टि हुन आउने।

विद्यालयको भवन निर्माणका लागि रू. ५,५०,०००।- रकम निकासा भएको भन्ने अभियोगपत्रमा खुलाइएकोमा उक्त विद्यालयको भवन निर्माणाधीन अवस्थामा रही रू. ५,०९,४४७।८५

लागत खर्च भएको भन्ने उल्लेख भएकोमा मिति २०७०।१२।१० मा अरविन्दकुमार सिंहले पेस गरेको सो विद्यालयको लेखा परीक्षण प्रतिवेदनको प्रकरण नं. १२ आ.व. २०६८।६९ मा ब्लक निर्माण खर्च रू. ५,८९,०००।- का बिल भरपाई रहेको भनी खुलाएको पाइन्छ। भवन निर्माणका लागि निकासा भएको रकम भवन निर्माणकै काममा खर्च गरिएको भन्ने उक्त लेखा परीक्षण प्रतिवेदनबाट पुष्टि हुन आएको अवस्था देखिने।

भवन निर्माणतर्फ आ.व. २०६८।६९ मा ब्लक निर्माणमा खर्च भएको रू. ५,८९,०००।- रकम प्राविधिक लगत इष्टिमेट मूल्याङ्कनको बिल नरहेको भन्ने आधारमा नियमित गर्न नमिल्ने भनी औंल्याएको भए पनि सो खर्चको बिल भरपाई रहेको भनी खुलाएको अवस्था देखिन्छ । नियमित हुन नसकेको रकम पुष्ट्याईं हुन आएको अवस्थामा सम्बन्धित निकायबाट संपरीक्षण गराई नियमित गराउन सकिने तर भ्रष्टाचार भएको रकमलाई कुनै पनि किसिमबाट नियमित वा रूजु गराउन मिल्दैन । लेखापरीक्षण प्रतिवेदनमा नियमित गर्न नमिल्ने भनी औंल्याएको तर भ्रष्टाचार गरेको भनी नखुलाएको देखिँदा नियमित गराउन सकिने अवस्थाको रकम प्रतिवादीहरूले भ्रष्टाचार गरी मासी खाएका भनी भ्रष्टाचारको कसुर प्रमाणित गर्न मिल्ने नदेखिने।

विवादित श्री राम प्रा.वि. झौवा ८ को स्थापना २०६४ सालदेखि भई २०६८।६९ देखि कक्षा ५ सम्मको सञ्चालन अनुमति प्राप्त गरी सञ्चालनमा रहेको भन्ने मिसिल संलग्न विद्यालयको Flash report, लेखा परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको बयान, जिल्ला शिक्षा कार्यालय, रौतहटको विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएका पत्रको प्रतिलिपि, विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको भरपाइका प्रतिलिपिसमेतबाट देखिँदा प्रतिवादीहरूले सञ्चालनमा नरहेको विद्यालयलाई सञ्चालनमा रहेको भनी सरकारी रकम हिनामिना गरी अभियोग दाबीबमोजिमको भ्रष्टाचार गरेका रहेछन् भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीहरू श्याममिकीप्रसाद यादव, वाल्मिकीप्रसाद यादव र रामवचनप्रसाद यादवले भ्रष्टाचार गरेको भन्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी विशेष अदालतबाट मिति २०७२।१०।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

११

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल** ०६७-CR-०८००, आयकर (२०६१/६२), *आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ लाजिम्पाट वि. न्यू अनिल टेक्सटाइल इ.प्रा.लि.*

आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (१) बमोजिम संशोधित कर निर्धारण गर्ने अतिरिक्त राजस्व विभागको अधिकार हेर्दा दफा ९९ र १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको दायित्व यस ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले त्यस्तो संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था भएको देखिन्छ। व्यवस्था हेर्दा विधायिकाले प्रयोग गरेको “न्यायोचित आधारमा समायोजन” भन्ने वाक्यांशको उद्देश्य र मनसायलाई निष्क्रिय हुने गरी दफा १०१ को प्रयोग गर्न सकिने देखिँदैन । दफा १३ बमोजिम खर्च भएको प्रमाणित अवस्था देखिएमा कुनै कारणवश बिल भरपाई वा प्रमाणमा कुनै कैफियत देखिएमा पनि दफा १०१ (१) ले त्यस्तो लागत खर्चलाई न्यायोचित आधारमा समायोजन गर्नुपर्ने विधायिकाको मनसाय देखिएबाट त्यस्तो खर्च पूर्णतः अमान्य भई शून्यमै परिणत हुने

ऐनको मनसाय नदेखिने।

आयकर ऐन, २०५८ को दफा १३ को व्यवस्थाअनुसार कुनै करदाताले कुनै आर्थिक वर्षमा गरेको खर्च आय आर्जन गर्ने कार्यसँग सम्बन्धित नदेखिएमा त्यस्तो खर्चलाई करयोग्य आय निर्धारण गर्दा मान्यता दिने अवस्था देखिँदैन। त्यस्तै खर्च कट्टीको लागि दाबी गरिएको कुनै खर्चको रकम आय आर्जन गर्ने कार्यको लागि भए गरेको भन्ने खर्चसम्बन्धी बिल, भौचर, भरपाई वा बिक्री वा खरिद सम्झौता वा अन्य प्रमाणबाट निर्विवाद रूपमा समर्थन भएको तथा निकायको हकमा लेखा परीक्षणबाट प्रमाणित हुनु पर्ने देखिन्छ। अवास्तविक वा अव्यवहारिक वा अस्वाभाविक एवम् प्रचलित कानूनविपरीत तयार भएको वा सर्त रहेको देखिने बिल, भौचर, भर्पाई, खरिद वा बिक्री आदेश वा खरिद बिक्री सम्झौताको आधारमा त्यस्तो खर्च समर्थन हुन नसक्ने भई त्यस्ता बिल, भौचर, खरिद वा बिक्री आदेश वा खरिद बिक्री सम्झौताका सर्तहरूले कर निर्धारण प्रयोजनको लागि मान्यता पाउन सक्ने देखिएन। यस्तो अवस्था भएमा दफा १०१(१) बमोजिम न्यायोचित समायोजन गर्नुपर्ने।

बिल भरपाई नभएको कारण वा पेस गर्न नसकेको कारण मिन्हा दिन नमिल्ने भनी करयोग्य आयमा समावेश गरेको वास्तविक लागत खर्च रकमलाई भुस्सा खरिद गर्दाको बिल भरपाईका प्रमाणहरू राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२)(घ) बमोजिम मुद्दा हेर्ने निकायमा पेस भई इजलासबाट अध्ययन गर्दा अस्वाभाविक नदेखिएको अवस्थामा बिल भरपाई नभएको भन्ने आधारमा प्रत्यर्थी प्रा.लि.ले भुस्सा खरिदमा गरेको खर्च व्यक्तिगत खर्च भनी नामाकरण गरी वा दफा २१(१)(च) अन्तर्गत मिन्हा दिन नमिल्ने भन्न मिल्ने नदेखिने।

करदाता भुस्सा विक्रेता नभई खरिदकर्ता भएको, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह (१)(क) अन्तर्गत पर्ने कृषि उत्पादनको अवशेषहरू कर छुट हुने वस्तुको वर्गभित्र पर्ने र करदाताको वर्षभरिको खरिद नै दश लाखभन्दा घटीको रहेको भन्ने देखिएबाट ऐनको दफा १४(१) को प्रतिबन्धात्मक वाक्यांश यस करदाताको हकमा आकर्षित हुने नदेखिने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम्प्रमाणसमेतको आधारमा फ्यूल खर्चतर्फ उद्योगलाई भुस्सा खरिदतर्फको रू. ८,२४,६४५।- खर्च रकम सो उद्योगलाई आवश्यक पर्ने इन्धनभित्रकै लागत पर्न आई वास्तविक खर्चकै मान्नु पर्ने भएकाले सोलाई अमान्य गरी भएको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ को मिति २०६२।१२।६ को निर्णय आदेश न्याय र कानून सङ्गत नदेखिँदा सोहदसम्म उल्टी गरी सोबाहेक अन्य Guest entertainment, ब्याज खर्चतर्फको पेनाल्टी, व्यक्तिगत टेलिफोन खर्च, TR/ Loan तर्फको भुक्तानीतर्फ मिन्हा नहुने भनी भएको निर्णयलाई सदर ठहर गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६६।५।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६७-CR-०८०१, आयकर (२०६०/६१), *आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ लाजिम्पाट वि. न्यू अनिल टेक्सटाइल इ.प्रा.लि.* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-१२९४, अंश दर्ता, *सुरेन्द्रकुमार लिम्बू वि. नरसिंबहादुर लिम्बू*

पुनरावेदक वादीले कृषि विकास बैंक तथा कर्मचारी सञ्चय कोषसमेतबाट विभिन्न मितिमा

कर्जासमेत लिएको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको अवस्था छ । पुनरावेदक वादीका नाम दर्ताका तायदातीमा उल्लिखित सम्पत्तिहरू सगोलको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति हो भनी प्रतिवादीहरूले जिकिरसमेत लिएको अवस्था नदेखिँदा उक्त सम्पत्ति पुनरावेदकले निजी आर्जनबाट खरिद गरी लिएका सम्पत्ति रहेको मान्नु पर्ने।

पुनरावेदक वादीले खरिद गरी लिएका पुनरावेदकका नाम दर्ताका जग्गामध्ये कि.नं. ३३८ को जग्गा २०६९।८।२२ मा पूर्णकुमारी लिम्बूलाई बिक्रीसमेत गरेको पाइयो । उक्त जग्गा बिक्री गरेउपर प्रतिवादीको कुनै उजुरी परेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। पुनरावेदक वादीले अंश मुद्दामा प्रतिवादी कायम गरी मिति २०६४।४।३ र.नं. १ मा प्रतिवादीहरूमध्ये दिने नरसिंहबहादुर लिम्बू तथा लिने धनमाया लिम्बू भई पारित शेषपछिको बकसपत्रमा उल्लिखित सम्पूर्ण जग्गा कित्ताहरू धनमाया लिम्बूका नाममा कायम रहने गरी वादी दाबी छाडी धनमाया लिम्बू र पुनरावेदक वादी सुरेन्द्रकुमार लिम्बूबीच मिति २०६७।३।१८ मा मिलापत्र भइसकेको भन्ने मिसिल संलग्न उक्त मिलापत्रको लिखतबाट देखिन आयो । कि.नं. ५७९ र ७३५ का जग्गाहरू पुनरावेदक वादीले निजकी पत्नी धनमाया लिम्बूलाई अंशबापत दिएको भन्ने मिसिल संलग्न र.नं. १५५० को प्रतिलिपिबाट देखिन्छ। कि.नं. २४९, ३४१ र २४५ का जग्गाहरू मात्र हाल पुनरावेदक वादी सुरेन्द्रकुमारका नाममा कायम रहेको भन्ने मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन आउने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणसमेतको आधारमा तायदातीमा उल्लिखित प्रतिवादी नरसिंहबहादुर लिम्बूका नाम दर्ताका जग्गाहरूमध्ये दर्ता स्रेस्ता मिले भिडेसम्मका जग्गाबाट दाबीबमोजिम ४ भागको १ भाग अंश वादीले पाई चलनसमेत पाउने ठहर गरी भएको सुरूको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीका नाम दर्ताका तायदातीमा उल्लिखित जग्गाहरू पुनरावेदक वादी सुरेन्द्रकुमारले शिक्षण पेसा गरी आर्जन गरेको सम्पत्तिबाट खरिद गरेका निजी आर्जनको सम्पत्ति देखिँदा तायदातीमा पेस भएका पुनरावेदक वादीका नाम दर्ताका कि.नं. ३१४, २४९, २४५, ३३८, ३७२ र ३७४ जग्गाहरू बन्डा हुने ठहरेको हदसम्म सुरूको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।८।७ को फैसला सो हदसम्म केही उल्टी भई पुनरावेदक वादीका नाउँ दर्ताका तायदातीमा उल्लिखित जग्गा अंश नलाग्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

१३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-०१४३, अंश चलन, *राजु श्रेष्ठ वि. बुद्धिमाया श्रेष्ठसमेत*

वादी कमलबहादुर श्रेष्ठका पिता इन्द्रबहादुर श्रेष्ठले मिति २०२५।११।२० मा आफ्नो अंश भागमा परेको घर टिकाराम श्रेष्ठलाई घरसारमा राजीनामा लिखतको माध्यमबाट हक छाडिदिएको र सो लिखतमा बेग्लै बसेको भाइ काइला श्रेष्ठ साक्षी बसेको देखिँदा वादी प्रतिवादीहरूबीच २०२५ सालभन्दा पहिले नै घरसारमा अंशबन्डा गरी छुट्टी भिन्न भई आफ्नो आफ्नो अंश भाग लिई बिक्री व्यवहारसमेत गरेको देखिँदा मुलुकी ऐन, अंशबन्डाको ३० नं.को कानूनी व्यवस्थाअनुसार वादी प्रतिवादीहरू एकासगोलमा रहेछन् भनी अनुमान गर्नसक्ने नदेखिने।

वादीमध्येका राजेश श्रेष्ठसमेतका पिता भीमबहादुर श्रेष्ठको नाममा रहेको काठमाडौं जिल्ला साङ्गला गाउँ विकास समिति वडा नं. ६(क) कि.नं.

४५७ क्षेत्रफल ०-८-० जग्गा निजको मृत्युपश्चात् निजका छोरा वादी राजेश श्रेष्ठले वादीमध्येका राजु श्रेष्ठ र राजिव श्रेष्ठको मन्जुरी लिई आफ्नो नाममा एकलौटी दर्ता गराउँदा सगोलमा रहेका भनिएका अन्य कसैको पनि मन्जुरी लिएको देखिन आएन । मिति २०६२।१।१५ मा उक्त जग्गा राजेश श्रेष्ठको नाममा एकलौटी दर्ता गराएकोमा एकासगोलमा रहेका भनिएका भीमबहादुर बाहेकका अन्य अंशियारहरूका शाखा सन्तानले सो कार्यउपर कहीँकतै उजुर बाजुर गरेकोसमेत देखिएन । त्यस्तै प्रत्यर्थी प्रतिवादी बुद्धिमाया श्रेष्ठ नाउँ दर्ताको कि.नं. ६२ र ६३ को जग्गाको मोही महलमा क्रमशः अन्तरे श्रेष्ठ र राम भन्ने कृष्णबहादुर श्रेष्ठको नाउँ उल्लेख भएको मिसिल संलग्न कागजबाट देखिन आयो । एकासगोलमा रहे बसेका सगोली अंशियारहरूमध्ये एउटा अंशियार जग्गाधनी र अर्को अंशियार मोही हुनसक्ने गरी कानूनले व्यवस्था नगरेको हुँदा वादी प्रतिवादीहरू पहिले नै छुट्टी भिन्न भएको भन्ने देखिने।

पुनरावेदक वादीले पेस गरेको तायदातीमा उल्लेख गरिएका अंश लाग्ने भनी खुलाइएको सम्पत्तिमा प्रत्यर्थी प्रतिवादीहरूले इन्कार नगरेको भन्ने वादीको पुनरावेदन जिकिर रहे पनि प्रत्यर्थी प्रतिवादीहरूले पुनरावेदक वादीहरूसँग २०२२ सालमा नै छुट्टी भिन्न भई एकासगोलमा नै नरहेको भनी प्रतिउत्तर फिराउँदा जिकिर लिएको अवस्थामा तायदाती फाँटवारीमा उल्लेख गरिएका जग्गाहरूको सम्बन्धमा इन्कार नगरेको भनी वादी प्रतिवादीहरू एकासगोलमा रहेका अंशियार रहेछन् भन्न मिल्ने नदेखिँदा वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणसमेतबाट वादी प्रतिवादीहरू एकासगोलमा नरही छुट्टी भिन्न भई अलगअलग बसी आफ्नो आफ्नो नाममा जग्गा दर्ता गरी आफ्नो अंश भाग भोगचलन गरी एक आपसमा राजीनामाको माध्यमबाट लेनदेन व्यवहारसमेत गरेका तथा वादी प्रतिवादीहरूमध्ये एक पक्ष जग्गाधनी र अर्को पक्ष मोहीसमेत रही वादी प्रतिवादीहरू एकासगोलका अंशियार रहेको नदेखिँदा वादी दाबीबमोजिम वादीले प्रतिवादीहरूबाट अंश छुट्याई लिन पाउने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।७।१२ मा भएको फैसलालाई उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१०।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

१४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुरनबहादुर खड्का*

प्रतिवादीउपर परेको किटानी जाहेरी, मौकामा बुझिएका मानिस एवं वस्तुस्थितिका मानिसहरूको कागज तथा बकपत्रबाट प्रतिवादीको साबिती बयानलाई समर्थित र पुष्टि गरेको हुँदा प्रतिवादी पुरनबहादुर खड्काले राजेश खड्काको कर्तव्य गरी हत्या गरी मारेको भन्ने पुष्टि हुन आयो । प्रतिवादीले बालकको हत्या गरिसकेपछि लास लुकाउने, छिपाउने मनसायले घर पछाडिको वाउडी (कुवा) मा फालेको निर्विवाद पुष्टि भएको देखिँदा प्रतिवादी बाबुभाइ भन्ने पुरनबहादुर खड्कालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरूको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला मिलेको देखिने।

वारदात भएको करिब १४ महिनापछि डिप्रेसनको रोगबाट ग्रसित भएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनको आधारमा प्रतिवादीले राजेशको हत्या गर्दासमेत सो रोगबाट पीडित थिए भनी अर्थ गरी फौजदारी कसुरको परिणामबाट सिर्जित दायित्वमा

कमी गर्नु फौजदारी न्यायको मर्मविपरीत हुन जाने।

प्रतिवादी पुरनबहादुर खड्काले १० वर्षको नाबालक बच्चालाई कुटपिट गरी घाँटीमा डोरीले बाँधी हत्या गरी लासलाई कुवामा फाली सो दिन गाउँघरमा घुमफिर गरी हिँडेका भन्ने देखिन आयो। वारदातपश्चात् भागी फरार रहेको भन्ने नदेखिई दिनभरी गाउँघरमा घुमफिर गरी बेलुका आफ्नै घरमा गएका र पक्राउमा परेपछि घटनाको बारेमा सिलसिलेवार रूपमा व्यक्त गरेको पाइयो। बच्चाको हत्या गरेपछि पश्चाताप भएको भनी बयानको क्रममा खुलाएको देखिँदा प्रतिवादीले आफ्नो भतिजालाई पूर्वरिसइवी लिई आपराधिक मनसायले योजनावद्ध रूपमा हत्या गरेको भन्ने नदेखिए पनि १० वर्षको नाबालक बच्चालाई क्रूरतापूर्वक हत्या गरेको देखिँदा प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र सजाय गर्ने राय व्यक्त गरी भएको जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको फैसला सो हदसम्म मिलेको नदेखिने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणसमेतबाट प्रतिवादी पुरनबहादुर खड्काले आफ्नै भतिजा १० वर्षका नाबालक राजेश खड्कालाई घरमा एक्लै भएको मौका छोपी कुटपिट गरी घाँटीमा डोरीले कसी हत्या गरी लासलाई घरपछाडि लगी कुवामा फालेको र पक्राउमा परेपछि आफ्नो अपराधको बारेमा सविस्तार बयान गरेको देखिँदा प्रतिवादी पुरनबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरी कैलाली जिल्ला अदालतबाट मिति २०७१।१०।२८ मा भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, दिपायलको मिति २०७२।४।१७ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन व्यक्त गरिएको कैलाली जिल्ला अदालतको रायलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, दिपायलको फैसला सोहदसम्म मिलेको नदेखिँदा उक्त रायसँग सहमत हुन सकिएन । प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी पनि नरहेको र प्रतिवादी डिप्रेसनको रोगबाट ग्रसित भएको भन्ने मानसिक अस्पताल लगनखेलको पत्रबाट खुल्न आएकोसमेतका आधारमा प्रतिवादी पुरनबहादुर खड्कालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको फैसला सदर भई अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १५ वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल पौष ६ गते रोज ४ शुभम्।

१५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-WO-००४८, परमादेश, *श्रीकृष्ण श्रेष्ठसमेत वि. नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीसमेत*

निवेदकहरू २०५२ सालदेखि रा.प.अनं. प्रथम श्रेणीको पदमा बढुवा भई अविच्छिन्न रूपमा सोही श्रेणीमा हालसम्म कार्यरत रहेको, यी निवेदकहरूमध्ये श्रीकृष्ण श्रेष्ठको मिति २०७१।४।२४ गते दुःखद् निधन भइसकेको भनी निवेदक श्रीकृष्ण श्रेष्ठकी श्रीमतीले मुद्दा सकार गरिपाउँ भनी निवेदन पेस भई मुद्दा सकार भएको र देवानी दायित्वको विषयमा मुद्दा सकार भइसकेकोले निवेदकहरूलाई नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०६७ को नियम ३५ ले गरेको कानूनी व्यवस्थाबमोजिम बढुवासम्बन्धी विशेष व्यवस्था गरेको देखिन आएन। विपक्षी नेपाल प्रज्ञा प्रतिष्ठानले आफ्नै नियमावलीमा भएको उक्त कानूनी व्यवस्थाबमोजिम अविच्छिन्न रूपमा समान श्रेणीको विभिन्न पदमा रही १८ वर्षभन्दा बढी समयदेखि नै कार्यरत यी निवेदकहरूलाई एक श्रेणीमाथिको पदमा बढुवा गरेको देखिन नआउने।

अतः यी निवेदकहरूलाई नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०६७ को नियम ३५ को व्यवस्था आकर्षित हुने नै देखिँदा निवेदकहरूलाई एक तहमाथि अधिकृत स्तरमा बढुवा गर्न गराउन भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ईश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

१६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-WO-००४९, परमादेश, *भारती उपाध्यायसमेत वि. नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंसमेत*

निवेदिकाहरू २०५२ सालमा रा.प.अनं. प्रथम (क) श्रेणीमा बढुवा भई सोही श्रेणीको माथिल्लो पदमा कार्यरत रही प्रस्तुत रिट निवेदन दर्ता हुँदाका समयमा निवेदिकाहरूको उमेरका हदले अवकाश हुने समय १ महिनाभन्दा कम रहन गएको देखिन आयो । यसरी १ महिनाभन्दा कम अवधी बाँकी रहँदासमेत नेपाल प्रज्ञा प्रतिष्ठानले कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०६७ को नियम ३७(१) बमोजिम यी निवेदिकाहरूको हकमा कुनै निकास नदिई निवेदिकाहरू अवकाश भएको देखिने।

अवकाश प्राप्त भएका निवेदिका भारती उपाध्यायसमेत जम्मा ३ को हकमा अवकाश प्राप्त भएपछि कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०६७ को नियम ३७(१) आकर्षित गर्न मिल्ने नमिल्ने सम्बन्धमा नेपाल प्रज्ञा प्रतिष्ठानले उपयुक्त निकास दिएको देखिएन । उक्त नियम ३७ को व्यवस्थाले यी निवेदिकाहरूलाई अवकाश प्राप्त हुनुभन्दा १ महिनाका अघि एक तह बढुवा गर्नु पर्नेमा विवाद नदेखिएकाले अवकाश भएका यी निवेदिकाहरूलगायतका कर्मचारीहरूको हकमा एक तह बढुवाको व्यवस्था गर्न गराउन भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ईश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

१७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०३९८, उत्प्रेषण / परमादेश, *जैनूल आवदिन साई वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत*

विपक्षी रूकसाना साईलाई निवेदकले कुटपिटजन्य कार्य गरेको कारण रूकसाना अंश लिई छुट्टै बस्न बाध्य हुनु परेको छ । अंश मुद्दा दर्ता हुनुभन्दा अगाडि लेनदेन मुद्दा दर्ता भएको छैन । विपक्षी रूकसानाले अंश मुद्दा दर्ता गरेपछि उक्त अंश हकलाई घुमाउरो पाराले प्रभावित गर्ने उद्देश्यले आपसी सहमतिमा खडा हुनसक्ने कपाली तमसुक खडा गरी लेनदेनको फिराद परेको अवस्था छ । लेनदेन भएको भनिएको लिखतमा विपक्षी निवेदिकाको सहमति रहेको देखिँदैन । परिवारका अन्य सदस्यको मन्जुरी नभएका आपसी सहमतिमा खडा हुने लेनदेनको लिखतबमोजिम तिर्नु बुझाउनु पर्ने दायित्व सम्बन्धित कर्जा लिने व्यक्तिमाथि रहने।

पुनरावेदन अदालतको आदेशानुसार अंश मुद्दाको फैसला कार्यान्वयन सम्पन्न भई विपक्षी रूकसानाले अंश प्राप्त गरिसकेको भन्ने विपक्षी निवेदिकाको लिखित जवाफबाट देखिन आउँछ। आधार प्रमाणबेगर निवेदक र विपक्षी रूकसाना सगोलमा रहेको अनुमान गरी विपक्षी रूकसाना साईले अंश पाउनु पर्ने सम्पत्तिसमेतबाट बिगो भराउने भनी बाँके जिल्ला अदालतबाट मिति २०६९।१२।१५ मा भएको आदेश बदर गरी कानूनबमोजिम बन्डा छुट्टयाई बिगो भराउनेतर्फ कारबाही गर्नु भनी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७०।४।३१ मा भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नपाइने।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट विपक्षी रूकसाना साईले अंश मुद्दाबाट प्राप्त हकलाई असर पर्ने गरी वादी आजाद हुसेन प्रतिवादी निवेदक भएको लिखतको दायित्व विपक्षी रूकसाना साईले बहन गर्नुपर्ने अवस्था नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ ८ गते रोज ५ शुभम् ।

१८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०३८०, उत्प्रेषण / परमादेश, *रविराज श्रेष्ठ वि. नेपाल सरकार, मन्त्रिपरिषद्, सिंहदरबार, काठमाडौंसमेत*

आफ्नो कार्य समयमा सुरक्षालगायत विमानस्थलमा हुने चोरी निकासी पैठारीलगायतका कार्यको नियन्त्रण गर्ने जिम्मेवारी रहेका यी निवेदकको कार्यालय, समयमा अवैध रूपमा ओसारपसार गर्न लागिएको विदेशी मुद्रा बरामद भएको कार्यउपर यी निवेदकलाई समेत प्रतिवादी बनाई राजस्व अनुसन्धान विभागबाट मुद्दा दायर भएको सोही विषयलाई लिएर पद अनुकूलको आचरण नगरेको अभियोगमा सेवाबाट वरखास्त गर्दा निजउपर दायर भएको कसुर स्थापित भए मात्र पदअनुकूलको आचरण नगरेको भनी प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) को प्रावधान स्थापित हुने भई निवेदकलाई गरिएको कार्यले वैधानिकता प्राप्त गर्ने ।

निवेदकउपर लगाइएको आरोपउपर काठमाडौं जिल्ला अदालत र उच्च अदालत, पाटनबाट विदेशी मुद्रा अवैध निकासी मुद्दामा कसुर स्थापित नभई यी निवेदकले सफाइ पाउने ठहरी फैसला भएको परिप्रेक्ष्यमा सोही विदेशी मुद्रा अवैध निकासी सम्बन्धमा संलग्न रहेको भन्ने छानबिन समितिको प्रतिवेदनलाई आधार लिई यी निवेदकबाट पेस भएका स्पष्टिकरण चित्तबुझ्दो नभएको उल्लेख गरी भविष्यमा सरकारी नोकरीको निम्ति अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी गरेको निर्णय पूर्वाग्रहयुक्त र यसै अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिन आउने ।

निवेदकलाई जुन आरोपमा सजायको प्रस्ताव गरिएको हो सो आरोप अवैध विदेशी मुद्रा ओसारपसार मुद्दामा उच्च अदालत, पाटनसमेतबाट मिति २०७३।११।२४ मा फैसला भई सफाइ पाएको देखिएकाले निवेदकलाई जुन आरोप लगाइएको हो सो आरोपबाट सफाइ पाएको अवस्थामा यी निवेदक आफ्नो पदमा बहाल रहन सक्ने अवधि मिति २०७२।७।२२ सम्मको कानूनबमोजिमको तलब भत्तालगायतका अन्य सुविधा रिट निवेदकले प्राप्त गर्ने नै हुन्छ । त्यसकारण निवेदकउपर विदेशी मुद्रा अवैध ओसारपसार मुद्दामा कारवाही चलेको कारण जति दिन निज आफ्नो पदमा हाजिर हुन नसकेको हो सो अवधिको कानूनबमोजिमको भत्ताबाहेकको तलब र निवृत्तिभरणसमेतबाट वञ्चित गर्न कानूनप्रतिकूल हुन जाने देखिँदा निजको प्रहरी वरिष्ठ उपरीक्षक पदको मिति २०७२।७।२२ सम्मको तलब र सोपश्चात् निवृत्तिभरणसमेत दिलाइ दिन मनासिब देखिने ।

उपर्युक्त आधारबाट यी निवेदकउपर विदेशी मुद्रा अवैध ओसारपसार सम्बन्धको आरोपमा छानबिन गर्न गठित समितिको प्रतिवेदनको आधारमा यी निवेदकलाई भविष्यमा सरकारी नोकरीको निम्ति अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय उपर्युक्त विवेचित आधारबाट कानूनअनुरूप भएको नदेखिए पनि यी निवेदक प्रहरी वरिष्ठ उपरिक्षक पदमा नियुक्त भएको मितिले प्रहरी वरिष्ठ उपरिक्षकको पदावधि ६ वर्षको रहने प्रहरी नियमावली, २०४९ को परिच्छेद १० नियम ९८(२)(ग) बमोजिम निजको ६ वर्षको अवधि २०७२।७।२२ मा समाप्त भइसकेको

परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको रोहबाट पुनस्थापित भई पदवहाली हुनसक्ने अवस्था नदेखिई पुनर्बहाली तर्फको रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

रिट निवेदन खारेज हुने ठहर भए पनि माथि उल्लेख भएबमोजिम रिट निवेदकले तलब एवम् निवृत्तिभरणलगायतका कानूनबमोजिम प्राप्त गर्ने सुविधामा कुनै असर नपर्ने भएकाले निज अवकाश हुने मितिसम्मको तलब निवृतिभरणलगायतका कानूनबमोजिम प्राप्त गर्ने सुविधा दिनु दिलाउनु भनी आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: विकेश गुरागाई

ईति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

१९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९४५ र ०७०-CR-००६८, कर्तव्य ज्यान, *कर्णबहादुर पार्की वि. नेपाल सरकार, र सिद्धबहादुर साउद वि. नेपाल सरकार*

घटनास्थल मुचुल्का र प्रहरीमा कागज गर्ने व्यक्तिहरूको अदालतसमक्षको बकपत्र एवम् लासजाँच मुचुल्का, शव परीक्षण, वारदातको प्रकृति एवम् वारदातमा प्रयोग भएको ढुंगाहरू बरामद भई सनाखतसमेत भएको तथ्यगत अवस्थाबाट मृतक फणेन्द्र भण्डारी, सिद्धबहादुर साउद र कर्णबहादुर पार्की वारदात मितिमा सिंजाली होटल हुँदै भागेश्वर होटलमा गई रक्सी मासु खाएको, मोबाइलको विषयमा प्रतिवादी सिद्धबहादुर र मृतकबीच विवाद भएको, भागेश्वर होटलका सञ्चालक बालकृष्ण बोहराको होटलबाट तीनै जना राति ९.०० बजे बाहिर सडकमा निस्किई सँगै गई सोही राति मृतकलाई कर्णबहादुर पार्की र सिद्धबहादुर साउदसमेत मिली हात लात्तीले हानी भुईंमा लडाई ढुंगासमेत प्रहार गरेको भन्ने पुनरावेदक प्रतिवादीहरूको कथनसमेतका कागज प्रमाणबाट पुनरावेदक प्रतिवादीहरूको कर्तव्यबाट फणेन्द्र भण्डारीको मृत्यु भएको तथ्य मालाकार रूपमा पुष्टि हुन आउने।

पुनरावेदक प्रतिवादीहरूको कर्तव्यबाट फणेन्द्र भण्डारीको मृत्यु भएको तथ्यलाई Severe Head Injury, Brain injury probably due to sharp cutting weapon भन्ने मृतकको पोस्टमार्टम रिपोर्ट र टाउकोमा धारिलो हतियारको प्रहार भई मृतकको बायाँतिरको कान र खप्परको भाग नभएको भन्ने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कासमेतका कागजबाट पुष्टि गरेको पाइन्छ। मृतकलाई प्रहार गरेको ढुंगाहरू बरामद भई प्रतिवादीमध्येका कर्णबहादुर पार्कीले अदालतमा सनाखत गरेको देखिन्छ। यसरी मिसिल संलग्न घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, घटना विवरण कागजसमेतबाट मृतक र पुनरावेदक प्रतिवादीहरू बीच मोवाइलको विषयमा विवाद भएको र सोहि कारणबाट मृतकको मृत्यु हुन गएको तथ्य सिलसिलेवार रूपमा पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उल्लिखित तथ्य र प्रमाणहरू समेतबाट प्रतिवादी सिद्धबहादुर साउद र कालुदेव भन्ने कर्णबहादुर पार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरी सुरू अदालतले गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०६९।८।२४ मा भएको फैसला अन्यथा नभई मिलेको देखिन आउने।

रक्सी सेवन गर्दै जाँदा मृतक र प्रतिवादीहरू समेत रक्सीले मात्तिएको अवस्थामा मौकामा नै मोबाइल फोनको सम्बन्धमा उठेको विवादको जरियाबाट वारदातको सिर्जना भएको देखिन्छ। मिसिल संलग्न प्रमाणहरूबाट मृतकलाई मार्नुपर्ने

पूर्वयोजना र तयारी रहेको भन्नेसमेत देखिँदैन। नसाको सुरमा मौकामा उठेको विवादबाट हातपात हुँदै साधारण लाठा ढुंगाको प्रहारबाट मृतक फणेन्द्र भण्डारीको मृत्यु भएको अवस्था देखिएकोले पुनरावेदक प्रतिवादीहरू सिद्धबहादुर साउद र कर्णबहादर पार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुदाँ मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय गर्न मनासिब देखिएकाले पुनरावेदक प्रतिवादीहरू सिद्धबहादुर साउद र कर्णबहादर पार्कीलाई जनही १२(बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृत:- दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख २४ गते रोज ६ शुभम्।

२०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०७०-CR-१००८ र ०७०-CR-१००९, लागु औषध सेतो हेरोइन भनी अन्य पदार्थको कारोबार, *एकनारायण पौडेल वि. नेपाल सरकार, अरूण श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीसमेत उपर मिति २०६६।८।२४ को बरामदी मुचुल्काअनुसार बरामद भएको उक्त वस्तु लागु औषध सेतो हेरोइन भनी विश्वासमा पारी अन्य पदार्थको कारोबार गरेको भन्ने अभियोगदाबी रहेको र मिसिल संलग्न रहेको बरामदी मुचुल्का, प्रतिवादीहरूको मौकाको बयानसमेतबाट लागु औषध भनी ल्याएको वस्तु नै बरामद भएकोले पुनरावेदक प्रतिवादीहरू समेतले लागु औषध सेतो हेरोइन भनी सञ्चय गरी राखी विश्वासमा पारी अन्य पदार्थको कारोबार गरेको भन्ने देखिन आयो। यसरी उक्त वस्तु नवलपरासीबाट काठमाडौं ल्याई चावहिल स्थित प्रतिवादीमध्येको मीला भण्डारीको मिलाज व्युटिपार्लरमा सञ्चय गरी राखेको र सञ्चय गरेको उक्त पदार्थ लागु औषध सेतो हेरोइन हो भन्ने विश्वासमा पारी बेचबिखन गर्ने भनी मूल्य निर्धारण गरी प्राप्त मूल्य रकम बाँडफाँड गर्ने गरी पुनरावेदक प्रतिवादीहरू समेत उक्त बरामद भएको वस्तुको कारोबारमा संलग्न रहेको पुष्टि भएको हुँदा पुनरावेदक प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ क. अनुसार सजाय गरेको पुनरावेदन अदालतको इन्साफ मनासिब देखिने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् आधार र प्रमाणहरू समेतबाट सुरू काठमाडौं जिल्ला अदालतले पुनरावेदक प्रतिवादीहरू मुक्ति भन्ने एकनारायण पौडेल र अरूण श्रेष्ठलाई अभियोग दाबीअनुसारको कसुर अपराधमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(६)(३) अनुसार हुने सजायमा ऐ. दफा १७क. अनुसार जनही ७ वर्ष ६ महिना कैद र रू. २,५०,०००।- जरिवाना हुने ठहर गरेको फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल वैशाख २३ गते रोज ५ शुभम्।

२१

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०६८-CR-१३१५, कर्तव्य ज्यान, *कमल पुर्जा वि. नेपाल सरकार*

प्रतिवादी अदालतमा मुद्दा चल्दाको अवस्थामा मानसिक रोगले ग्रस्त रहेको देखिए पनि वारदात हुँदाको अवस्थामा वारदातको प्रकृति र परिणाम थाहा नपाउने गरी मानसिक रूपले अस्वस्थ भएको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित हुन नसकेको अवस्थामा अभियोग दाबीअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिलेन। मानसिक रूपले ग्रस्त भएको अवस्थामा

अपराध हुन गएकोले सो फैसला उल्टी गरी सजायबाट उन्मुक्ति पाउँ भन्ने पुनरावेदक प्रतिवादी कमल पुर्जाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतक सिम्रन ११ महिनाकी यी प्रतिवादीको नाबालक छोरी देखिएको, निजले यी प्रतिवादीलाई कुनै हानि नोक्सानी पुऱ्याउने कार्यसमेत गरेको देखिँदैन। मृतकले आफूउपर भएको आक्रमणको प्रतिरोधसमेत गर्न नसक्ने अवस्थाको देखिएको छ। प्रतिवादीले आफू बच्नको लागि रोइरहेकी नाबालक छोरीलाई कर्तव्य गरी मारेको र हत्या गरेपश्चात् लासलाई जंगलमा लुकाएको देखिन्छ। यसरी आफूले हेरचाह गर्ने, रक्षा गर्नुपर्ने अबोध बालिकालाई धारिलो हतियार प्रहार गरी मारेको देखिएको, अपराध गरिसकेपश्चात् सो कार्यलाई लुकाउने उद्देश्यले लासलाई जंगलमा लगी स्याउला र कपडाले छोपी फालेको देखिएकोले निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम डेढ वर्ष (एक वर्ष ६ महिना) कैद सजाय हुने जिल्ला अदालतबाट व्यक्त रायसँग सहमत नभई सर्वस्वसहित जन्मकैद गरेको पुनरावेदन अदालतको फैसला कानूनसङ्गत रहेको देखिने।

अतः उल्लिखित तथ्य, प्रमाण एवम् विवेचनाबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी मुलुकी ऐन, अ.व. १८८ नं. बमोजिम डेढ वर्ष (एक वर्ष ६ महिना) कैद सजाय हुने भनी म्याग्दी जिल्ला अदालतले व्यक्त गरेको रायसँग सहमत नभई प्रतिवादी कमल पुर्जालाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल वैशाख १३ गते रोज २ शुभम्।

२२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०६९-CR-०११७, ०६९-CR-०३०८, ०६९-CR-०४७५, ०७०-CR-५५३, ०७१-CR-०६८९, अपहरण तथा शरीर बन्धक, *राजु लामा वि. नेपाल सरकार, कृष्ण छारा राई वि. नेपाल सरकार, नेपाल सरकार वि. सिद्धार्थ लामासमेत, हेमबहादुर थापा मगर वि. नेपाल सरकार र सिद्धार्थ लामा वि. नेपाल सरकार*

कसैले अपराध गरेको अदालतबाट ठहर भइसकेपछि अपराधको गाम्भीर्य र अपराधमा निजको दोषीभागिताको आधारमा सजाय गर्नुपर्ने दण्डशास्त्रीय मान्यता रहेको छ। कुनै आपराधिक कार्यमा एक जनाभन्दा बढी व्यक्तिहरूको संलग्नता रहेको देखिएको अवस्थामा प्रत्येक व्यक्तिले गरेको कार्यको लागि मात्र सजाय गर्नु उपयुक्त हुने देखिन्छ। गोश्वारा रूपमा सबैलाई बराबर सजाय गर्दा न्यायसङ्गत हुने नदेखिने।

प्रतिवादीहरू सिद्धार्थ लामा र कृष्ण छारा राई वारदातस्थलमा गई धनमाल डाँका गर्नेलगायत अपहरणमा समेत सरिक रहेको, प्रतिवादी हेमबहादुर थापामगर अपहरण गरी ल्याइएकी पीडितलाई बन्धक बनाउने कार्यमा संलग्न रहेको देखिन्छ। यसरी प्रतिवादीहरूको वारदातमा रहेको संलग्नताको आधारमा निजहरूलाई सजाय हुने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई परिवर्तन गरिरहनुपर्ने देखिन नआउने।

तसर्थ, उलिखित आधार कारणबाट घटनामा प्रतिवादीहरूको संलग्नताको आधारमा प्रतिवादीहरूमध्येका सिद्धार्थ लामा र कृष्ण छारा राईलाई मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिनेको ३ नं.ले १३ वर्ष कैद र रू. १,७५,०००।– जरिवाना, दुई वा सोभन्दा बढी व्यक्ति मिली अपहरण

गरेकोले ऐ.को ७ नं. ले थप २ वर्ष कैद र पीडित महिला भएकोले ऐ. को ९ नं. बमोजिम थप २ वर्ष कैद र डाँकातर्फ मुलुकी ऐन, चोरीको महलको १४(४) नं. ले ६ वर्ष कैद र बिगो रू. १६,३२,३६०।– को डेढी रू. २४,४८,५४०।– जरिवाना, प्रतिवादी हेमबहादुर थापा मगरलाई मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिनेको महलको ३ नं.ले १३ वर्ष कैद र रू. १,७५,०००।– जरिवाना र ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद र प्रतिवादी राजु लामालाई ऐ.को ३ नं. बमोजिम १३ वर्ष कैद र रू. १,७५,०००।– जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल वैशाख १३ गते रोज २ शुभम् ।

२३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-१२१९ र ०७१-CR-१६१२, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. सुशिलकुमार श्रेष्ठ, सुशिलकुमार श्रेष्ठ वि. नेपाल सरकार*

बरामदी मुचुल्का हेर्दा प्रतिवादी सुरेन्द्र थापाले लगाएको सर्टको अगाडिपट्टिको दाहिने खल्तीभित्र खुल्ला अवस्थामा ८ पुरिया लागु औषध (७ ग्राम ८० मिलिग्राम) निज प्रतिवादीहरूको रोहबरमा बरामद भएको देखिन्छ । उक्त बरामदी मुचुल्कालाई प्रतिवादीहरूले अन्यथा भएको भनी वस्तुनिष्ठ प्रमाणबाट खण्डन गरेको पाइएन । बरामदी मुचुल्कालाई समर्थन हुने गरी प्रतिवेदकहरूले बकपत्र गरेको देखिएबाट लागु औषधको मात्रा र लागु औषध बरामद भएको तथ्य स्थापित हुन आउने ।

पुनरावेदक प्रतिवादी सुशिलकुमार श्रेष्ठले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे पनि अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा दुवैजनाको सल्लाहबमोजिम आधाआधा बाँडी खाने र बिक्री गर्न भनी सुनौलीबाट खरिद गरी ल्याएकोमा साबित रहेका छन् । मिसिल संलग्न बरामदी मुचुल्काबाट निजसमेतको संलग्नता पुष्टि भइरहेको देखिन्छ । बरामदीको अवस्थामा तत्काल सोधपुछ गर्दा निजसमेतले दायित्व स्वीकारेको र सोहीबमोजिम अधिकार प्राप्त अधिकारीसमक्ष बिक्री गर्ने स्थानसमेत उल्लेख गरी कसुरमा साबित रही बयान गरेबाट सो मौकाको बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) बमोजिम अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक प्रमाण ग्राहय हुने नै हुँदा निजलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ)(ङ)(च) को कसुरमा दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू. १०,०००।- जरिवाना गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

प्रतिवादी सुरेन्द्र थापाउपर प्रकाश चन्द्र गुप्ताको प्रतिवेदनले वादी नेपाल सरकार भई चलेको लागु औषध ब्राउन सुगर मुद्दा मिति २०६९।३।१७ मा फैसला हुँदा निज कसुरदार ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको वारदात मिति २०६९।१२।१२ पूर्व नै कसुरदार ठहरी फैसला भएको स्थितिमा निज प्रतिवादी सुरेन्द्र थापालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू १०,०००।- जरिवाना हुने तथा ऐ. ऐनको दफा १६ बमोजिम थप १ वर्ष कैद र रू २५,०००।- जरिवाना हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिने ।

वारदात मिति २०६९।१२।१२ मा कायम भएकोमा निज विरूद्ध स.फौ.नं. २७४।११४ को लागु औषध मुद्दा मिति २०६९।११।१९ मा दायर भएको भन्ने देखिन्छ । प्रस्तुत मुद्दाको अभियोग दर्ता हुनुपूर्व

निज कसुरदार ठहरी फैसला भएको भन्ने देखिँदैन । कसुर निर्धारण भइनसकेको यस्तो अवस्थामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर कानूनसङ्गत देखिन नआउने ।

अतः प्रतिवादी सुरेन्द्र थापालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू १०,०००।- जरिवाना तथा ऐ. ऐनको दफा १६ बमोजिम थप जनही १ वर्ष कैद र रू २५,०००।- जरिवाना हुने र पुनरावेदक प्रतिवादी सुशिलकुमार श्रेष्ठको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप १ वर्ष कैद र रू. २५,०००।- जरिवाना हुने ठहर्‍याएको हदसम्म सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७०।१२।१३ को फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी सुशिलकुमार श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू. १०,०००।- जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।९।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असार २३ गते रोज ६ शुभम् ।

## इजलास नं. १

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-१०६८, हक कायम, *रविन्द्रराज वैद्य वि. नरबहादुर बस्नेत*

वादी दाबीको काठमाडौं जिल्ला भगवानस्थान वडा नं. १(ख) कि.नं. १२३ को क्षेत्रफल १-३-० जग्गाको फिल्डबुक उतार हेर्दा किसानको बेहोरामा शंकरदास वैद्य जोताहाको बेहोरामा नरबहादुर क्षेत्री उल्लेख भएकोमा विवाद देखिँदैन । उक्त जग्गा विर्तावालले हालसम्म रै.प. गरी नलिएको भनी जोताहा मोही नरबहादुरले दाबी गरी निवेदन दिएपश्चात् सो जग्गामा हककायमतर्फ विवाद सिर्जना भएको देखिन्छ । उक्त कि.नं. १२३ को जग्गाको जग्गाधनी शंकरदास तथा निजको हकवालाले उक्त जग्गा निर्धारित समयमा नै रैकर परिणत गराई लिएको प्रमाण कागजबाट देखिन आएन । प्रतिवादी रविन्द्र वैद्यका पिता बलरामपालको नामको मौजा चावहिल हा.नं. ३९९ लगतको तिरो तिरेको रसिद भएकोले सोबाट भिड्ने कि.नं. १२३ को जग्गा रैकर परिणत भएको मान्नुपर्ने भन्ने प्रतिवादी पक्षको जिकिर रहेको पाइन्छ । तर उक्त हा.नं. ३९९ को लगतसँग कि.नं. १२३ भिड्ने कुनै आधार प्रमाण देखिन नआएकोले उक्त लगतको तिरो तिरेको भन्ने दाबीबाट कि.नं. १२३ को जग्गा रैकरमा परिणत भएको मान्न सकिने अवस्थासमेत नदेखिने ।

२०४९ आषाढ मसान्तसम्म जग्गाधनीले जग्गा रैकरमा परिणत गर्न नसकेको अवस्थामा मोहीले प्रमाण पेस गरी रैकरमा दर्ता गराइलिन सक्ने देखिन्छ । यस्तो अवस्थामा मोही लागेको जग्गा समयमा नै जग्गाधनीले विर्ता परिणत गराई दर्ता गराउन लिन नसकेकोमा मोहीको हैसियतले विर्ता जग्गालाई रैकरमा परिणत गराई लिएको निर्णय र सोही आधारमा नरबहादुर बस्नेतका नाममा भएका दर्तालाई बदर गर्ने आधार देखिएन । साथै फिल्डबुकमा दाबीको जग्गा रैकर वा गुठी भन्ने उल्लेख नभएबाट दाबीको जग्गा विर्ता जग्गा हो भन्ने मान्नुपर्ने देखिने ।

अतः माथि विवेचित आधार एवम् प्रमाणहरूबाट वादी दाबीको कि.नं. १२३ को जग्गा वादी मोही नरबहादुर बस्नेतका नाउँमा मोहीको हैसियतले हक कायम हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको

पुनरावेदन अदालत, पाटनको मिति २०६४।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६६-CI-१०६९, हक कायम, *रविन्द्रराज वैद्य वि. नरबहादुर बस्नेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-११४४, जबरजस्ती करणी, *नेपाल सरकार वि. गिरमान आलेमगर*

प्रमाण ऐन, २०३१ को दफा २५ मा प्रमाणको भार वादीमा रहने व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा प्रतिवादीले कसुर गरेको हो भन्ने कुरामा वादीबाट कुनै ठोस र तथ्ययुक्त प्रमाण पेस हुनसकेको छैन। प्रतिवादीले अनुसन्धान र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको स्थितिमा निजलाई कसुरदार ठहऱ्याउन मिल्दैन। यसरी वादीको अभियोग तथ्ययुक्त प्रमाणले पुष्टि नभएसम्म केवल अनुमानको आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहऱ्याउन मिल्ने स्थिति नरहने।

पीडित भनिएकी बालिकाको शरीरमा त्यस्तो कुनै पनि निलडाम भएको नदेखिएको, वारदात भएको भनिएको भोलिपल्टै अर्थात् २४ घन्टाभित्र नै जाहेरवालीले पीडितलाई प्रसुती गृहमा लगेको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणी नभएको भनी देखिएको र सो कुरालाई खण्डन गर्ने कुनै पनि प्रमाण वादी पक्षबाट गुजार्न सकेको नदेखिएको अवस्थामा पीडित भनिएकी बालिकालाई जबरजस्ती करणी गरेको हो भन्ने कुनै तथ्ययुक्त प्रमाणले पुष्टि हुन आएको नदेखिने।

तसर्थ प्रतिवादीको अनुसन्धान र अदालतमा भएको इन्कारी बयान, पीडित भनिएकी बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन, स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको अदालतमा भएको बकपत्रसमेतको आधारमा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।१।६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१२८६ र ०७३-RC-००७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमन राई र नेपाल सरकार वि. कमला रैता मगर*

प्रतिवादी कमला रैता मगरको प्रतिवादी सुमन राईसँग भएको अवैध गर्भको बच्चा मिति २०६९।२।१ गते राति २ बजेतिर बेथाले च्यापेकाले घटनास्थलमा गई बच्ची जन्मेपछि गाउँलेले थाहा नपाउने गरी जीवितै फाली कर्तव्यबाट मृत्यु भएको हो भन्ने बेहोरा अनुसन्धानको क्रममा लेखाएको देखिएको र सोही बेहोरासँग मेल खाने गरी प्रतिवादी शिव भन्ने सुमन राईले अदालतको बयानमा कमला र आफूबीच यौन सम्पर्क भएको तर बच्चा जन्मेर हत्या गरेको भन्नेबारेमा आफूलाई केही थाहा नभएको भनी कमला र निजबीच अवैध सम्बन्ध भएको कुरा स्वीकार गरी बयान गरेको देखिँदा प्रतिवादी कमला रैतामगरले परपुरूषसँग भएको अवैध गर्भबाट जन्मेको बच्चा समाज र लोकलाजबाट बच्न जङ्गलमा फाली मारेको कुरा हैन भन्न मिल्ने नदेखिने।

प्रतिवादी कमलाको परपुरूषसँगको सम्पर्कबाट गर्भ रहन गएको र लोक लाजबाट बच्न निजले जन्मेको शिशुलाई खाल्डोमा पुरी मारेको भन्ने देखिन आउँछ। मरेको अवस्थामा शिशुको जन्म भएको भए यी प्रतिवादीले पति घरमा नभएको अवस्थामा गाउँ समाजको सहयोग लिई आफ्नो धार्मिक विधि र चलनअनुसार दाहसंस्कार गर्नुपर्नेमा कसैलाई थाहा जानकारी नै नदिई एकान्तस्थलमा जन्माई शिशुलाई खाल्डोमा पुरी घरमा आएको भन्ने देखिन आउँछ। उक्त आधार र कारणलाई विचार गरी निजलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिबै देखिने।

प्रतिवादी शिव भन्ने सुमन राईले प्रतिवादी कमलासँग राखेको शारीरिक सम्पर्कबाट गर्भ रहन गई बच्चा जन्मिएको भनी बयान गरेको भए पनि जन्मेको शिशुलाई मारी वा खाल्डोमा पुरी मार्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने देखिन आउँदैन । अर्का प्रतिवादी कमलाले समेत जन्मेको शिशुलाई खाल्डोमा राखी पुर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको छ भनी खुलाएकोसमेत देखिँदैन। वादीले समेत यी प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित तवरले ठोस सबुद प्रमाण पेस गरी पुष्टि गराउन सकेको देखिँदैन। यस्तो अवस्थामा केवल अनुमान र शङ्काको आधारमा मात्र प्रतिवादी शिव भन्ने सुमन राईलाई कसुर ठहर गर्न नमिलि सफाइ दिने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिबै देखिन आउने।

प्रतिवादी कमला रैता मगरका पति रोजगारको सिलसिलामा विदेश गएको अवस्थामा परपुरूषसँगको शारीरिक सम्पर्कबाट गर्भ रहन गएको भन्ने देखिएको अवस्थामा प्रस्तुत वारदातमा इवी अदावतसहितको सुनियोजित हत्या भएको नदेखिएको, परपुरूषसंगको यौन सम्बन्धबाट गर्भ रहन गएकोमा सामाजिक लाञ्छानाबाट वच्न जन्मेको बालक जिउँदै फालेको भन्ने देखिएको स्थिति रहेको छ । समाजको महिला र पुरूषलाई हेर्ने भिन्न दृष्टिकोण, गाउँ समाज, आफन्त एवम् परिवारसमेतको लोक लाजबाट बच्न यी प्रतिवादीले नवजात शिशुलाई खाल्डोमा पुरेको, गर्भधारण गराउने पुरूषले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने, गर्भधारण गर्ने महिलाले भने आपराधिक दायित्व बहन गर्नुपर्ने अवस्थासमेतका आधार र कारणबाट प्रतिवादी कमला रैता मगरलाई ठहर भएको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्ने देखिई ३ वर्ष कैद सजाय गर्दा ऐनको मकसद पूरा हुने नै हुँदा प्रतिवादी कमला रैता मगरलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम तीन(३) वर्ष कैद सजाय हुने गरी सुरू मोरङ जिल्ला अदालतले व्यक्त गरेको राय सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिने।

अत: उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी शिव भन्ने सुमन राईले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी कमला रैता मगरले अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०६९।६।१० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।३।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रतिवादीलाई भएको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निजलाई ३(तीन) वर्ष मात्र कैद सजाय हुँदा ऐनको मकसद पूरा हुने नै देखिएकोले प्रतिवादी कमला रैता मगरलाई मुलुकी ऐन, अ.व. १८८ नं. बमोजिम राय लगाई ३(तीन) वर्ष कैद

सजाय हुने गरिएको पुनरावेदन अदालत, विराटनगरको रायसमेत मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): शकुन्तला कार्की

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०३५०, उत्प्रेषण / परमादेश, *पार्वती थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

सेवा प्रवेश गरेपछि सेवा निवृत्त नहुँदासम्म ऐन, नियमअनुसार बढुवाको माध्यममार्फत् वृत्ति विकास खोज्नु जोसुकै राष्ट्रसेवकको वैद्य अपेक्षा (Legitimate Expectation) हो । वैद्य अपेक्षामा म नै आकांक्षी पदमा बढुवा हुनुपर्दछ भन्ने नभए पनि आफू बढुवा नहुनुको आधार र कारण सम्बन्धित निर्णय खुलेको हुनुपर्ने ।

प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त रहेको र निवेदिकाको केही दिन सेवा अवधि बाँकी रहेको अवस्थामा पनि निवेदिकालाई दाबीको पदमा बढुवा गर्नसक्ने अवस्था रहँदारहँदै पनि निवेदिकाको बढुवा नभई मिति २०७०।८।११ देखि साबिकको प्रहरी नायव महानिरीक्षक पदबाट ५ वर्षे सेवा हदको कारण सेवा निवृत्त भएको देखिन्छ । साथै आज प्रस्तुत रिट निवेदनको सुनुवाइ हुँदाको अवस्थामा विपक्षी उपेन्द्रकान्त अर्याल पनि सेवा निवृत्त भएको देखिन्छ । यस अवस्थामा निवेदन दाबीको उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्य र सन्दर्भमा समेत यस विवादको औचित्यतर्फ हेरिरहनु नपर्ने ।

निवेदिका मिति २०७०।८।११ देखि सेवाहदको कारण सेवा निवृत्त भएको देखिँदा निवेदिकाको निवेदन जिकिरअनुसार प्रहरी नियमावली, २०४९ को नियम २७ को उपनियम (२) को कानूनी व्यवस्थाअनुसार नेपाल सरकारको विपक्षी उपेन्द्रकान्त अर्याललाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने मिति २०७०।७।१४ को निर्णय परीक्षण गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

प्रचलित प्रहरी नियमावली, २०४९ को नियम २७ को उपनियम (२) मा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट (१) कार्य सम्पादन गर्न सक्ने क्षमता र (२) उत्तरदायित्व बहन गर्नसक्ने खुबीको आधारमा नेपाल सरकारले उपयुक्त उम्मेदवारलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ भन्ने व्यवस्था भएअनुसार प्रहरी नायव महानिरीक्षकबाट प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नेपाल सरकारले गर्ने हो । तर नेपाल सरकारले अधिकारको प्रयोग गरी गरेको निर्णयमा के कुन कारणले बढुवा हुने उम्मेदवार उपयुक्त हो भन्ने कुराको विद्यमानता वाञ्छनीय हुन्छ । आधार र कारण नखुलाई "उपयुक्त देखिएको" भन्ने कुराको आडमा निर्णय गर्दा अन्य आकांक्षी उम्मेदवारको हकमा अन्याय हुन जाने ।

"उपयुक्त देखिएको" भन्नुको तात्पर्य वस्तुतः आधार र कारणबाट निर्णय भएको भन्ने हो । कुनै आधार र कारण नखुलाई "उपयुक्त देखेको" भन्ने कुरामा पारदर्शिता पनि चाहिने ।

सरकारको मनोमानी निर्णय बेलाबखत विवादित बनेका छन् । त्यस्ता विवादित निर्णयलाई यस अदालतले कानून र न्यायको रोहमा विवेचना गरी त्रुटिपूर्ण देखिएका निर्णय बदर गर्ने र उपचार प्रदान गर्ने गरेको छ । त्यस्ता त्रुटिपूर्ण निर्णय बदर हुने कुरालाई यस अदालतले (Error of law and fact on the face of Record) को संज्ञा दिएको पृष्ठभूमिलाई दृष्टिगत गर्दा नेपाल सरकारले यस प्रकृतिका पदहरूमा बढुवाको निर्णय गर्दा नियमावलीले Require गरेका कानूनी व्यवस्थाका अतिरिक्त पारदर्शिताको आधारमा निर्णय गर्दा उपयुक्त हुने देखिएकोले सोबमोजिम पारदर्शी निर्णय गर्न गराउनको लागि न्यायिक टिप्पणी

गरिदिएको ।

इजलास अधिकृतः भीमबहादुर निरौला,
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०३८२, कर्तव्य ज्यान, *रूपबहादुर घर्तीसमेत वि. नेपाल सरकार*

लास जाँच मुचुल्कामा Cause of Death Extra Dural Hematoma भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु प्रतिवादीहरूको कुटपिटको कारणबाट भएको भन्ने कुरा मृतकको शरीरको टाउको र हात पेटलगायतका ठाउँमा घाउचोटहरू भएको र सो कुरा घटनास्थल, लास जाँच प्रकृति मुचुल्काबाट शङ्कारहित रूपमा पुष्टि हुन आएको अवस्था छ । यस्तो स्थितिमा मलाई सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी रूपबहादुर घर्तीको जिकिर र मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम भवितव्य ज्यानतर्फ मात्र सजाय हुनुपर्ने हो भन्ने प्रतिवादी सिताकुमारी घर्तीको पुनरावेदन जिकिर न्यायोचित देखिन नआउने ।

प्रतिवादी सिताकुमारी घर्ती र रूपबहादुर घर्तीउपर किटानी जाहेरी परेको अवस्था छ । प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा कसुरमा साबित छन् । मृतकको छोरी सम्रिका घर्ती तथा मृतक र प्रतिवादीहरूको आमा तथा सासु हिराकुमारी घर्ती जो घटनाका प्रत्यक्षदर्शी रहेका छन् निजहरूले यी प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष बकपत्र गरेका छन् । मृतकको मृत्यु कुटपिटका कारण भएको कुरा मृतकको शव परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरेको छ । मृतकलाई लाठीले टाउको जस्तो संवेदनशील अङ्गमा हान्दा मृतक मर्नसक्छ भन्ने कुरा थाहा थिएन र भवितव्य परी मृतकको मृत्यु हुन गएको भनी अनुमान लगाई भवितव्यमा सजाय गर्नु माथि विवेचित आधार प्रमाण र कारणहरूबाट न्यायोचित नदेखिने ।

तसर्थ मृतक राजकुमार घर्तीलाई यी प्रतिवादीहरूले पहिले कुटपिट गरेका र पछिबाट प्रतिवादी सीताले लट्ठीसमेतले प्रहार गरेको देखिएकोमा नाकबाट रगत आएको देखिएबाट यी पुनरावेदक प्रतिवादीहरूले गरेको प्रहारबाट लागेको चोटपटकले मृतकको मृत्यु भएको तर यो यसकै प्रहारले मृत्यु भएको तथ्य स्पष्टरूपमा समर्थित नभएकोले प्रतिवादीहरूले गरेको कुटपिटबाट मृतकको मृत्यु भएको ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.को कसुरमा सोही ऐनको सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने भनी रूकुम जिल्ला अदालतबाट मिति २०६८।१२।५ मा भएको फैसलालाई सदर हुने ।

सजायको हकमा विचार गर्दा मृतक राजकुमार घर्ती र प्रतिवादीहरू सहोदर दाजुभाइ र देवर भाउजू नाताका व्यक्ति देखिन्छन् । मृतक र प्रतिवादीहरूबीच ज्यान मार्नेसम्मको पूर्वरिसइवी योजना मनसाय र तयारी भएको देखिँदैन । रक्सी सेवन गरी सामान्य विवादबाट उत्पन्न परिस्थिति चर्किई भएको कुटपिटका कारणबाट मृतकको मृत्यु भएकोले यी पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको हदैसम्म सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. ले जनही वर्ष १० (दश) कैद हुने ।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०४५५, सम्बन्ध विच्छेद, *रीता साह वि. प्रभु साह*

प्रतिवादी रीताकुमारी साह र वादी प्रभु साहबीच २०६०।११।२९ मा विवाह भएको र मिति २०६२।११।१ मा संयुक्त रूपमा विवाह दर्ता गरेको तथ्य इनरूवा गाउँ विकास समिति, स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको विवाह दर्ता प्रमाणपत्रबाट देखिन आउँछ । यी वादीले फिराद दर्ता गराएको मिति २०६५।४।२१ मा उक्त विवाह दर्ता गराएको मितिबाट तीन वर्ष पूरा भएको भन्ने पनि देखिँदैन । उक्त विवाह दर्ता प्रमाणपत्रलाई वादीले कुनै चुनौती दिएको भन्ने पनि देखिँदैन ।

अर्कातिर वादी पतिकै कारणले घर छाडी माइत बस्न बाध्य पारिएकी महिलाका हकमा ३ वर्षदेखि लोग्नेको मन्जुरीबेगर लगातार छोडी अलग बसेको मान्न मिल्दैन । घर छाड्न बाध्य तुल्याइएकी महिलाका हकमा घर छाडी अलग बसेको ३ वर्ष नाघे पनि सम्बन्ध विच्छेदको कारण बन्न नसक्ने ।

उपर्युक्त विश्लेषणबाट मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ दफाको ३ वर्षभन्दा बढी समयदेखि प्रतिवादी रीता साहले वादी लोग्ने प्रभु साहलाई छोडी हिँडेको भन्ने कानूनी प्रावधानको पुष्टि नभएको हुँदा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहऱ्याएको सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।२।२८ को फैसला मिलेको नहुँदा उल्टी भई वादी प्रभु साह एवम् प्रतिवादी रीता कुमारी साहको लोग्ने स्वास्नीको सम्बन्ध यथावत् कायम हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-१३७६ र ०७१-CR-१४२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बालाराम वि.क. समेत र पूर्ण वि.क. वि. नेपाल सरकार*

मृतकलाई प्रतिवादी पूर्ण वि.क.ले कुटपिट गरी बाँधी घरमा ल्याएको भनी घटना देख्ने प्रत्यक्षदर्शी सुकबहादुर बुढा, जगबहादुर रोकासमेतले अनुसन्धानको क्रममा गरेको कागज बेहोरालाई समर्थन हुने गरी अदालतमा समेत उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । भद्रबहादुरलाई सुकबहादुर बुढाको घरमा कुटपिट गरी निजलाई बाँधछाँद गरी आफ्नो घरमा ल्याएको हो भनी अनुसन्धानको क्रममा प्रत्यक्षदर्शीहरूले गरेको कागज बेहोरा एवम् अदालतसमक्षको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ । मृतकलाई बाँधछाँद गरी मिति २०६९।४।२७ मा ल्याएपछि निज यी प्रतिवादीकै नियन्त्रणमा बसेको कुरा निज प्रतिवादीको अदालतसमक्ष भएको बयान एवम् अर्को प्रतिवादी धने कामीले अदालतमा गरेको बयानबाट समेत समर्थित भएको छ । प्रतिवादीले अदालतसमक्ष इन्कारी बयान गर्दैमा अरू सबुद प्रमाणबाट निजले कुटपिट गरी आफ्नो नियन्त्रणमा राखेको मानिसको मृत्यु भएको अवस्थामा सोको कानूनी दायित्वबाट निजले उन्मुक्ति पाउन सक्ने नदेखिने ।

मिसिल संलग्न प्रत्यक्षदर्शीहरूको कागज बेहोरा एवम् अदालतसमक्षको बकपत्र, यी प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयानसमेतबाट भद्रबहादुर ओलीलाई निज प्रतिवादी पूर्ण वि.क.ले कुटपिट गरी आफ्नो घरमा ल्याई बाँधछाँद गरी राखेको अवस्थामा भद्रबहादुर ओलीको मृत्यु भएको देखिएको र निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत १३(३) नं.को कसुर भएकोले सोही १३(३) नं. बमोजिम सजाय हुने गरी भएको सुरू

फैसलालाई निजको हकमा सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रत्यक्षदर्शीहरू सुकबहादुर बुढा र जगबहादुर रोकासमेत पूर्ण वि.क.ले मृतकलाई कुटपिट गरेका हुन् उल्लेख गरी अनुसन्धानको क्रममा लेखाइदिएका छन् भने सोही बेहोरालाई समर्थन हुने गरी बकपत्र गरी दिएका छन्। यसरी यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको नदेखिए पनि प्रतिवादी पूर्ण वि.क.को कुटपिटबाट भद्रबहादुर ओलीको मृत्यु भइसकेपछि लासलाई लुकाउने दबाउने उद्देश्यले लासलाई लगेर भिरबाट फालेकोसम्म देखिएको हुँदा निज प्रतिवादीहरू धने कामी र बालाराम वि.क.लाई ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम ६ महिना कैद सजाय हुने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ उल्लिखित आधार कारण एवम् प्रमाणबाट प्रतिवादी पूर्ण वि.क.लाई ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं.को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू धने कामी र बालाराम वि.क.लाई ऐ. १७(३) नं.को कसुरमा सोही नं. बमोजिम जनही १ वर्ष कैद सजाय हुने ठहऱ्याएको रूकुम जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादी पूर्ण वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादीहरू धने कामी र बालाराम वि.क.लाई ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम ६ महिना कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।९।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०७३९, मोही दर्ता नामसारी, *सुरेन्द्रकुमार ठाकुर वि. देवकान्त चौधरी*

मोही कायम गर्नको लागि १ नं. लगत गरी २ नं. अनुसूची प्रकाशित भएको र त्यसपछि ४ नं. अनुसूचीबमोजिमको अस्थायी निस्सासमेत प्राप्त गरेको सबुद प्रमाणबाट देखिनु पर्ने हुन्छ तर प्रस्तुत मुद्दाका वादी सुरेन्द्रकुमार ठाकुरका धर्मपिताले प्रतिवादी देवकान्त चौधरीको नाउँ दर्ताको सप्तरी जिल्ला बदगामा गा.वि.स. वडा नं. २(ख) को कि.नं. १२६ को जग्गाको १ नं. लगत भरेको साथै सोबमोजिम २ नं. अनुसूची प्रकाशित भएको देखिँदैन। यी वादीले निजको धर्म पिताले ४ नं. अनुसूचीबमोजिमको अस्थायी निस्सा प्राप्त गरेको सबुद प्रमाण पनि पेस गर्नसकेको पाइँदैन। तसर्थ उक्त जग्गाको कानूनअनुरूपको मोही महन्थी ठाकुर कायम भएको मान्न नमिल्ने।

महन्थी ठाकुर विवादित कि.नं. १२६ को मोही कायम नहुँदै मिति २०३८।१२।५ मा परलोक भएपछि निजकी श्रीमती राजुदेवी ठकुरानीले यी वादी सुरेन्द्रकुमार ठाकुरलाई २०५४ सालमा धर्मपुत्र राखेको देखिन्छ। तत्पश्चात् राजुदेवी ठकुरानीको मिति २०६३।८।७ मा मृत्यु भएको देखिन्छ। वादीको धर्मपिता महन्थी ठाकुर परलोक भइसकेपछि राजुदेवी ठकुरानीले आफ्नो जीवनकालसम्म जग्गा जोतभोग गरी जग्गाधनीलाई कुत बुझाएको भरपाई वादीले पेस गर्नसकेको नदेखिँदा निजले दाबीको जग्गा जोतभोग गरेको प्रमाणित हुन आएन। मोही हुन चाहिने स्रेस्ताको प्रमाण नरहेको अवस्थामा सर्जमिनका व्यक्तिहरूले भनेको आधारमा गा.वि.स.को कार्यालयले लेखेको सिफारिस पत्रबाट मोही कायम गर्न नमिल्ने। विवादको जग्गा वडा नं. २ मा रहेको छ भने वादीले पेस गरेको वडा नं. ३ मा प्रकाशित २ नं. अनुसूचीलाई मान्यता दिन मिल्दैन। यसरी फिल्डबुकमा मोहीको नाम नभएको,

जग्गा भएको वडा नं. २(ख) मा मोही कायम गरी २ नं. अनुसूची प्रकाशित भएको नदेखिएको, मोहीको हैसियतमा धर्मपिता र धर्मआमाले जग्गा जोतभोग गरी जग्गाधनीलाई कुत बुझाएको भरपाई वादीले पेस गर्न नसकेको, धर्मपिताका नाममा नै दर्तावाला मोही हक प्राप्त भई नसकी निज परलोक भएपछि धर्मआमाले समेत मोही नामसारी गर्न नसकेको अवस्थामा वादीको नाममा मोही नामसारी हुन नसक्ने।

तसर्थ उल्लिखित आधार कारण एवम् प्रमाणबाट भूमिसुधार कार्यालय, सप्तरीले वादीको नाममा मोही नामसारी हुने गरी गरेको निर्णय उल्ट्याई वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।९।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल माघ ७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CR-०१९३, जालसाजी, *मधुसुदन प्रसाद अग्रवाल वि. हरिप्रसाद अग्रवाल*

मुलुकी ऐन, किर्ते कागजको ३ नं.मा "अर्काको हक मेट्ने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादी जुनसुकै मतलबले झुट्ठा कुरा गरे वा झुट्ठा बेहोराको कागज बनाए वा बनाउन लगाएमा जालसाजी गरेको ठहर्छ" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। विवादित बैना करारको लिखतको साक्षीलाई नै प्रतिवादी बनाई मिलुवा मुद्दामा बदनियतपूर्वक गरेको मिलापत्रको माध्यमले दाबीको सम्पत्तिमा प्रत्यर्थी वादीको हक मेट्ने उद्देश्यले पुनरावेदक प्रतिवादीसमेतले बदनियत चिताई मिलुवा मुद्दा गरी मिलापत्र गरेको तथ्य स्थापित भइरहेको देखिएकोले यी पुनरावेदक प्रतिवादीसमेतले प्रत्यर्थी वादीले प्राप्त गर्ने आमाको अपुताली हक मेट्ने कार्य गरी मुलुकी ऐन, किर्ते कागजको ३ नं. अन्तर्गतको जालसाजयुक्त कसुर गरेको देखियो। यसरी आमा गिनियादेवीको शेषपछि सबै छोराहरूले बाँडी खान पाउने गिनियादेवीको अंश भागको घर जग्गा यी पुनरावेदक प्रतिवादीसमेतको मिलेमतोमा बैना सर्त करारनामा लिखत खडा गरी वादी हरिप्रसाद अग्रवाललाई कुनै जानकारी नदिई आमाको शेषपछि निजले प्राप्त गर्ने अपुताली हक मेट्ने कार्य गरेको भन्ने उल्लिखित प्रमाण व्यवहारबाट प्रमाणित हुन आउने।

अतः माथि विवेचित आधार कारण प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी मधुसुदनप्रसाद अग्रवालसमेतको मिलेमतोबाट नभए नगरेको व्यवहार सद्दे साँचोजस्तो गराई आफूसरहका समान अंशियार प्रत्यर्थी वादीको हक मेट्ने कार्य भएकोमा दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।४ मा प्रतिवादी मधुसुदनप्रसाद अग्रवाल र विमलकुमार अग्रवाललाई मुलुकी ऐन, किर्ते कागजको ३ नं. को कसुरमा ऐ. को १० नं. अनुसार विगोको सयकडा २५% ले जम्मा रू.३७,५००।– जरिवाना हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-RC-००३५, कर्तव्य ज्यान र जबरजस्ती करणी, *नेपाल सरकार वि. पूर्णबहादुर गुरूङ*

मृतक मानसिक गडबडीका कारण जहाँ पायो, त्यहीँ सुत्ने बस्ने गर्ने गरेकोमा वारदातका दिन निज मेरो घरमा सुतेकीमा रातको १२ बजे म पिसाब

फेर्न निस्कदा निज ओमा गुरूङसँग करणी गर्न मन भई निजलाई ओछ्यानमा गई करणी गरेको र भोलि समाज बटुल्छु भनी पीडितले भनेपछि समाजमा लाज हुने, इज्जत जाने डरले बाख्रा बाँध्ने किलो उखेली टाउकोमा हिर्काएको र भाग्न खोजेपछि खुकुरी झिकी लखेट्दै बारीमा पुऱ्याई टाउकोमा प्रहार गरी मारेको हुँ भनी प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्षको बयानमा साबित रही बयान गरेको देखिएको र बरामदी खुकुरी, बाख्रा बाँध्ने गरेको किलोसमेतबाट प्रमाणित भएको देखिँदा यी प्रतिवादीले पीडितउपर सुरूमा जबरजस्ती करणी गरेको र आफ्नो उक्त कार्य समाजमा थाहा पाएमा इज्जतमा दाग लाग्ने डरले पीडितलाई कर्तव्य गरी मारेको कुरा शङ्कारहित तवरबाट पुष्टि हुन आउने।

तसर्थ कसुरको प्रकृति हेर्दा मानसिक असन्तुलन भएकी मृतकलाई जबरजस्ती करणी गरी किलो र धारिलो हतियार खुकुरीसमेत प्रहारबाट निर्ममतापूर्वक कर्तव्य गरी मारेको देखिँदा प्रतिवादीलाई हुने सजायमा कमी गर्न न्यायसम्मत नहुने हुँदा पीडितालाई जबरजस्ती करणी गरेबापत मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र पीडितालाई कर्तव्य गरी मारेकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत १३(१) नं. को कसुरमा सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०६५।११।२० को फैसला सदर हुने ठहर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य

इति संवत् २०७३ साल पुस २९ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-१०३६, अंश चलन, *बैकुण्ठ अधिकारी वि. गणेशबहादुर अधिकारी*

मिसिल संलग्न रहेको अंश फाँटवारी हेर्दा, प्रतिवादी बेलकुमारी खत्रीका नाउँमा रहेको सिन्धुली गाउँ विकास समिति महेन्द्र लदाभीर वडा नं. ४ को कि.नं. ३८८ को जग्गा निज बेलकुमारीले बैकुण्ठ अधिकारीसँग विवाह भएको मिति २०५२।६।१२ भन्दा अगावै खरिद गरेको देखियो। यसरी विवाह हुनुभन्दा पूर्व नै खरिद भएको जग्गालाई विवाह पश्चात् कायम हुन आएका अंशियारको समेत भाग लाग्दछ भन्न मिल्ने स्थिति नहुँदा उक्त कित्ता जग्गा निज बेलकुमारीको दाइजोको सम्पत्ति देखिन आउने।

फाँटवारीमा उल्लिखित मकवानपुर जिल्ला हेटौंडा नगरपालिका ४ को कित्ता नं. ७८९९ को जग्गा छुट्टी भिन्न हुनुभन्दा अगावै सबै अंशियारा सगोलमा रहे बसेको अवस्थामा मिति २०६४।१।१७ मा खरिद गरेको देखिएको अवस्थामा एकासगोलका अंशियारका नाउँमा भएको सम्पत्तिमा सबै अंशियारको समान हक लाग्ने हुन्छ। प्रतिवादी वेल कुमारीको निजी आर्जनबाट खरिद गरिएको भने पनि स्वआर्जन भनी दाबी लिने पक्षले सोको प्रमाण पेस गर्नुपर्ने हुन्छ। निजले आफ्नो स्वआर्जन भन्ने कुरा पुष्टि गर्न नसकेको अवस्थामा उक्त कि.नं. ७८९९ को जग्गामा सबै अंशियारहरूको समान अंशहरू लाग्ने देखिन आयो। प्रतिवादी कृष्णबहादुर अधिकारीको नाममा कृषि विकास बैंकमा रहेको रू. ३,४७,८२४।५४ रकम सगोलको जग्गा बिक्री गरी प्राप्त रकम हुँदा ४ भागको १ भागसमेत उक्त खाताबाट दिलाई पाउँ भन्ने फिराद दाबी रहेको र उक्त रकम रू.३,४७,८२४।५४ सगोलको जग्गा बिक्रीबाट प्राप्त भएको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिएकोले सो रकमबाट समेत वादीले ४ भागको १ भाग रू.८६९५६।१४ पाउने नै देखिने।

अतः कृष्णबहादुरको नाममा भएको बैंक मौज्दात रकममध्ये वादीले ४ भागको १ भाग माग गरेकोले उक्त रकम रू. ३,४७,८२४।५४ को ४ भागको

१ भाग मागबमोजिम वादीले लिन पाउने र प्रतिवादी वेल कुमारीका नाउँको २०६४ सालमा नै राजीनामाबाट खरिद भएको देखिएको र सो जग्गा खरिद गरेको निजी स्रोत प्रतिवादी बेलकुमारीको तर्फबाट पेस दाखिल हुन नआएकोसमेतबाट प्रमाण ऐन, २०३१ को दफा ६ (क) मा भएको "एकाघरसँगका अंशियारामध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ" भन्ने कानूनी व्यवस्थाबमोजिम सगोलको मान्नु पर्ने भई बन्डा लाग्ने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०६८।१०।४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CR-१०२४, अंशबन्डा जालसाज, *बैकुण्ठ अधिकारी वि. गणेशबहादुर अधिकारी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CI-०७४८, लिखत बदर दर्ता बदर दर्ता कायम, *भाग्यनारायण चौधरी वि. लक्ष्मण चौधरीसमेत*

प्रस्तुत मुद्दामा दाबी लिएको कि.नं. ६६ को ०-१५-७$^1/_2$ जग्गासमेतबाट अंश पाउने ठहर भई दे.नं. २१९५ को मुद्दामा मिति २०५३।९।३ मा फैसला भई सो फैसला अन्तिम भइरहेको र सो अंश मुद्दाको फैसलाले यकिन गरिसकेको सम्पत्तिको हक हस्तान्तरण भएको देखिन्छ । अंशियार वादीहरूको मन्जुरी नभएको र साक्षीसमेत नबसेको अवस्थाको लिखत निजहरूको हकसम्ममा बदर हुनुपर्ने नै देखिन आउने।

तसर्थ, सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।११।२५ को फैसलालाई केही उल्टी गरी दाबीको पारित लिखतबाट ५ खण्डको १ खण्डलाई ३ खण्ड गरी सो ३ खण्डको १ खण्डबाट ५ खण्ड कायम गरी वादीहरूको ३ खण्डमा पर्नेसम्मको लिखत र दर्तासमेत बदर भई नरमगरम मिलाई वादीहरूका नाउँमा दर्ता हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१०।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-११३४ र ०७१-RC-०१३०, कर्तव्य ज्यान, *सुशिला राना वि. नेपाल सरकार र नेपाल सरकार वि. सुशिला राना*

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण severe haemorrage leading to show following vascular injury leading to cardiopulmonary assault भन्ने उल्लेख भएको देखिन्छ। घटनास्थलमा बन्चरो बरामद भएको र सोलाई प्रतिवादीले सनाखत गरिदिएको अवस्था छ। प्रतिवादी सुशीला रानाले अदालतसमक्ष बयान गर्दा आत्मरक्षाको जिकिर लिएपनि अनुसन्धान अधिकारीसमक्षको बयान निजको इच्छाविपरीत भएको थियो भन्ने कुरा प्रमाणित भएको पाइँदैन । लासजाँच प्रतिवेदन हेर्दा मृतकको घाँटीमा २ इन्च लम्बाई र १ इन्च चौडाइको घाउ भई श्वासनलीसमेत काटिएको, दायाँ कानको तल २$^{1/2}$ इन्च लम्बाई र २ इन्च चौडाइको गहिरो घाउ रहेको भन्ने उल्लेख भएको देखिन्छ जसलाई शव परीक्षण प्रतिवेदनले पुष्टि गरेको अवस्था पाइने।

पतिले बन्चरो लिई मार्न आएकाले आत्मरक्षार्थ सोही बन्चरो खोसी प्रहार गरेकी हुँ

भनी प्रतिवादीले जिकिर लिएको सन्दर्भमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७ को देहाय १ नं.मा कसैले हातहतियार लिई वा नलिई आफ्नो ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पन्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सत नपाउने अवस्थामा आफूले केही नगरे आफ्नो ज्यान रहँदैन भन्ने पूरा विश्वास भई ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा सो जुलुमीको ज्यान मरेकोमा ज्यानमाराको वात लाग्दैन भन्ने व्यवस्था भएको देखिन्छ । सो कानूनी व्यवस्थाअनुसार आफनो ज्यान लिनासम्मको जोरजुलूम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पन्जाबाट भागी उम्की आफनो ज्यान बचाउनसमेत फूर्सत नपाउने अवस्थामा मात्र सोही बखतमा केही गर्दा जुल्मीको ज्यान मरेमा आत्मरक्षार्थ प्रहार गरेको मानी कानूनले सजायबाट उन्मुक्ति प्राप्त हुने हो । प्रस्तुत वारदातमा रक्सीको नसामा सुतेको यी प्रतिवादीको पति भरत रानालाई बन्चरोले प्रहार गरी हत्या गरेको भन्ने देखिएको अवस्थामा आत्मरक्षाको जिकिरको लागि आवश्यक पूर्वावस्थाको विद्यमानता रहेको मान्न नमिल्ने हुँदा सोतर्फको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी र मृतक भरत राना लोग्ने स्वास्नी भएको र प्रतिवादीले भरत रानालाई मार्नैपर्ने विवाहेत्तर सम्बन्ध जस्ता अन्य कारणको विद्यमानता मिसिलबाट देखिन आउँदैन । निज भरत राना रक्सी सेवन गर्ने र प्रतिवादीलाई पटकपटक कुटपिटसमेत गर्ने गरेको तथ्य जाहेरी दरखास्त एवम् प्रतिवादीका साक्षी लक्ष्मी वलीको बकपत्रबाट खुल्न आएको छ । हेरविचार गर्नुको सट्टा पतिले मादक पदार्थ सेवन गरी अनाहकमा पत्नीलाई बारम्बार कुटपिट गर्ने एवम् यातना दिने गरेकोबाट पत्नीको मानसिक अवस्थामा विचलन आउनु स्वाभाविक नै हुन्छ । पटकपटकको पिटाई एवम् यातनाबाट आजित भएको र प्रतिकारस्वरूप केही गर्ने स्थितिमा नरहेकोले रातको समय निज पति भरत राना सुती निदाएको अवस्थामा बन्चरो प्रहार गरिएको यस परिस्थितिलाई मानवीय रूपबाट विचार भई सजाय निर्धारण हुन न्यायसम्मत हुने देखिन्छ । त्यसमा पनि लालनपालन गर्न यी प्रतिवादीका नाबालक एउटा छोरा र दुइवटी छोरी रहेको अवस्थाले तिनीहरूको भविष्यलाई समेत दृष्टिगत गर्दा प्रतिवादीलाई हदैसम्मको सजाय गर्न चर्को पर्ने हुँदा सुरू र पुनरावेदन अदालतले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं.अनुसार राय व्यक्त गरेबमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-०२२५, उत्प्रेषण / परमादेश, *भरतकुमार अधिकारी क्षेत्री वि. दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय, लैनचौर काठमाडौंसमेत*

एउटा व्यक्तिको लागि व्यक्तिगत प्रयोजनको लागि गरिएको व्याख्याले कानूनको नजरमा असमान र पूर्वाग्रही देखिने हुँदा त्यसले कानूनी वैधता प्राप्त गर्न कदापि सक्दैन । सञ्चालक समितिको उक्त व्याख्याले विपक्षीलाई कम्प्युटरसम्बन्धी काम गर्नको लागि जिम्मेवारी दिएको भन्ने छ । जिम्मेवारी भन्ने कुरा कसैको मनोगत कुरा हुन सक्दैन । जिम्मेवारी दिएको कुरा वस्तुगत रूपमा प्रमाण कागजबाट देखिनुपर्छ । विपक्षीहरू कसैको लिखित जवाफबाट पनि निजलाई मिति २०७१।१२।२६ को बढुवा सिफारिस हुनुअगाडिसम्म कम्प्युटरसम्बन्धी काम गर्ने गरी जिम्मेवारी तोकिएको अभिलेख देखाउन सकेको नपाइने ।

दुग्ध विकास संस्थान कर्मचारी प्रशासन विनियमावली, २०६३ को (तेस्रो संशोधन ,२०७०) को विनियम ४४(३) मा कर्मचारीलाई तालिमको अङ्क दिँदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमबापत अङ्क दिइनेछ । तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिम लिएको हो सोही तहको लागि मात्र गणना गरिनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित व्यवस्थाबमोजिम जुन तहमा रहँदा तालिम लिएको हो सो पदको लागि मात्र यो प्रावधान लागू हुने हो। पाँचौं तहको लागि यो प्रावधान लागू हुने देखिएन । मिति २०६५।८।१५ गते वरिष्ठ प्रशासन सहायक पाँचौं तहमा बढुवा भएपश्चात् पनि निजले सो जिम्मेवारी निरन्तर प्राप्त गरेको भन्ने नपाइने।

मिति २०७१।१२।२६ को बढुवा निर्णय भएपश्चात् सो बढुवा उजुरी विचाराधीन रहेको अवस्थामा मिति २०७२।५।२५ गते यो जो जससँग सम्बन्धित छ भन्ने बेहोराको पत्रमा च.नं. ११०४ मिति २०६४।११।१९ गतेको पत्रबमोजिम निजले हालसम्म निरन्तर काम गरिरहेको भन्ने पत्रसम्म दिएको पाइन्छ । तर बढुवा सूचना प्रकाशित भएपश्चात्को बढुवा फाराम भर्ने अन्तिम म्याद अर्थात् २०७१ असार मसान्तसम्मको अवधिसम्म पनि कम्प्युटरसम्बन्धी काम गर्ने स्पष्ट कार्यादेशबेगर कहिलेकाहीँ कम्प्युटरसम्बन्धी काम गरेको कार्यलाई उपर्युक्त विनियमावलीको विनियम ४४(३) को प्रयोजनार्थ काम गरेको हुनुपर्ने भन्ने व्यवस्थाको परिपूर्ति गर्ने प्रावधानको रूपमा मान्यता दिन मिलेन । यसबाट चौँथो तहमा कार्यरत रहँदा प्राप्त जिम्मेवारीले बढुवा भएपश्चात्को पाँचौं तहको पदको जिम्मेवारीलाई पनि समेट्छ भनी मान्यता दिन नसकिने।

बढुवा उजुरी परी विचाराधीन रहेको अवस्थामा बढुवाबापत कुन क्षेत्रको कति नम्बर पाउने भन्ने कुरा सम्बन्धित कर्मचारीको सेवा सर्तसम्बन्धी विनियमावलीले निर्दिष्ट गरेको हुन्छ । सोही निर्दिष्ट व्यवस्थाबमोजिम पहिलो बढुवा सूची प्रकाशित गर्दाको अवस्थामा नै कुन वर्गको नम्बर कति हो भनी पदपूर्ती समितिले यकिन गरिकन बढुवा निर्णयमा खुलाइएको हुनुपर्छ । सो निर्णयमा के कति कारणले नम्बर जोड्न छुट हुन गएको हो र पछि जोड्नु परेको हो सोको भरपर्दो आधार खुलाउनु पर्छ । तर सो बेहोरा पछिल्लो पदपूर्ति समितिको निर्णयमा खुलाएको पाइँदैन । निवेदक र विपक्षी दुवै जना पाँचौं तहका समान तह र पदका कर्मचारी भएको देखिन्छ । कम्प्युटरमा काम गर्नको लागि छुट्टै कर्मचारी श्याम लामा खटाएको अवस्थामा तालिमबापतको अङ्क प्राप्त गर्ने विषयमा निवेदक र विपक्षी समान अवस्थाका रहेकोमा विपक्षीलाई मात्र तालिमबापतको अङ्क प्रदान गर्ने सञ्चालक समितिको निर्णय दुग्ध विकास संस्थान कर्मचारी प्रशासन विनियमावली, २०६३ को (तेस्रो संशोधन, २०७०) को विनियम ४४(३) (६)विपरीत देखिएकाले सञ्चालक समितिको मिति २०७२।५।१८ को १२५६ औँ बैठकको निर्णय र सो निर्णयको आधारमा विपक्षी पदपूर्ति समितिको मिति २०७२।५।२८ गतेको संशोधित बढुवा निर्णय कानूनसम्मत नदेखिने।

दुग्ध विकास संस्थान कानूनबमोजिम स्थापित संस्थान हो । यस्तो निकायबाट हुने कार्य प्रचलित कानून, आफैँले बनाएको पूर्व व्यवस्थाबमोजिम पारदर्शी ढङ्गबाट सम्पादित हुनु पर्छ। यसले गर्ने काम कारवाही जवाफदेहीपूर्ण हुनुपर्छ । आफ्ना कर्मचारीहरूलाई गर्ने व्यवहार समानतामा आधारित तथा न्यायपूर्ण भई अभिभावकत्व दिलाउने हुन सक्नु पर्छ । तर प्रस्तुत बढुवामा सोबमोजिम भए गरेको पाइएन । मनोगत आधारमा गरेको निर्णय स्वेच्छाचारी भएकाले त्यस्तो निर्णयले कानूनी मान्यता प्राप्त गर्न मिल्ने नदेखिने।

तसर्थ माथि उल्लिखित तथा विवेचित आधार र कारणको आधारमा मिति २०७१।१२।२६ गतेको बढुवा सूचना संशोधित गरी सञ्चालक समितिले मिति

२०७२।५।१८ गतेको १२५६औं बैठकको निर्णयको आधारमा मिति २०७२।५।२८ गतेको पदपूर्ति समितिको बढुवा सिफारिस गर्ने निर्णयलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर भई मिति २०७१।१२।२६ को बढुवा सिफारिसअनुसार रिट निवेदक भरतकुमार अधिकारी क्षेत्रीलाई बढुवा नियुक्ति दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०३७७, उत्प्रेषण / परमादेश, *विष्णुप्रसाद सिवाकोटी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकले नेपालमा उत्पादन भई विदेशमा निकासी हुने सुपारीको उत्पत्ति प्रमाणपत्र जारी गर्ने व्यवस्थासम्बन्धी कार्यविधि, २०६८ को आधिकारिकता सम्बन्धमा प्रश्न उठाई सोलाई खारेज गर्न माग गरेको सन्दर्भमा हेर्दा उक्त कार्यविधि वाणिज्य तथा आपूर्ति मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट जारी भएको देखिन्छ। उक्त कार्यविधि कुन ऐनअन्तर्गत बनेको हो भन्ने कुरा सो कार्यविधिमा कहीँकतै उल्लेख भएको देखिँदैन। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ९ ले संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्यसम्बन्धी नीतिगत विषयलगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने गराउने समग्र जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार कुनै मन्त्रालयबाट सम्पादन हुने कार्य समयमा गर्ने गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीलाई जिम्मेवार बनाइएको देखिने।

देशभित्र उत्पादन हुने सामग्री विदेशमा पैठारी गर्ने गराउने मुख्य जिम्मेवारी वाणिज्य तथा आपूर्ति मन्त्रालयको रहेको देखिन्छ । उक्त कार्यविधिको प्रस्तावना हेर्दा नेपालमा उत्पादन भई विदेशमा निकासी हुने सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई नियमित, पारदर्शी र व्यवस्थित बनाई सुपारीको निर्यात व्यापार व्यवस्थापन गर्ने उद्देश्यसहित जारी भएको देखिन्छ। प्रस्तावनासमेतको बेहोराबाट सुपारी निर्यात व्यापारमा पारदर्शिता ल्याई सुशासन प्रवर्द्धन गर्ने उद्देश्य लिएको देखिन्छ। यसरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सम्बन्धित मन्त्रीलाई तोकेको जिम्मेवारी निर्वाह गर्ने क्रममा नीतिगत विषयमा सम्बन्धित मन्त्रालयबाट जारी भएको कार्यविधिलाई अधिकार नभएको निकायले जारी गरेको मान्न नमिल्ने।

सुपारी निकासीमा एउटा संस्थाको एकाधिकार, सिण्डिकेट वा कार्टेलिङ्ग भएको भनी दाबी लिएकोमा सोतर्फ हेर्दा स्वच्छ प्रतिस्पर्धा कायम गराई अर्थतन्त्रलाई खुला, उदार, बजारमुखी तथा प्रतिस्पर्धी बनाउने उद्देश्यले प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ जारी भएको देखिन्छ । उक्त ऐनमा भएको कानूनी व्यवस्थाहरूको अवलोकन गर्दा बजारमा प्रतिस्पर्धालाई संकुचित गर्ने खालको क्रियाकलापलाई नियन्त्रण गर्न खोजेको देखिन्छ। तर सोही ऐनको दफा ११ले उक्त ऐनको सीमा निर्धारण गरेको देखिन्छ । उक्त दफा ११ मा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० को व्यवस्थाबाहेक देहायका व्यापारिक एवम् व्यावसायिक क्रियाकलापहरूमा यो ऐन लागू हुने छैन भनी उल्लेख भई सोको देहाय (घ) मा निर्यात व्यवसायसमेत समेटेको देखिन्छ । उक्त ऐनको दफा १०बाहेकका व्यवस्थाहरू लागू नहुने कुरा उल्लेख भई निर्यात व्यवसायमा उक्त ऐन नै लागू नहुने भनी सोही ऐनले

घोषणा गरिसकेको अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघको मिति २०७२।७।१ को पत्र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३विपरीत रहेको मान्न मिलेन। यसबाट निवेदकले लिएको दाबीअनुसार कुनै एक संस्थालाई मात्र विदेशमा सुपारी निकासी गर्न उत्पत्तिको प्रमाणपत्र दिइएको वा सुपारी निकासीमा कुनै सिण्डिकेट, कार्टेलिङ्ग वा एक संस्थाको एकाधिकार कायम गरेको मान्न नमिल्ने।

समानताको सिद्धान्तले सबैलाई समान व्यवहार गर्नुभन्दा पनि समानहरूबीच समान व्यवहार गर्नुपर्ने अवधारणाको पृष्ठपोषण गर्दछ । निवेदक संस्थाभन्दा विपक्षी बनाइएका नेपाल सुपारी खेती विकास संस्था १३ वर्षअगाडि दर्ता भएको, सुपारी खेती विकास एवम् प्रवर्द्धनमा समेत विपक्षी संस्थाको योगदान पनि निवेदकको भन्दा बढी देखिएको अवस्थामा दुवै संस्थालाई समान रूपमा व्यवहार गर्नुपर्छ भन्ने निवेदन मागदाबी न्यायोचित नदेखिँदा निवेदक संस्था र विपक्षी संस्थालाई समानस्तरको मान्न नमिल्ने।

निवेदक संस्थाले प्रस्तुत रिट निवेदन दिँदा उक्त संस्थामा संलग्न भएका किसानहरूको संख्या, संस्थासँग आवद्ध भएका किसानहरूले २०७१।७२ सालको आ.व.मा के कति सुपारी उत्पादन गरेका हुन् सोको परिमाण, आफूले निकासी गर्न पाउनु पर्ने सुपारीको परिमाण देखाई आफ्नो उत्पादकत्व क्षमतासमेत देखाउन सकेको पाईदैन। एउटा जिल्लामा एकभन्दा बढी सुपारी उत्पादन गर्ने किसानहरूको संस्था भएको, प्रत्येक संस्थामा फरकफरक संख्यामा किसानहरूको संलग्नता भएको र उक्त संस्थाहरूले उत्पादन गरेको सुपारीको परिमाण पनि समान नभई फरकफरक रहेको अवस्थामा सबै संस्थालाई समान रूपमा निकासीको लागि अनुमतिको प्रमाणपत्रको लागि सिफारिस गर्ने अख्तियारी दिँदा त्यो व्यावहारिक हुन नसक्ने।

अख्तियारी प्राप्त मन्त्रालयको मन्त्री स्तरीय निर्णयबाट जारी भएको नेपालमा उत्पादन भई विदेशमा निकासी हुने सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्था कार्यविधि, २०६८ र सो कार्यविधिबमोजिम सुपारी उत्पत्तिको प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने सम्बन्धमा उद्योग वाणिज्य महासंघले मिति २०७२।६।१४ मा गरेको निर्णयानुसार मिति २०७२।७।१ मा गरेको पत्राचार कानूनसम्मत देखिएकोले त्यस्ता कानूनसम्मत कार्यबाट निवेदकको संविधान एवम् कानून प्रदत्त हक हनन् भएको मान्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणबाट निवेदन मागबमोजिम नेपाल उद्योग वाणिज्य महासंघले मिति २०७२।७।१ मा विभिन्न मन्त्रालय तथा सरकारी निकायहरूलाई बोधार्थ दिई झापा उद्योग संघको नाममा लेखेको पत्रबाट निवेदकको संविधान एवम् कानून प्रदत्त कुनै हक अधिकारमा असर परेको नदेखिँदा बदर गरी रहनु परेन। निवेदन मागदाबीबमोजिम परमादेशको आदेश पनि जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन नै खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७२।८।१६ मा जारी भएको अन्तरिम आदेश निष्कृय हुने।

रिट निवेदन खारेज हुने ठहरे पनि निवेदक संस्थामा आवद्ध किसानहरूले समेत सुपारी उत्पादन गरेको त्यस्ता सुपारी बिक्री निकासी नभएको खण्डमा नष्ट हुने भई निजहरूले आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था उत्पन्न हुने भएकोले संस्था सञ्चालन भएको समयावधि निवेदक संस्थामा आवद्ध कृषकहरूको प्रतिनिधित्व, निजहरूको सुपारी उत्पादन गर्ने क्षमता, संस्थाको विश्वसनीयता, सुपारी खेती विकास तथा प्रवर्द्धनमा संस्थाले पुर्‍याएको योगदानसमेतका अन्य सम्बन्धित कुराहरूलाई दृष्टिगत गरी आगामी वर्षको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने गराउने व्यवस्था मिलाउनु भनी विपक्षी उद्योग वाणिज्य महासंघ र झापा

उद्योग संघको नाममा निर्देशनात्मक आदेश जारी हुने ।
इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WO-११२९, उत्प्रेषण / परमादेश, *विष्णुप्रसाद सिवाकोटी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*
- ०७२-WO-०४०१, उत्प्रेषण / परमादेश, *चन्द्रप्रकाश कोइरालासमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*
- ०७२-WO-१०५२, उत्प्रेषण / परमादेश, *अशोक प्रसाद मिश्रसमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

१२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०६५२, उत्प्रेषण / परमादेश, *हर्खबहादुर रायमाझी वि. रक्षा मन्त्रालय सिंहदरबार काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को आशय सार्वजनिक निकायले आफूलाई आवश्यक पर्ने मालसामान खरिद गर्दा जस्तोसुकै अवस्था र परिस्थितिमा पनि बोलपत्र आह्वान गर्नै पर्दछ भन्ने  होइन र हुन सक्दैन पनि । सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनाले कुनै पनि सार्वजनिक निकायको खरिद प्रक्रिया पारदर्शी मितव्ययी बनाई विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने उद्देश्य राखेको देखिन्छ । उक्त ऐन नियमको उद्देश्य सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता, प्रतिस्पर्धा, स्वच्छता, विश्वसनीयता कायम राखी सस्तो मूल्यमा आवश्यक परेका बखत गुणस्तरीय सामानको आपूर्ति होस्, आपूर्तिमा यथासम्भव अवरोध नहोस् र नेपाल सरकारमाथि अनावश्यक आर्थिक बोझ नपरोस भन्ने कुरा बोध हुन आउने ।

नेपाली सेनाले सार्वजनिक खरिद ऐन, र नियमले तोकेको कानूनी व्यवस्था गरी हाई इनर्जी बिस्कुट नामको पेटेन्ट तथा ट्रेडमार्कसमेत दर्ता गरेको नेपालको एक मात्र उत्पादक कम्पनीको रूपमा रहेको श्री पशुपति बिस्कुट इण्डष्ट्रिज प्रा.लि. सित हाइ इनर्जी बिस्कुट सोझै आपूर्ति गर्ने सम्झौता गरेकोमा सो सम्झौताबाट वार्षिक रू. १०,००,०४,०६६।– कम आर्थिक व्ययभार पर्ने र तीन वर्षमा मूल्य अभिवृद्धिकरसहित ३०,००,१२,१९९।३५ नेपाल सरकारलाई कम आर्थिक व्ययभार पर्ने तथ्य नेपाली सेनाको तर्फबाट पर्न आएको लिखित जवाफबाट र बहसका क्रममा विपक्षीतर्फको कानून व्यवसायीहरूबाट समेत प्रस्तुत हुन आएको छ । कम मूल्यको बोलपत्र पेस हुँदैमा प्रक्रिया र कार्यविधि नाघेर वा न्यूनस्तरको काम गर्ने गराउने वा सामान आपूर्ति गर्ने गराउने छूट कानूनले दिँदैन, तर उक्त खरिद गर्दा न्यून गुणस्तरको वस्तु आपूर्ति भयो वा खरिदमा भ्रष्टाचार भयो वा अन्य मोलाहिजा भएको छ भनी निवेदकले दाबी लिनसकेको वा सम्बन्धित निकायमा तथ्ययुक्त विवरण पेस गरी कारवाही चलाएको पनि नदेखिने ।

माथि विवेचित आधार प्रमाणबाट हाइ इनर्जी बिस्कुटको पेटेन्ट लिई ट्रेडमार्कसमेत दर्ता गरेको श्री पशुपति बिस्कुट इण्डष्ट्रिजबाहेक हाइ इनर्जी बिस्कुटको उत्पादक अरू कुनै कम्पनी नभएको तथ्य उद्योग विभागको लिखित जवाफबाट स्पष्ट हुन आएको र निवेदकले त्यसलाई खण्डन गर्नसकेको अवस्था नरहेको स्थितिमा सार्वजनिक खरिद अनुगमन कार्यालय र रक्षा मन्त्रालयको राय स्वीकृति लिई साबिकभन्दा कम आर्थिक व्ययभार पर्ने गरी

२०७२।१०।१ देखि २०७५।९।३० सम्मको अवधिको लागि पशुपति बिस्कुट इण्डष्ट्रिज प्रा.लि.सँग सोझै हाइ इनर्जी बिस्कुट खरिद गर्ने भनी नेपाली सेनाले गरेको सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधानविपरीत भएको भन्ने तथ्ययुक्त र वस्तुनिष्ठ आधार निवेदकले पेस गर्न नसकेको देखिँदा योग्य बोलपत्रदाता नभएको रिट निवेदकको जिकिरबमोजिम सम्झौताबाट निजको मौलिक हक हनन् भएको वा प्रस्तुत विवादमा सरकारी कोषको दुरूपयोग भएको तथ्य यस निवेदनसाथ पेस भएको वा तत्काल पुष्टि गर्नसकेको देखिन नआएकोले रिट निवेदन जारी गरिरहन परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१४०३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिपबहादुर बस्नेत*

घटनास्थल प्रकृति मुचुल्काबाट ढुंगामा रातो पदार्थ लागेको सुकेको अवस्थामा रहेको भन्ने देखिन्छ। प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा कान्लाबाट लडेर घाइते भएको बेहोरालाई समर्थन गर्दै मृतकको श्रीमतीसँग झगडा हुन्थ्यो भन्ने कुरालाई स्वीकार गरी बयान गरेको पाइन्छ। मृतकको शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Head Injury भन्ने देखिन आएको पाइने।

मृतक र प्रतिवादी दाजुभाइ नाता भएकोमा विवाद छैन । आरोपित कसुर भए नभएको तथ्य निरूपण गर्ने क्रममा साबिती र इन्कारीलाई मात्र मुख्य आधार बनाउन सकिँदैन। प्रतिवादीले कुनै दबाब वा प्रभावबाट दिएको साबिती वा इन्कारी तथ्यपरक रूपमा विवेकसम्मत ढङ्गले पुष्ट्याईं हुन त्यतिकै जरूरी हुने।

प्रतिवादीको इन्कारी बयानलाई विवेकको कसौटीमा राखी जाँच्दा दाजुलाई आफैँ लडी चोट लागेको भए आफ्नै भाइले घाँसको सिरानी राखी कान्लामा नै छाडी घर जानुको सट्टा औषधोपचारतर्फ लाग्नु पर्ने हुन्थ्यो । प्रस्तुत वारदातमा मृतकको टाउकोमा घाँसको सिरानी हाली घर गएँ भनी बयान गरेकोले प्रतिवादीको इन्कारी बयान अस्वाभाविक प्रकृतिको भएबाट त्यसलाई विवेकसम्मत रूपबाट सत्य तथ्यमा आधारित छ भनी मान्न सकिएन। घटनाको प्रकृति वादी पक्षका साक्षीको बकपत्रसमेतका तथ्यले यी प्रतिवादीकै कुटपिटको कारण ओलकबहादुरको मृत्यु भएको तथ्य तर्कसम्मत र विवेकसम्मत रूपले पुष्टि भइरहेको देखिएकाले निजले गरेको कुटपिटबाट लागेको चोटबाटै मृतकको मृत्यु भएको भन्ने निष्कर्षमा पुगी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुरमा सोही १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, जिल्ला अदालतबाट फैसला हुँदा ज्यानसम्बन्धी महलको १ र १४ नं.को कसुर कायम गरी सोहीबमोजिम १० वर्ष कैद सजाय गरेको देखिन्छ। ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर कायम गरी सजाय हुनको लागि सोबखत मनसाय, योजना भई कार्य भएको हुनुपर्ने देखिन्छ। मिसिल संलग्न कागजातबाट लाठा ढुङ्गा र साधारण सानातिना हतियारसम्मको पनि प्रयोग भएको पाइँदैन । सामान्य भनाभन हुँदा मुक्कासम्म प्रयोग भएको देखिन आएको छ। अत: माथि उल्लिखित, विवेचित आधार कारणबाट प्रस्तुत वारदातमा मनसाय र योजना नभई तत्काल धकेलाधकेल भई मुक्का प्रहारबाट मृत्यु भएकोले प्रस्तुत वारदातमा योजना र मनसाय तत्त्वको अभाव रहेको देखिन आयो। योजना

र मनसाय तत्त्वको अभावमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने नेपाल सरकारको जिकिर पुष्टि हुने नदेखिने।

तसर्थ माथि विभिन्न प्रकरणमा उल्लिखित, विवेचित आधार र कारणबाट प्रतिवादी दीपबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.को कसुर अपराधमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई भएको रामेछाप जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।९।२४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-००६८, हालैको बकसपत्र लिखत बदर दर्ता, *मुनीदेवी थरूनी वि. शारदा देवीसमेत*

प्रतिवादी इन्द्रदेव महतोले मिति २०६७।५।१० मा प्रतिवादी मुनिदेवी थरूनीलाई र.नं. १२७९क को हालैको बकसपत्र लिखत पारित गरी दिँदा निजको एकासगोलका यी वादीहरूको मन्जुरी नलिएको भन्ने तथ्यमा विवाद देखिएन। उक्त जग्गाहरू प्रतिवादी इन्द्रदेव महतोको आफूखुस गर्न पाउने निजी आर्जनको भन्ने आधार देखिएको छैन। उक्त विवादित जग्गामा निजका श्रीमती तथा छोराहरूको अंशहक निहित नरहेको भन्ने अवस्था पनि देखिएको छैन। विवादित लिखतको बेहोराबाट नै रिझबापत लिखत गरिदिएको भन्ने देखिँदा राजीनामा लिखतसरह रकम लिनुदिनु गरी जग्गा खरिद बिक्री भएको भनी अर्थ गर्नु प्रासंगिक नहुने।

प्रतिवादी इन्द्रदेव महतोले मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं. बमोजिम घर व्यवहार चलाउने प्रयोजनको लागि जग्गाको हक हस्तान्तरण गरेको भन्ने देखिन नआएको र निजले एकाघरका श्रीमती तथा छोराहरूको मन्जुरी बिना मुनीदेवीलाई गरिदिएको विवादित हालैदेखिको बकसपत्रबाट यी वादीहरूको अंश हकमा असर परेको देखिन आएकोले निजहरूको हकमा बकसपत्रको लिखत बदरसमेत हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखिने।

अतः पुनरावेदन अदालत, हेटौंडाबाट प्रतिवादी इन्द्रदेव महतोले प्रतिवादी मुनीदेवी थरूनीलाई हक हस्तान्तरण गरिदिएको र.नं. १२७९ क मिति २०६७।५।१० को हालैदेखिको बकसपत्र लिखत तथा सोको आधारमा भएको दर्तासमेत वादीहरूको हकसम्म ५ भागको ४ भाग बदर गरी वादीहरूका नाउँमा दर्तासमेत हुने ठहऱ्याएको मिति २०७०।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-१२४५, निषेधाज्ञा / परमादेश, *तसौवर अली मुसलमानसमेत वि. हजरत तेली*

निवेदकले आफ्नो नाममा दर्ता रहेको कि.नं. ११४ को जग्गामा पूजापाठको लागि मस्जिद निर्माण कार्य थालनी गर्दा विपक्षी हजरत अली मुसलमानसमेतका विपक्षीहरूले यी निवेदक / प्रत्यर्थीलाई धार्मिक कार्य गर्न र सम्पत्ति उपभोग गर्नमा बाधा अवरोध नगरेको भए यी निवेदक / प्रत्यर्थीले मिति २०७१।०२।१५ मा तथा २०७१।०३।१६ मा

पटकपटक जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा निवेदन दिनुपर्ने अवस्थाको औचित्यता विपक्षीहरूले पुष्टि गर्नसकेको नदेखिने।

आफ्नो निर्विवाद हकभोग रहेको जग्गामा निवेदकले आफ्नो इच्छाअनुसार मस्जिद बनाई सोमा कानूनबमोजिम आफ्नो धार्मिक कार्य गर्न पाउने हक एवम् स्वतन्त्रतामा कसैले अवरोध गर्न मिल्ने देखिँदैन । एउटा मस्जिद भइरहेको गाउँमा अर्को मस्जिदको आवश्यकता नभएको भन्ने विपक्षीहरूको भनाइबाट निवेदक / प्रत्यर्थीको धार्मिक तथा सम्पत्ति उपभोग गर्ने अधिकारमा आघात पुग्न सक्ने आशङ्काको अवस्था विद्यमानता देखिएकोले विपक्षीहरूलाई निवेदक / प्रत्यर्थीको धार्मिक तथा साम्पत्तिक अधिकारमा अवरोध नगर्नु भनी निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था भई निवेदकको मागबमोजिमको निवेदकको सम्पत्ति भोग तथा धार्मिक मस्जिद बनाउन कुनै बाधा अवरोध नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।०८।०८ मा भएको आदेशलाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः माथि विवेचित आधार, कारण तथा प्रमाणहरू समेतबाट यी पुनरावेदक/विपक्षीहरूले पुनरावेदन अदालत, बुटवलबाट भएको आदेश के, कति कारणले बदर हुनुपर्ने हो ? सोको तथ्यगत एवम् कानूनी आधारसहित पुनरावेदन जिकिर लिनसकेको नदेखिएबाट निवेदकको मागबमोजिम निवेदकको सम्पत्ति भोग तथा धार्मिक मस्जिद बनाउनमा कुनै बाधा अवरोध नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।०८।०८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०६९-CR-०९६१ र ०७०-CR-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हसिना खातुनसमेत र मोहमद हसिर मियाँ वि. नेपाल सरकार*

प्रतिवादीमध्येका मोहमद हसिर मियाँको पुनरावेदन जिकिरबमोजिम हुने हो होइन भनी निर्णय दिनुपर्ने भई सर्वप्रथम वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीमध्येका अमरूदिन मियाँ र हसिना खातुन आरोपित कसुरमा इन्कार रहेको स्थितिमा निजहरू पनि मृतकउपर कुटपिट गर्नमा संलग्न रहेको भन्ने तथ्ययुक्त आधार प्रमाण अभियोग दाबीमा पनि खुलाउन सकेको पाइँदैन नत त्यस्तो आधार प्रमाण रहेको भनी पुनरावेदन पत्रमा खुलाउन सकेको अवस्था छ । मृतकको सासु, ससुरासँग कुनै खास झैझगडा वा रिसइवी परेको भन्ने तथ्य पनि खुलाउन सकेको पाइएन । जाहेरवाला सुलेमान मियाँको सुरू जाहेरीमा पनि यी प्रतिवादीद्वयउपर कुनै आरोप लगाउन सकेको देखिँदैन। सुरू अदालतसमक्ष बकपत्र गर्दा आमा, बुबा, ज्वाई भएर मारेका हुन् भनी लेखाए पनि आमा बुबाको संलग्नतालाई पुष्टि हुने कुनै आधार केही खुलाउन सकेको देखिँदैन। मुख्य अभियुक्त मोहमद हसिर मियाँको बयानमा पनि यी प्रतिवादीहरू अमरूदिन मियाँ र हसिना खातुनउपर कुटपिटको कार्यमा पोल गर्नसकेको नदेखिने।

रातको समयमा अलग स्थानमा सुते बसेका यी प्रतिवादीहरू र मृतककाबीच कुनै किसिमबाट झैझगडाका सङ्घर्ष भएको भन्ने पनि देखिन नआएकोले यी प्रतिवादीहरूलाई छोराबुहारीबीच भएको घटनाको विषयमा शङ्का र अनुमानकै भरमा दोषी करार गर्न मिल्नेसम्मको सुनिश्चित तथ्य प्रमाणको अभाव हुँदा यी प्रतिवादी द्वय अमरूदिन मियाँ र हसिना मियाँलाई आरोपित कसुरबाट सफाई दिने गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई

पुनरावेदन अदालत इलामबाट मिति २०६९/९/१ मा भएको फैसला न्यायसंगत नै देखिन आएकोले यी प्रतिवादीहरूलाई पनि अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले श्रीमतीले विष सेवन गरेको भन्ने कुराको जिकिर गरे पनि मृतकको अन्तिम अवस्था भएपछि मात्र आमा, बुबालगायतलाई खबर गरी अस्पताल लाने कार्य गरेको भन्ने देखिन आउँछ र मृतकको मृत्यु अस्पताल पुग्नुअघि नै भएको र निजले विषसेवन गरेको भन्ने कुराको समेत कुनै आधारभूत प्रमाणसमेत प्रतिवादी मोहमद हसिर मियाँको तर्फबाट आउन नसकेको अवस्थामा मृत्युपूर्व मृतक निहारि खातुनको सँगसाथमा रहे भएका यी प्रतिवादी मोहमद हसिर मियाँ नै आपराधिक दायित्व कायम हुन आउने।

प्रतिवादी मोहमद हसिर मियाँको यी प्रतिवादीबीच गर्भधारणको विषयलाई विवाद झैझगडा रहे भएको र मृतकउपर हात हाली घाँटी अँठ्याई कुटपिट गरेको भन्ने बयान बेहोरा र मृतकको शव परीक्षण प्रतिवेदन बेहोराबाट खुल्न आएको परस्पर तथ्यमा तादात्म्यता देखिन आएकोले आरोपित कसुरको दायित्वबाट यी प्रतिवादी मोहमद हसिर मियाँले आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था नरहेकोले यी पुनरावेदक प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम ज्यानसबन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।५।२० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६९।९।१ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्ने देखिन नआउने।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरू समेतबाट अभियोग मागदाबीबमोजिम मोहम्मद हसिर मियाँको कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय ठहऱ्याई अन्य प्रतिवादीहरू अमरूद्दीन मियाँ र हसिना खातुनलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू झापा जिल्ला अदालतबाट निति २०६८।५।२० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६९।९।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०३४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गबहादुर राई*

मृतकको लास जाँच मुचुल्काबाट ओठ सुन्निएको, बायाँ आँखामाथि घाउ भएको, बायाँ गालामा चोट भएको भन्ने देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा *Cause of death could be ascertained after viscera report arrival* भनी उल्लेख भएको र भिसेरा जाँच रिपोर्टमा *"The sample no. १-२ (stomach with its content, kidney, and liver) have shown negative tests for above mentioned insecticides, alcohol and phosphine gas* भन्ने उल्लेख भएको देखिन्छ। शव परीक्षण गर्ने चिकित्सक डा. सुजाता निरौलाले बकपत्र गर्दा *Blunt Trauma Abdomen* लडेर वा कुटपिट कुनै पनि कारणबाट हुनसक्छ, *Haemophagic shock* को कारण मृत्यु भएको हो, *Haemophagic shock* भनेको मानव शरीरबाट धेरै रगत बगेपछि *Brain, Heart, Kidney* जस्ता मुख्य अङ्गमा रगत नपुगेपछि मृत्यु हुने हो भनी उल्लेख गरेको देखियो । उक्त रिपोर्ट तथा बकपत्रसमेतबाट मृतक सीमा राईको मृत्यु कर्तव्यबाट नै भएको हो भनी किटानी रूपमा भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादीले निजको श्रीमतीले अत्यधिक रक्सी खाएको कारण आफैँ लडी मरेकी हुन्, कर्तव्य गरी मारेको होइन भनी आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकृतसमक्ष तथा अदालतमा समेत बयान गरेको देखिन्छ । घटना विवरण कागज गर्ने प्रेम राई, नवराज राई, नरेश सुनवार, जिनेद सुनुवार तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत प्रतिवादीकै बेहोरा समर्थन हुने गरी कागज गरेको देखिन्छ । निजहरूले अदालतमा आई बकपत्र गर्दासमेत मृतक सीमा राईले बारम्बार मादक पदार्थ सेवन गरिरहेको कारण कमजोर अवस्थामा रहेको र सोही कारण लडी मृत्यु भएको हो, प्रतिवादीले कुटपिट गरेको थाहा छैन भनी उल्लेख गरेको देखियो । यस अवस्थामा मृतक सीमा राईको मृत्यु यी प्रतिवादीको कर्तव्यबाट भएको भन्ने कुनै सबुद प्रमाण तथा विश्वसनीय आधार कारणसमेत वादी पक्षबाट प्रस्तुत हुनसकेको देखिन नआएकोले अनुमानको भरमा यी प्रतिवादी खड्गबहादुर राईलाई कसुरदार ठहर गर्न नमिल्ने ।

तसर्थ, पुनरावेदन अदालत, इलामबाट सुरूको फैसला उल्टी गरी प्रतिवादी खड्गबहादुर राईले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई मिति २०६८।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-११५८, लेनदेन, *घोघे धोवीसमेत वि. शकुन्तलादेवी अग्रवाल*

वादीले दाबी लिएको सक्कल लिखत वादीबाट दाखिला गराई प्रतिवादीहरूलाई देखाई अ.बं. ७८ नं. बमोजिम सनाखत बयान गराउँदा “वादीबाट मिति २०५८।०३।२८ गते रू.१,२५,०००।- लिएको हो । बाँकी रकम जग्गा राजीनामा पास हुने दिन दिने भनेका थिए । उक्त जग्गा रोक्का रहेकाले पास हुन नसकेको हो । लिखत मितिदेखि नै जग्गा वादीले भोगचलन गर्दै आएका छन्” भनी सनाखत बयान गरेको देखिएबाट उक्त लिखतलाई प्रतिवादीहरूले सद्दे भनी स्वीकारै गरेको देखियो । उक्त लिखत भएको तथ्यमा स्वीकार गरी मात्र रू. ४,२०,०००।- कर्जा लिएको नभई रू.१,२५,०००।- मात्र कर्जा लिएको भन्ने प्रतिवादीहरूको उक्त जिकिर रहेको देखिए तापनि उक्त लिखतमा रू. ४,२०,०००।- उल्लेख भएबाट प्रतिवादीको सो बयान जिकिरअनुसार रू.१,२५,०००।- मात्र लिएको भनी अर्थ गर्न नमिल्ने ।

प्रस्तुत मुद्दा लेनदेन सम्बन्धमा मात्र सिमित रहेको र जग्गा भोग गरेकै आधारमा ब्याजको विषय प्रभावित हुने अवस्था कानूनी रूपमा वा लिखतको सर्तबाट समेत स्पष्ट नभएको अवस्थामा वादीको भोगमा रहेको भनिएकै कारण ब्याज लिन नपाउने भन्न मिल्ने देखिएन । प्रतिवादीको नाउँ दर्ताको जग्गा अरूले भोग गर्न पाउने गरी कानूनत् अरूको भोगाधिकार सृजना भएको छैन वा होइन भने त्यस्तो जग्गा आफूले आफ्नो कब्जामा लिनसक्ने अधिकार प्रतिवादीमा निहित भएकै हुँदा त्यस्तो भोगलाई पक्षहरूका बीचमा लिखित सर्त रहे भएको अवस्थाबाहेक लेनदेन विषयको ब्याजसँग आवद्ध गरी हेर्न मिल्ने नदेखिने ।

तसर्थ वादी दाबीको लिखतलाई प्रतिवादीहरूले सद्दे स्वीकार गरेको अवस्थामा वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६९।१०।०२ को फैसला उल्टी गरी वादी दाबीबमोजिम साँवा र ब्याजसमेत प्रतिवादीहरूबाट वादीले दिलाई भराई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर

हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०७३२, निर्णय दर्ता बदर हक कायमसमेत, *मिठू आले मगरसमेत वि. मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार काठमाडौंसमेत*

वादीको फिराद दाबीमा रहेका प्रतिवादी प्रत्यर्थीहरू सरकारी कर्मचारी नदेखिई सरकारी कार्यालय देखिइरहेको र त्यस्तो सरकारी कार्यालयले जग्गा दर्ता गर्ने गरी गरेको निर्णय तथा दर्ता बदर गर्ने विषयमा प्रस्तुत फिराद परेको सन्दर्भमा प्रस्तुत फिरादको विषयवस्तु मुलुकी ऐन, जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. अन्तर्गतको भएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ८ (३) र नागरिक अधिकार ऐन, २०१२ को दफा १८ अन्तर्गतको भनी पुनरावेदन अदालतबाट सुरू कारवाही र किनारा हुनसक्ने प्रकृतिको देखिँदैन। यस स्थितिमा नागरिक अधिकार ऐन, २०१२ को दफा १९(१)(२) अन्तर्गतको अधिकारक्षेत्र देखाई पुनरावेदन अदालत, पाटनमा दायर गरेको कार्यलाई कानूनसम्मत निकायमा दायर भएको फिराद दाबी मान्न नमिल्ने।

अतः वादीले यथोचित कानूनी मार्ग अवलम्बन नगरी प्रस्तुत गरेको फिरादमा न्याय प्रशासन ऐनको दफा ८(३) र नागरिक अधिकार ऐन, २०१२ को दफा १८ अन्तर्गत पुनरावेदन अदालतलाई सुरू अधिकारक्षेत्र प्राप्त भएको सम्झन नमिल्ने भएकोसमेतको कारणबाट प्रस्तुत मुद्दाको सुरू कारवाही र किनारा गर्ने अधिकारक्षेत्र यस अदालतलाई कानूनले प्रदान गरेको नदेखिँदा प्रस्तुत मुद्दाबाट हक इन्साफ गर्नुपर्ने नदेखिई फिराद दाबी खारेज हुने ठहर्छ भनी मिति २०७१।४।१९ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-११७६, जालसाजी, *राजेश महर्जन वि. नानी महर्जन*

घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउनको लागि आफ्नो नाममा भएको जग्गा बिक्री वितरण गर्न पाउने।

विवादको कि.नं. ४८ को जग्गा पूर्णमान महर्जनको आफ्नो पैतृक सम्पत्ति नभई सो जग्गा मिति २०६४।५।१६ मा र.नं. ३३८ (ख) बाट मैत्री रत्न तुलाधरसँग राजीनामा पास गरी लिएको सुरू मिसिल संलग्न उक्त राजीनामा लिखतको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । यसरी उक्त कि.नं. ४८ को जग्गा पूर्णमान महर्जनको पैतृक सम्पत्ति रहेको देखिएन। सो जग्गा निजले आर्जन गरेको देखिएकोले आफैँले आर्जन गरेको जग्गा आफूखुस गर्न पाउने।

वादीका पिता पूर्णमान महर्जन घरको प्रमुख व्यक्ति भएको र घर खर्चको लागि भनी आफ्नै पालामा आर्जन गरेको कि.नं. ४८ को जग्गा आफूखुस गर्न पाउने देखिएको, उक्त जग्गा बिक्रीबाट आएको रकम बैंकमा राखेको अवस्थामा निज पूर्णमानको मृत्यु भएपश्चात् यी वादी राजेश महर्जनले सो रकम आफूले लिएको देखिएबाट निज राजेश महर्जनको अंश हक मार्ने नियतले विवादको कि.नं. ४८ को जग्गा जालसाजी गरी प्रतिवादी नानी महर्जनले लिएको मान्न मिलेन । प्रतिवादी नानी महर्जनले पूर्णमान महर्जनबाट मिति २०६४।१२।१ मा राजीनामाको माध्यमले पाएको

जग्गाको लिखत जालसाजी कायम हुनुपर्दछ भनी वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारण र प्रमाणबाट काठमाडौं जिल्ला अदालतले फिराद दाबीबमोजिम जालसाजी ठहर गर्ने गरी गरेको फैसला उल्टी गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।४।२८ मा फिराद दाबीबमोजिम लिखत बदर नहुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-CR-११७७, जालसाजी, *हकमाया महर्जन वि. नानी महर्जन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०९४९, उत्प्रेषण / परमादेश, *संजिव सेजवाल वि. भैरहवा भन्सार कार्यालय, बेलहिया रूपन्देहीसमेत*

भन्सार महसुल नतिरेको उक्त गाडीको सम्बन्धमा चोरी पैठारीमा कारवाही चलाउन भन्सार अधिकृतसमेतको प्रतिवेदनले भैरहवा भन्सार कार्यालयमा मुद्दा सुरू भएको र उक्त कार्यालयले भन्सार विभागबाट आवश्यक निर्देशनसमेत प्राप्त गरी भन्सार ऐनबमोजिम हक दाबीको सूचनासमेत प्रकाशन गरी कारवाही अगाडि बढाएकोसमेतका कारवाहीहरू भन्सार ऐनबमोजिम भई कानूनसम्मत रहेको देखिँदा सो सम्बन्धमा भए गरेका निर्णय, आदेश, निर्देशनहरू उत्प्रेषणको आदेशले बदर हुनुपर्छ भन्ने निवेदन दाबीसँग सहमत हुन नसकिने।

भैरहवा भन्सार कार्यालयले जफत गरेको दाबीको गाडीको सम्बन्धमा जारी गरेको हकदाबीको म्यादभित्र निवेदकको दाबी परेको पाइँदैन । म्यादभित्र दाबी नगरी निवेदक प्रस्तुत निवेदन लिएर अदालत प्रवेश गरेको देखियो । उक्त विषयमा भन्सार ऐन, २०६४ बमोजिमको प्रक्रिया अपनाई निर्णय गर्न पाउने सम्बन्धित भन्सार कार्यालयको अन्तरनिहित अधिकारमाथि हस्तक्षेप हुने गरी प्रस्तुत निवेदनबाट दाबीको गाडी के कसको हो वा उक्त गाडी के कसो हुने भनी बोल्न मिल्ने नदेखिँदा विवादित गाडी निवेदकलाई दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन दाबीसँग समेत सहमत हुन नसकिने।

तसर्थ, भन्सार ऐन, २०६४ अन्तर्गतको भन्सार कार्यालयबाट सोही ऐनबमोजिम दाबीको गाडीको सम्बन्धमा भए गरेका कारवाहीहरू कानूनसम्मत देखिएकोले सो सन्दर्भमा भए गरेका आदेश, निर्देशन तथा निर्णयहरू उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको, अन्य विपक्षीहरूको उक्त विवादमा प्रत्यक्ष सरोकार र संलग्नता नरहेकोले निजहरूलाई विपक्षी बनाइएको हकमा निवेदनको औचित्यता नरहेको तथा विपक्षी भन्सार कार्यालयमा विचाराधीन रहेको उक्त विवादमा निर्णय गर्ने साधिकार निकायको निर्णय गर्न पाउने कानूनबमोजिमको क्षेत्राधिकारमाथि हस्तक्षेप हुने गरी दाबीको गाडी निवेदकलाई दिनू भनी परमादेशको आदेशसमेत जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: विकाशकुमार रजक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१५५५, ०७१-CR-१६१७, कर्तव्य ज्यान, *अर्जुन थारू वि. नेपाल सरकार र नेपाल सरकार वि. मंगल सिंह थारूसमेत*

प्रतिवादीहरू अर्जुन थारू र टेकबहादुर थारूले सुरू अदालतमा वारदातको दिन आफूहरू वारदातस्थलमा नरहेको र कसको कुटपिटबाट मृतकको मृत्यु भएको हो सोबारे थाहा जानकारी नभएको भनी इन्कारी बयान गरेको भए तापनि उक्त दाबीलाई प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम पुष्टि गर्नसकेको अवस्था देखिँदैन । कुनै कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिमा नै प्रमाणको भार रहन्छ भन्ने व्यवस्था उक्त दफामा रहेकोमा यी प्रतिवादीहरूले सो दाबीलाई पुष्टि गर्ने कुनै पनि प्रमाण पेस नगरी केवल अदालतमा इन्कारी बयान मात्र गरेको देखिन्छ । यस अवस्थामा यी प्रतिवादीहरूले कसुर इन्कार गरी अदालतमा गरेको बयान विश्वासयोग्य नदेखिने।

जाहेरवालाको जाहेरी दरखास्त र बकपत्र, मौकामा कागज गर्ने तुल्सीराम थारू, बजारू थारू र जितबहादुर थारूको मौकाको कागज तथा बकपत्र, प्रतिवादी टेकबहादुर थारू र अर्जुन थारू तथा अन्य प्रतिवादीहरू मंगल सिंह थारूसमेतले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, अदालतमा उपस्थित भई बयान गर्ने प्रतिवादी जुहारीलाल थारू र पृथ्वी थारूको बयान तथा लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएबाट यी प्रतिवादीहरूको कुटपिटबाट नै मृतक सुन्दरलाल थारूको मृत्यु भएको पुष्टि हुन आउने।

प्रतिवादीहरू मंगल सिंह थारू, खेमे भन्ने यमराज थारू, दिलबहादुर थारू, भुपेन्द्र रेग्मी, अशोक थारू, हरीराम थारू, राजकुमार थारू, श्याम थारू र राजु थारूको मृतकको ज्यान लिने कार्यमा प्रत्यक्ष संलग्नता नरहेको भए तापनि मिसिलसाथ संलग्न रहेको बोक्सा हौ भनी पीडितहरूले गरेको कबुलियतनामाको कागजमा यी प्रतिवादीहरू साक्षी बसी सहीसमेत गरेको देखिएबाट यी प्रतिवादीहरू समेत मत सल्लाहमा परेको र वारदातको समयमा यी प्रतिवादीहरूको समेत उपस्थिति रहेको भन्ने देखिन्छ। यसरी यी प्रतिवादीहरूले ज्यान लिने कार्यमा केही नगरेको भए तापनि मतसल्लाहमा परी वारदातको समयमा उक्त स्थानमा रही हेरिरहेको अवस्था देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम नै सजाय गर्नुपर्ने देखिएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू जुहारीलाल थारू र पृथ्वी थारूले अदालतसमक्ष गरेको बयानमा अपराध कसुर इन्कार गरेको देखिन्छ भने अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयानमा यी प्रतिवादीहरूलाई पोल गरेको अवस्था देखिँदैन । प्रतिवादी अर्जुन थारूले अनुसन्धानको क्रममा गरेको बयानमा यी प्रतिवादीहरूसमेत कुटपिटमा संलग्न नभै हेरी बसेको भनी उल्लेख भएको छ भने मौकामा कागज गर्ने घटनाबाट पीडित तुल्सीराम थारू, बजारू थारू र जीतबहादुर थारूले मौकाको कागज र बकपत्रमा समेत यी प्रतिवादीहरू संलग्न रहेको भनी उल्लेख गर्नसकेको देखिँदैन । त्यसैगरी यी प्रतिवादीहरूको इन्कारी बयानलाई निजका साक्षीहरूले समर्थित हुने गरी बकपत्र गरेको र मृतक सुन्दरलाल थारूसमेतलाई बोक्सा हो भनी कबुलियतनामामा यी प्रतिवादीहरूको नाम उल्लेख गरी सही गरेको देखिए तापनि सो सही निज प्रतिवादीहरूकै हो भनी पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबाट सफाइ दिने गरि भएको फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः माथि विवेचित आधारमा सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी

पुनरावेदन अदालत, नेपालगञ्जले गरेको मिति २०७१।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरू अर्जुन थारू र टेकबहादुर थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नंविपरीत सोही महलको १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरे तापनि प्रस्तुत मुद्दाको वारदातस्थलमा यी प्रतिवादीहरू मात्र उपस्थित नरही भिडको उपस्थिति रहेको, मृतकलाई मार्नेसम्मको पूर्वयोजना रहेको खुल्न नआएको तथा यी प्रतिवादीहरूको विगतको आचरण र चालचलन आपराधिक किसिमको नदेखिएको परिस्थितिसमेतलाई विचार गर्दा यी प्रतिवादीहरूलाई सर्वस्वसहितको जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले यी प्रतिवादीहरू अर्जुन थारू र टेकबहादुर थारूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम जनही १२ वर्ष कैद हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१०२६, कर्तव्य ज्यान, *मिठूमाया वि.क. वि. नेपाल सरकार*

प्रतिवादीले सुरू अदालतमा गरेको बयानमा मेरो कुटाइको कारणले नभई बिमार लागी निजको मृत्यु भएको हो। निजको बिमार हेर्दा मुखभरी फिँज फाँडेको कारण छारे रोग लागेजस्तो लाग्यो भनी उल्लेख गरेको भए तापनि सो कुरा कहीँकतैबाट पुष्टि हुनसकेको अवस्था देखिँदैन । यस अवस्थामा प्रतिवादीले मृतकलाई हातले २ झापड मात्र हानेको भनी मान्न मिल्ने अवस्था देखिँदैन। प्रतिवादीले मृतकलाई गाग्री र मुड्ग्रोलगायतका साधनले हिर्काएको कारण नै मृतकको मृत्यु भएको देखिने।

भवितव्य आकस्मिक घटना वा आशयरहित अप्रत्याशित कार्य हो र भवितव्यबाट घटना घट्न गएको भन्ने जिकिर लिनेले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन, कानूनी साधनअनुसार कानूनी कार्य भएको थियो र काम गर्दा उच्च सतर्कता अपनाइएको थियो भन्ने प्रमाणित गर्नुपर्ने।

गाग्री मुङ्ग्रोजस्ता साधनको प्रहारबाट मानिसको मृत्यु हुनसक्छ भन्ने परिणामको ज्ञान प्रतिवादीलाई थिएन भनी मान्न मिल्ने अवस्था देखिँदैन। त्यसैगरी प्रस्तुत घटना आकस्मिक रूपमा घटेको दुर्घटना नभई आपसी वादविवाद भएपछि एक पक्षले अर्को पक्षलाई प्रहार गरेपश्चात् घटेको घटना हो । यहाँ कानूनी साधनहरूको प्रयोग भएको तथा सावधानीपूर्वक काम गर्दागर्दै मृतकको मृत्यु भएको अवस्था नरहेको सन्दर्भमा भवितव्यबाट मृतकको मृत्यु भएको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम भवितव्यबाट मृतकको मृत्यु भएको नभई प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी गाग्रो र मुङ्ग्रोजस्ता साधनको प्रयोग गरी मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम सजाय गर्ने गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।७।२० को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-RC-०११६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भिमबहादुर हायूसमेत*

मृतकलाई मार्नेसम्मको प्रयास नगरेको भए घाइते अवस्थामा बेहोस रहेका मृतकको वरिपरि घेरा हाली बसेका प्रतिवादीहरूले निजलाई तत्काल उपचारलगायत निजको उद्धारको कार्यमा सक्रिय संलग्नता रहेको नदेखिएको हुँदा निज मृतक कान्लाबाट आफैं हामफालेकोले निजलाई चोट लाग्न गएको भन्ने प्रतिवादीहरूको कथन विश्वसनीय रहेको मान्न सकिएन। यिनै प्रतिवादीहरूको प्रहारबाट गम्भीर घाइते भई सोही चोटपीडाले मृत्युवरण गर्नु परेको अवस्था देखिएको हुँदा निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७३।०१।०८ को फैसला सो हदसम्म मिलेकै देखिने।

प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएकोमा विवाद छैन । प्रतिवादीहरू धेरैजना भई निर्मम तरिकाबाट लखेटी लखेटी हत्या गरेका छन् । मृतकउपर टाउकोसमेतमा कडा चोट प्रहार भएको छ । यस्तो अवस्थामा प्रतिवादीहरूलाई के, कुन आधारमा घटी सजाय गर्ने ? घटनाको प्रकृतिबाट प्रतिवादीहरूलाई अ.बं. १८८ नं. प्रयोग गरी सजाय घटाउनु उक्त नं.को कानूनी व्यवस्था, सो कानूनी व्यवस्थाको मर्म र भावनाविपरीत समेत हुन जाने हुँदा अ.बं.१८८ नं. बमोजिम पाँच वर्ष मात्र कैद सजाय हुनुपर्ने भनी पुनरावेदन अदालत, जनकपुरबाट व्यक्त भएको रायसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित विश्लेषणका आधारमा प्रतिवादीहरू भिमबहादुर हायू, सुरेश हायू, विक्रम हायू, सृजन हायू, भरत हायू र अनिल हायूलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० वर्ष कैद गर्ने गरेको सुरू सिन्धुली जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई निज प्रतिवादीहरूलाई अभियोगदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७३।१।८ को फैसला मनासिब देखिएकोले सदर हुने ठहर्छ । निज प्रतिवादीहरूका हकमा पुनरावेदन अदालत, जनकपुरबाट अ.बं.१८८ नं. बमोजिमको प्रस्तावित राय कायम नरहने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः हर्कमाया राई
इति संवत् २०७४ साल असार १५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१४५०, ०७१-CR-१४६१, कर्तव्य ज्यान, *गजेन्द्र वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. गजेन्द्र वि.क.*

मनसायसहितको हत्या हुनको लागि प्रतिवादीले उक्त आपराधिक कार्य गर्नका लागि मनसाय बनाएको, सोलाई पूरा गर्न तयारी गरेको, योजना बनाएको, त्योअनुसारको कार्य गरी मार्ने प्रयास गरेको र कार्यलाई सम्पन्न गरेको देखिनु पर्थ्यो। कुनै आपराधिक कार्य गर्न प्रतिवादीले पहिलेदेखि मनसाय बनाएर सोअनुसार कार्य गरेको छ, छैन भन्ने कुरा उसले गरेको कार्यबाट देखिनु पर्ने।

कानूनविपरीतको कुनै एउटा कार्य गर्दा परिणाम अर्को आएको खण्डमा त्यस्तो कार्यलाई भवितव्य मान्न मिल्दैन । यसका साथै कानूनसम्मत कार्य गर्दासमेत उचित रेखदेख र सावधानी अपनाएर गरिनु पर्दछ । उचित रेखदेख र सावधानी नअपनाई कुनै कानूनसम्मत कार्य गर्दा परिणाम

अर्को आएको खण्डमा पनि त्यसलाई भवितव्य मान्न नमिल्ने।

वारदात घटाउन प्रतिवादीको कुनै मनसाय रिसइवी आदि केही रहेको देखिँदैन । जोखिमी हातहतियारको प्रयोग गरेको छैन । मृतकले प्रतिवादीलाई गाली गर्दा तत्काल उठेको रिसबाट हात मुक्का लातले कुटपिट गर्दा प्रेम वि.क. खम्बाको धारमा ठोकिन गएको देखिन्छ । यसबाट मृतकले प्रतिवादीलाई गाली गर्दा निज आवेशमा आई कुटपिट गरेको र सोही चोटको कारण प्रेम वि.क.को मृत्यु भएको अवस्था देखिन्छ। यसर्थ आवेशप्रेरित हत्याको वारदात कायम गरी सोहीअनुसार सजाय गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिलेन । भवितव्य कायम हुनुपर्दछ भनी प्रतिवादीको एवम् मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सजाय हुनुपर्दछ भनी वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी गजेन्द्र वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको कैलाली जिल्ला अदालतको फैसलालाई उल्टी गरी ऐजन महलको १४ नं.को कसुरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।९।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७३-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्ग नेपाली*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मृतक श्रीमतीलाई खोजतलास गर्दा ग्याल्जे शेर्पाको घरमा सुकेको घाँसमाथि अत्याधिक मादक पदार्थ सेवन गरी सुतिरहेको देखी मैले निजको घुँडामुनि दुई लात्ती कुटपिट गरेँ मृतक उठी करिब २० मिटर पर गई भिरबाट लडेको र लडेको कारणबाट छातीमा हल्का चोट लागेको हुँदा निजको शरीरबाट अत्याधिक रगत बगी मृत्यु भएको हो भनी अत्याधिक मादक पदार्थ सेवन गरी भिरबाट लडेको कारणबाट मृत्यु भएको हो, मैले कर्तव्य गरी मारेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि लास जाँच मुचुल्कामा मृतकको अनुहार तथा शरीरको दुवै हात, पाखुरा, तिघ्रा, पिडौँलालगायतमा नील डामहरू तथा चोटहरू रहेको भन्ने उल्लेख भएको र मृतकको मृत्यु आन्तरिक रक्तस्रावको कारणबाट भएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको हुँदा अत्याधिक मादक पदार्थ सेवन गरी भिरबाट लडेको कारणबाट अत्याधिक रगत बगी निजको मृत्यु भएको हो मैले कर्तव्य गरी मारेको होइन भनी प्रतिवादीले सुरू अदालतमा गरेको बयान पुष्टि हुने अन्य कुनै भरपर्दो आधार मिसिलबाट देखिन नआएको हुँदा अदालतसमक्ष गरेको इन्कारी बयानको भरमा मात्र निज प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने आधार बन्न नसक्ने।

अनुसन्धानको क्रममा खडा भएको घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको कागज, घटना विवरण कागजसमेतबाट जाहेरी एवम् प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष भएको साबिती बयान समर्थित भएको हुँदा यी प्रतिवादी खड्ग नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब देखिन आउने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादी खड्ग नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०८३९, उत्प्रेषण, *सुवप्रसाद रिजाल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

निवेदकले बढुवा हुनको लागि माग गरेको पदमा नै निजको बढुवा भई हाल कार्यरत रहेको भन्ने देखिँदा निजको बढुवासम्बन्धी प्रयोजन पूरा भइसकेकोले रामप्रसाद रेग्मीसमेतका विपक्षीहरूलाई बढुवा गर्ने गरी भएको बढुवा समितिको निर्णय तथा पत्राचारलगायतका काम कारवाही सम्बन्धमा थप विवेचना गरी रहन परेन । तसर्थ, उक्त निर्णय तथा पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिरअनुसार आदेश जारी गर्नुपर्ने प्रयोजन नदेखिने।

निजामती सेवा ऐनको परिवर्तित व्यवस्थाअनुसारको भौगोलिक क्षेत्रमा काम गरेबापतको अङ्कको गणना मिति २०६५।४।१ देखि हुने र मिति २०६४ साउन १ गतेदेखि २०६५ असार मसान्तसम्म निजामती सेवा ऐनको दोस्रो संशोधन हुनुअघिकै आधारमा अङ्क गणना गरेको कारण आफू बढुवा हुन नपाएको भन्ने दाबीसमेत निवेदकको रहेको देखियो । यसरी निजामती सेवा ऐनमा भएको दोस्रो संशोधनको असङ्गत प्रयोग गरी भौगोलिक क्षेत्रबापतको अङ्क गणना गरिएको कारण लोक सेवा आयोगको बढुवा सूचना नं.१०१।२०७०।०७१ अनुसार कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवाबाट निवेदकले वञ्चित हुनुपरेको देखियो । यी निवेदक बढुवाको लागि योग्य भएकै कारण अर्को सूचना नं. १०३।०७२-७३ को विज्ञापनमा बढुवा भएको निजको नियुक्ति पत्रको प्रतिलिपिसमेतबाट देखियो। यसरी यी निवेदक मागबमोजिमको पदमा बढुवा भएको देखिए तापनि पछिल्लो मितिको आधारमा निजको सेवाको ज्येष्ठता कायम गर्दा वृत्तिविकासको सन्दर्भमा निजलाई स्वाभाविक रूपमा मर्का पर्ने देखिन्छ । यसो गर्नु समन्यायिक दृष्टिबाट समेत उपयुक्त हुने नदेखिने।

तसर्थ, निवेदकको रा.प. द्वितीय श्रेणीको पदमा सेवाको ज्येष्ठता प्रयोजनको लागि लोक सेवा आयोगको बढुवा सूचना नं. १०१।०७०।७१अनुसार बढुवा समितिबाट बढुवा सिफारिसमा परेका रामप्रसाद रेग्मीलगायतका विपक्षीहरूको बढुवा मिति कायम भएसरह यी निवेदकको समेत ज्येष्ठता कायम गर्नु, गराउनु भनी बढुवा समितिको सचिवालय, लोक सेवा आयोगसमेतका विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-WO-०८४०, *उत्प्रेषण, सुवप्रसाद रिजाल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०९४३, उत्प्रेषण / परमादेश, *गौरीशंकर उपाध्यायसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

सूचीको योग्यताक्रम १ र २ मा सिफारिस

गरिएका गौरीशंकर उपाध्याय र रामप्रसाद रेग्मीको हकमा योग्यताक्रम परिवर्तन गर्नुपर्ने आधार कारणसमेत विपक्षी आयोगले आफ्नो निर्णयमा खुलाएको नै पाइयो। यसका अतिरिक्त लोक सेवा आयोगबाट भएको उक्त निर्णयबाट निवेदकहरूको हक हितमा तात्विक असर परेको अवस्था पनि देखिएन। तसर्थ आयोगबाट सिफारिसक्रममा केही सामान्य परिवर्तन गर्ने गरी भएको निर्णय कानूनप्रतिकूल देखिन नआउने।

बढुवा समितिको निर्णयअनुसार बढुवा सिफारिस भएकामध्येका कुनै व्यक्तिको नाम हटाइने र सो सिफारिसमा नाम समावेश नभएका व्यक्तिको नाम थपिने भई बढुवा सिफारिसमा परिवर्तन भएको स्थिति भएमा त्यसलाई बढुवा सिफारिस संशोधन भएको मान्नु पर्दछ। बढुवाउपर परेको उजुरी खारेज भएको (दाबी नपुग्ने ठहर गरिएको) अवस्थामा नाम लेखाई, योग्यताक्रम निर्धारणजस्ता सामान्य प्राविधिक कुरामा गरिएको आनुसांगिक हेरफेर वा सुधारलाई निजामती सेवा नियमावली, २०५० को नियम ८४(२)(क) को प्रयोजनको लागि “बढुवा सिफारिसमा संशोधन भएको” भनी अर्थ लगाउनु तर्कपूर्ण देखिँदैन। बढुवा समितिले जो जसलाई बढुवाको लागि सिफारिस गरेको थियो उही व्यक्तिहरूले बढुवा पाउने, नयाँ कुनै नाम नथपिने, भएको कुनै नाम नहट्ने गरी लोक सेवा आयोगबाट उजुरीउपर सुनुवाइपश्चात् निर्णय भएको देखिँदा यसलाई सिफारिस संशोधन भएको भनी ठहर गर्नु मनासिब देखिँदैन। योग्यताक्रम १ र २ मा गरिएको परिवर्तनप्रति स्वयम् बढुवा पाउने उम्मेदवारले चित्त नबुझाई संशोधन गरिनु नपर्ने जिकिरसहित प्रस्तुत रिट निवेदन गरेको देखिएको छ। तसर्थ ज्येष्ठता प्रयोजनका लागि बढुवा मिति २०७१।१।१६ नै कायम गर्नु मनासिब देखियो। अतः रिट निवेदकहरूको रा.प. द्वितीय श्रेणीमा बढुवा भएको मिति २०७१।१।१६लाई नै ज्येष्ठता प्रयोजनका लागि मिति कायम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-WO-०३३७, उत्प्रेषण / परमादेश, *नरमाया कटुवाल वि. गाउँ विकास समितिको कार्यालय, मृगौलिया मोरङसमेत*

विपक्षी सरस्वती कार्कीले सासू नरमाया कटुवाल र पति कविराज कटुवाललाई विपक्षी बनाई मिति २०७०।९।२२ मा हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता कायम मुद्दा मोरङ जिल्ला अदालतमा दर्ता गरेको मिसिल संलग्न फिरादपत्रको प्रतिलिपिबाट देखिन्छ। उल्लिखित मुद्दा मोरङ जिल्ला अदालतमा दर्ता गरेपश्चात् सासू नरमाया कटुवालको नाम दर्ताको कि.नं. ७६०, ६६८, ७५९ र ३५ का जग्गा रोक्का राख्न विपक्षी / वादी सरस्वती कार्कीले निवेदन दिएकोमा मोरङ जिल्ला अदालतबाट रोक्का राख्ने आदेशबमोजिम मालपोत कार्यालय, मोरङलाई रोक्का राख्न पत्राचार गरेको देखिन्छ। रिट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम जिल्ला प्रशासन कार्यालयको आदेशले मालपोत कार्यालय, मोरङले जग्गा रोक्का राखेको नदेखिने।

तसर्थ उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालय मोरङसमेतले निवेदन दाबीबमोजिम निवेदकका नाउँको जग्गा रोक्का राखिएको भन्ने नदेखिँदा एवम् यिनै निवेदक नरमाया कटुवालसमेतलाई विपक्षी बनाई विपक्षीमध्येकी सरस्वती (कार्की) कटुवालले नाबालक छोरा भोजराज कटुवालको हकमा हालैको बकसपत्र बदर मुद्दा दर्ता गरी उक्त मुद्दाबाट रोक्का राख्न पत्राचार गरेको देखिएको र सोतर्फ

निवेदकको निवेदन दाबीसमेत नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव) : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-१०८९, उत्प्रेषण / परमादेश, *जीतबहादुर रायमाझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

कानूनबमोजिम निवेदकको जग्गा अधिग्रहण गरेपछि उक्त अधिग्रहण गरेको जग्गाको मुआब्जा पाउने नपाउने सम्बन्धमा जिम्मेवारी पाएका निकायहरूले यथासमयमै निर्णय गरी टुङ्गो लगाउनु पर्दछ । धेरै समयसम्म अनिर्णित, अनिश्चित र संशययुक्त अवस्थामा रहन दिनुहुँदैन । जुन कामका लागि कानूनले जसलाई अधिकार दिएको छ, सो कार्य सोही निकाय वा अधिकारीले यथासमयमा गर्नुपर्ने हुन्छ । अधिग्रहण भएको जग्गाको मुआब्जा पाउँ भनी पूर्वाञ्चल डिभिजन प्रमुख लाहान सिराहाका डिभिजन प्रमुखलाई सम्बोधन गरी निवेदन परेको र सो निवेदन परेपछि डिभिजन सडकले नापीलाई पत्राचार गरी प्रक्रिया सुरू गरिसकेपछि डिभिजन सडकले निवेदकको निवेदन सम्बन्धमा निर्णय गरिदिनु पर्नेमा सो निवेदनलाई टुङ्गोमा नपुर्‍याई लामो समयसम्म थन्काई राखी आफ्नो दायित्व पूरा गरेको देखिएन । त्यस्तो निवेदनलाई अनिश्चितकालसम्म नराखी समयमा नै टुङ्गोमा पुर्‍याउनु पर्दछ । निर्णय नगरी राख्न नमिल्ने ।

तसर्थ, निवेदक जीतबहादुर रायमाझीले अधिग्रहण गरी बाँकी रहेको अर्थात् बढी भएको जग्गा फिर्ता पाउँ भनी मिति २०६९।३।२० समेतमा पूर्वाञ्चल डिभिजन कार्यालय ५ नं. डिभिजन प्रमुख लाहान सिराहामा निवेदन दिएकोमा मुआब्जा दिने वा जग्गा फिर्ता दिने सम्बन्धमा निर्णय गर्नुपर्नेमा निर्णय नै नगरी राखेको देखिँदा निवेदकको निवेदनको सन्दर्भमा यथाशीघ्र निर्णय गरिदिनु भनी पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं.५, लाहान, सिराहासमेतका विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-०९०२, उत्प्रेषण / परमादेश, *रामबहादुर बुर्लाकोटीसमेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौंसमेत*

निवेदकहरूका नाममा मोहीको हैसियतले हक कायम हुन आएको जग्गामा भूमिसुधार कार्यालयले कानूनबमोजिम बुझी निर्णय गरी सो निर्णय अन्तिम भई मालपोत कार्यालय, चावहिलबाट जग्गाधनी पुर्जा प्राप्त गरी भोग गर्दै आएको जग्गामा पुनः कारवाही उठान गरी निर्णय बदर गर्न पठाउन सक्ने अधिकार मालपोत अधिकृतलाई प्रदान गरेको देखिँदैन । सोही जग्गाको विषयमा भूमिसुधार र मालपोत कार्यालयबाट कामकारवाही भई अन्तिम भएको अवस्थामा आफ्ना कर्मचारीको प्रतिवेदन लिएजस्तो गरी दोहोरो स्रेस्ता देखियो भनी दर्ता निर्णय बदर गर्न पठाई क्षेत्राधिकारभन्दा बाहिरको विषयमा प्रवेश गरी दर्ता निर्णय बदर गर्न खोज्नु बिल्कुलै उचित कार्य होइन । विपक्षी मालपोत कार्यालय, साँखुले क्षेत्राधिकार नाघी भए गरेका काम कारवाहीले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । यस दृष्टिबाट विपक्षी मालपोत कार्यालयको २०७२।१२।१६ को पत्राचार एवम् सोबमोजिम भए गरिएका काम कारवाहीलाई कानूनअनुकूल मान्न नमिल्ने ।

कसैको हकहितमा असर पर्ने गरी कुनै निर्णय गर्नुपूर्व सम्बन्धित असर पर्ने व्यक्तिलाई सुनुवाइको अवसर प्रदान गर्नु आवश्यक हुन्छ । यो एक स्थापित

न्यायिक मान्यता हो । यस मान्यता प्रतिकूलका निर्णयले मान्यता नपाउने, बदर हुने भनी यस अदालतबाट पटक-पटक व्याख्या, विवेचना र सिद्धान्त प्रतिपादन भएका छन् । यस दृष्टिबाट हेर्दासमेत विपक्षी मालपोत कार्यालयको निर्णय र पत्राचारसमेतका कामकारवाही न्यायिक मान्यता, न्यायका आधारभूत सिद्धान्तअनुकूल देखिन नआउने ।

मालपोत कार्यालयले मोठ फाँट तथा कम्प्युटर फाँटबाट प्रतिवेदन परेको भन्ने बेहोरा उठान गरी प्रतिवेदन परेको भनेको आधारमा कानूनबमोजिम कायम भएका स्रेस्ताहरू मालपोत ऐन, २०३४ को दफा ३२(ख) बमोजिम बदर गर्नसक्ने नै हुँदैन । दर्ता बाँकी रहेका भनिएका जग्गाहरूको स्रेस्ता खडा भई गएको हो ? होइन ? दोहोरो दर्ता भएको हो वा होइन भन्ने सम्बन्धमा हेरी निरूपण गर्न मिल्ने हुन्छ । जग्गा दोहोरो दर्ता भए नभएको सम्बन्धमा हेर्ने क्षेत्राधिकार प्रत्यर्थी भूमिसुधार तथा व्यवस्थापन विभागको रहेको पनि नदेखिने ।

तत्कालीन जग्गाधनी आनन्द शमशेर ज.ब.रा. ले हदबन्दीसम्बन्धी कारवाहीबाट निवेदकहरूका नाममा दर्ता भएका जग्गाहरू राख्नेभित्र नरोजी हक छाडी परित्याग गरिसकेको अवस्थामा उल्लिखित जग्गा भूमिसुधार कार्यालयले जफत गरी जग्गा कमाउने मोहीहरूको नाममा बिक्री वितरण गरेकोले निवेदकहरूका नाममा कायम हुन आएको देखिन्छ । सो जग्गाहरूको भूमिसुधार कार्यालयबाट निर्णय भई अन्तिम भएको अवस्थामा भूमिसुधार कार्यालयको निर्णय कार्यान्वयन गर्ने क्रममा मालपोत कार्यालयले जग्गा दर्ता गरी जग्गाधनी पूर्जा दिएको देखिएको अवस्थामा उक्त जग्गामा मालपोत कार्यालय, साँखुले दोहोरो स्रेस्ता दर्ता भयो भन्ने प्रतिवेदनका आधारमा निवेदकहरूको नाउँमा रहेको जग्गाको दर्ता स्रेस्ता निर्णय बदर गराउन भूमिसुधार व्यवस्थापन विभागमा पत्राचार गरेको देखियो । ती जग्गामा कसैको हक छ भने निजले सो सम्बन्धमा उजुर पनि गर्नसक्छ र त्यसरी उजुर परेमा कानूनबमोजिम साधिकार निकायबाट निर्णय हुनसक्ने नै हुन्छ । निवेदकहरूको निर्विवाद हक स्वामित्व स्थापित भएका जग्गाहरूका स्रेस्ता बदर गर्ने सम्बन्धमा प्रत्यर्थी मालपोत कार्यालय, साँखुले मिति २०७२।१२।१६ को निर्णय एवम् भूमिसुधार व्यवस्थापन विभागलाई गरेको पत्राचारलगायत सोबमोजिम भए गरेका काम कारवाहीसमेत त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६६-CI-०३९४, आयकर (०५६/५७), *महेन्द्रमान गुरूङ वि. सिद्धेश्वरकुमार सिंह*

आयकर ऐन, २०५८ मिति २०५८।१२।१९ गते राजपत्रमा प्रकाशित भई लागू भएको पाइन्छ । उक्त ऐनको दफा १४३(४) मा यो ऐन लागू हुनुभन्दा अधिका आय वर्षको आयकर निर्धारण र असुलउपर गर्नेसम्बन्धी व्यवस्थाहरूका सम्बन्धमा आयकर ऐन, २०३१ को व्यवस्थाहरू लागू हुनेछन् भनी उल्लेख भएको छ । यसबाट प्रस्तुत आ.व.२०५६।०५७ को आयकर निर्धारणको विषयको प्रस्तुत विवादमा आयकर ऐन, २०३१ का व्यवस्थाहरू नै आकर्षित हुने देखिन आयो । आयकर ऐन, २०३१ खारेज भई आयकर ऐन, २०५८ आइसकेकोले सोही ऐनको व्यस्था लागू हुने हो भन्ने पुनरावेदकका विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने ।

आयकर ऐनअनुसारको विशेष परिस्थितिमा मात्र पुनरावेदन सुनी निर्णय गरेको सम्बन्धमा पुनः

अर्को तह पुनरावेदन लाग्ने सम्बन्धमा उक्त ऐनले कुनै व्यवस्था गरेको नदेखिँदा एक तह पुनरावेदन सुनी गरेको निर्णय नै अन्तिम हुने हुन्छ । सोउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने ।

न्याय प्रशासन ऐन, न्याय प्रशासनका सम्बन्धमा एक सामान्य कानून हो । कुनै विषयमा बनेको विशेष ऐनले सो सम्बन्धमा विशेष व्यवस्था गरेको अवस्थामा उक्त सामान्य ऐनको व्यवस्था लागू हुँदैन । कर निर्धारण गर्ने आदेशउपर निवेदन तथा पुनरावेदन सुन्ने सम्बन्धमा छुट्टै व्यवस्था भई निवेदन सुनी आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णयउपर सामान्यतयाः पुनरावेदन नै नलाग्ने र उल्लिखित विशेष परिस्थिति देखिई पुनरावेदन अदालतले पुनरावेदन गर्ने अनुमति दिएमा मात्र पुनरावेदन लाग्न सक्ने गरी विशेष व्यवस्था गरेको अवस्था छ । एक तह पुनरावेदन गर्नसमेत विशेष परिस्थितिको देखिई अनुमति लिनुपर्ने गरी कानूनी व्यवस्था भएको र सोउपर पनि पुनरावेदन लाग्ने भनी कुनै कानूनी व्यवस्था भएको नदेखिएको अवस्थामा यस्तो विशेष परिस्थितिमा मात्र एक तहसम्ममा पुनरावेदन सुनी गरेको निर्णयउपर पुनः पुनरावेदन नलाग्ने नै हुन्छ । जबरजस्ती रूपमा अर्को अर्थात् न्याय प्रशासन ऐनको कानूनी व्यवस्था आकर्षित हुने भनी पुनः पुनरावेदन लाग्ने गरी अर्थ गर्न मिल्दैन । यसरी छुट्टै ऐनले विशेष व्यवस्था गरिदिएको अवस्थामा न्याय प्रशासन ऐन, आकर्षित हुन सक्दैन । यसबाट प्रस्तुत मुद्दामा यस अदालतमा पुनरावेदन लाग्नसक्ने नै नदेखिएकोले प्रस्तुत मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय दिनुपर्ने देखिन नआउने ।

अतः माथि विवेचित आधार र कारणबाट आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयउपर पुनरावेदन गर्ने अनुमति पाई पुनरावेदन अदालतबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्नसक्ने कुनै कानूनी व्यवस्था रहेभएको नदेखिएकोले पुनरावेदन अदालत, पाटनको मिति २०६६।२।३१ को फैसलाउपर परेको प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल चैत २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-CI-०२७१, अंश चलन, *दशरथ खड्का वि. तोकबहादुर खड्कासमेत*

फिराद लेखबाट पुनरावेदक तत्कालीन शाही नेपाली सेनामा रिकुट (रेग्रूट) पदमा सेवा प्रवेश गरेको भन्ने देखिन्छ । पुनरावेदकको पेन्सनपट्टाबाट निजले २०१९ सालमा सेवा प्रवेश गरेको भन्ने देखिन आउँछ । जसबाट नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिअनुसार सेवा प्रवेश गर्दा निज १३ वर्षको मात्र देखिन आउँछ जुन स्वाभाविक देखिँदैन भने पुनरावेदकको पेन्सनपट्टामा नै जन्ममिति २००१।११।१९ उल्लेख भएको र सोबाट निज १८ वर्षको उमेरमा सेवा प्रवेश गरेको देखिन आउँछ जो स्वाभाविक देखिन्छ । यसबाट उमेरको आधारमा न्वारन गराई पाउँ भनी वादीको आमाले दायर गरेको उक्त मुद्दा आफ्ना विरूद्ध प्रमाण नलाग्ने भन्ने पुनरावेदकको उक्त जिकिर तथ्यसङ्गत नदेखिने ।

पुनरावेदकले न्वारन गराइपाउँ मुद्दाको वादीको नामथर नै नमिलेको, २००६ सालमा जन्मेको व्यक्तिले २०१८ सालमा 'न्वारान गराई पाउँ' भन्ने दाबी गरेको भन्नु हास्यास्पद रहेको, फैसलाको सक्कलप्रति नभएको भन्नेसमेत जिकिर लिनु भएको भए पनि सो मुद्दाको प्रतिवादीको नाममा जारी म्यादसँग गएको फिरादको नक्कल प्रतिवादीको साथमा रहेको र सो फिरादको नक्कल प्रतिवादीसँग रहनुको कारण पुनरावेदकले खुलाउन सक्नु भएको देखिँदैन भने सो

फिरादको नक्कलमा लागेको वादीको ल्याप्चे सहिछाप पुनरावेदकको नमुना ल्याप्चे सहिछापसँग भिडाउँदा फिरादपत्रको ल्याप्चे छापको फोटो क्यू २ र नमुना ल्याप्चे छापको फोटो ए ३ मा १ देखि ११ अङ्कसम्म पर्याप्त मात्रामा प्रस्ट भेटिएका रेखाका गुणहरू भिडाई परीक्षण गरी फिरादपत्रको कारणीको ल्याप्चे छापको जात र रेखाका गुणहरूसँग नमुना ल्याप्चे छापको देखिएको जात र रेखाका गुणहरू आपसमा भिडी मिलेको अर्थात् एकै व्यक्तिका ल्याप्चेछाप लाग्न गएका हुन् भनी विशेषज्ञले राय दिएको सुरू मिसिल संलग्न राय प्रतिवेदनबाट देखिन आएको र सो राय व्यक्त गर्ने विशेषज्ञले अदालतमा उपस्थित भई आफूले परीक्षण गरी व्यक्त गरेको रायलाई समर्थन गरी बकपत्र गरिदिनु भएको अवस्था छ र सो राय यो यस कारण अन्यथा हो भन्ने पुनरावेदकको भनाई जिकिर रहेको पाइएन। यसरी वैज्ञानिक परीक्षणबाट प्रतिवादीले प्रमाणमा दिएको लिखतमा रहेको ल्याप्चे सहिछाप पुनरावेदकको नमुना ल्याप्चे सहिछापसँग भिडेको देखिएकोले डल्ले सुवेदी भन्ने व्यक्ति यिनै वादी रहेको तथ्य पुष्टि हुन आउने।

संवत् २०१८ सालको मुद्दामा बुझिएका वादी प्रतिवादीका साक्षी, सर्जमिन एवम् ठाडो बुझिएकी खीलकुमारी, निजका पूर्वपति भनिएका चक्रबहादुरको बयान एवम् प्रमाणमा आएको संवत् २००२ सालको 'न्वारान गराई पाउँ' भन्ने मुद्दाको फैसलासमेतका प्रमाणहरूको विस्तृत मूल्याङ्कन, विश्लेषण गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०२३।०९।६ मा फैसला भएको देखिन्छ। उक्त फैसलाको मिसिल प्राप्त नभए पनि त्यस्तो फैसला भएकै होइन, सो फैसला यो यस कारणले अन्यथा हो भन्ने पुनरावेदकको भनाइ रहेको पाइएन। उक्त मुद्दाको फिरादपत्रको नक्कलमा भएको ल्याप्चे सहिछापसँग वादीको नमुना ल्याप्चे भिडेकोले सो मुद्दा २०१८ सालको न्वारन गराई पाउँ भन्ने मुद्दा दायर गर्ने वादी आफू नभएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर मनासिब मान्न सकिने स्थिति नरहने।

जहाँसम्म पुनरावेदकको नागरिकताको प्रमाणपत्रबाट प्रतिवादी वादीको पिता रहेको देखिएको छ। उक्त नागरिकताको प्रमाणपत्र प्रतिवादीबाट सनाखत नभएको भन्ने निर्विवाद तथ्य रहेको अर्थात् पुनरावेदक वादी स्वयम्ले प्रतिवादीलाई पिता उल्लेख गरी उक्त प्रमाणपत्र लिएको देखिँदा त्यस्तो प्रमाणपत्रलाई पितृत्व यकिन गर्ने निर्विवाद आधार मान्न सकिने अवस्था रहेन। सो कुरालाई अन्य प्रमाणले पनि पुष्टि गरेको पनि देखिँदैन। वादीले आफ्नो एकतर्फी रूपबाट लिएको नागरिकता प्रमाणपत्रमा बाबु तोकबहादुर खड्का भनी लेखाएको र सोही नागरिकताको आधारमा तयार भएका अन्य लिखतमा बाबु तोकबहादुर लेखिन गएको कुरालाई आधार मानी वादीको बाबु तोकबहादुर कायम गर्ने हो भने माथि उल्लेख भएका तथ्य एवम् प्रमाणहरूको औचित्य नै समाप्त हुन जाने हुन्छ। अतः पुनरावेदकले पेस गरेको निर्विवाद नरहेको नागरिकताको प्रमाणपत्रको आधारमा पुनरावेदक / वादीलाई प्रतिवादी तोकबहादुर खड्काको छोरा मान्न सकिने अवस्था नदेखिने।

अतः माथि प्रकरणहरूमा विवेचित आधार, कारण र प्रमाणहरू समेतबाट यस अदालतको संयुक्त इजलासबाट मिति २०७३।४।२० मा मुद्दा दोहोऱ्याई हेर्नका लागि दिइएका आधार र कारणहरूसँग यो इजलास सहमत हुन नसकी, पुनरावेदक वादी प्रतिवादी तोकबहादुरको छोरा देखिन नआई निज प्रतिवादीको अंशियार नाताका देखिन नआएकाले वादीले प्रतिवादीबाट अंश पाउने अवस्था नरहेबाट अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।३।२१ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन

अदालत, पाटनबाट मिति २०६९।११।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१५३५, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. भेषमान श्रेष्ठ*

प्रतिवादीको फोटोसम्म टाँस भएको सवारीचालक अनुमतिपत्रको फोटोकपीसम्म बरामद भएको भन्ने देखिएको छ । सो फोटोकपीको सक्कलप्रति अर्थात् सरकारी छाप वा सरकारी कर्मचारीको दस्तखत भएको सवारीचालक अनुमतिपत्र अभावमा सरकारी छाप दस्तखत किर्ते गरेको भनी यकिन गर्ने अवस्थाको विद्यमानता नदेखिने ।

नक्कली सरकारी छाप दस्तखत प्रयोग गरेको लिखतको अभावमा सरकारी छाप दस्तखत किर्ते गरेको कसुरमा दोषी ठहर गर्नु न्यायोचित नहुने हुँदा निज प्रतिवादी भेषमान श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।२५ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०५५४, जबरजस्ती करणी, *नेपाल सरकार वि. पूर्णबहादुर तामाङ*

पीडित "झ" कुमारीलाई करणी गर्ने मनसायले घरपछाडि मकैबारीमा लगेको भए तापनि निजले करणी गर्न नमानेको कारण करणी गर्न नपाएको भनी प्रतिवादीले गरेको बयानबाट देखिन आउँछ भने पीडितको योनिको कन्याजाली च्यातिएको बाहेक निजको योनिलगायत शरीरको अन्य भागमा कुनै घाउचोट परेको वा चिथोरिएको आदि केही पनि रहे भएको नपाइएको र निजउपर जबरजस्ती करणी भएको हो भन्ने विश्वसनीय प्रमाण मिसिल संलग्न रहे भएको अवस्थासमेत देखिँदैन । पीडितको कन्याजाली जबरजस्ती करणीबाहेक अन्य कारणहरूले च्यातिन सक्ने अवस्था हुन्छ । करणीकै कारणबाट कन्याजाली च्यातिएको भन्ने शङ्कारहित एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा केवल पीडितको कन्याजाली च्यातिएकै आधारमा जबरजस्ती करणी भएको हो भन्ने अनुमान गरी प्रतिवादीलाई दोषी करार गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने ।

तसर्थ उपर्युक्त तथ्यगत अवस्था एवम् मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी हेर्दा निज प्रतिवादीको मौकामा तथा अदालतसमेतमा भएको इन्कारी बयान, पीडित एवम् प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितले बताएकै आधारमा प्रतिवादीलाई गडाउ गरेको भन्ने मौकामा बुझिएको व्यक्तिहरूको बकपत्रसमेतका आधारमा प्रतिवादी पूर्णबहादुरले पीडित "झ" कुमारीलाई जबरजस्ती करणीको उद्योगसम्मको कसुर अपराध गरेको देखिने ।

श्री भृकुटी निम्न माध्यमिक विद्यालय पालुङ्गटार-७, गोरखाको मिति २०६९।६।१७ को पत्रबाट निज प्रतिवादी पूर्णबहादुरको जन्ममिति २०५४।३।२९ रहेको भन्ने लेखिआएको देखिँदा प्रस्तुत वारदात हुँदाका अवस्थामा निजको उमेर १५ वर्ष पूरा भई १६ वर्ष नपुगेको भन्ने देखिन आएकोले निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को

दफा ११(३) को व्यवस्थासमेत आकर्षित हुने।

प्रतिवादीले पीडित परिवर्तित नाम "झ" कुमारीलाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको पुष्टि हुन आएको र निज प्रतिवादी १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा मुनिको नाबालक भन्ने भृकुटी निम्न माध्यमिक विद्यालयको भर्ना रजिष्टरबाट देखिन आएकोले निज प्रतिवादीलाई मुलकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम हुने सजायमा उद्योगतर्फ ऐ.को ५ नं. बमोजिम आधा सजाय हुने भई निज नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम सो उद्योगतर्फको सजायको आधा २ वर्ष ६ महिना कैद सजायसमेत हुने ठहऱ्याई भएको सुरू गोरखा जिल्ला अदालतको मिति २०७०।१।१० को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।३।११ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। अतः यसमा पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१३५२, कर्तव्य ज्यान, *सिता देवी वि. नेपाल सरकार*

मृतक छोरीको श्रीमान् घरमा नभएको मौका पारी यी प्रतिवादीहरूले पूरा योजना बनाई मृतक छोरीलाई कर्तव्य गरी मारेको हो भन्नेसमेत एउटै बेहोरा मिलान गरी मृतकका बाबु भोला चौधरी, राजकुमार साह र रामबावु चौधरीसमेतका मानिसहरूले गरिदिएको घटना विवरण कागज देखिन्छ। तसर्थ, जाहेरवालाले दिएको किटानी जाहेरी, मृतकको लास प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी सीतादेवीको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयान तथा भिषेरा परीक्षण प्रतिवेदनको आधारसमेतबाट मृतक राम दुलारी देवीको मृत्यु स्पष्टरूपमा कर्तव्यबाट भएको हो भन्ने कुरा निर्विवादरूपमा पुष्टि भइरहेको देखिँदा यी प्रतिवादी सीतादेवीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुर अपराध गरेको देखिन आउने।

मौकामा नै भएको लास प्रकृति मुचुल्कामा मृतकको मुखबाट रगत जस्तो तरल पदार्थ बगेको भनी उल्लेख भएको देखिन्छ। पछि मुखबाट निस्किएको तरल पदार्थ लागेको तन्ना, तकियालगायतका कपडाहरू आगो लगाई जलाइदिएको भनी प्रतिवादी सीतादेवीले बयान गरेको पाइन्छ। मृतकको शरीरमा सम्पूर्ण नयाँ कपडाहरू लगाई सुताएको अवस्था देखिन्छ। त्यस्तै सीतादेवीले मृतकलाई आफ्ना पतिले मुखमा तकियाले छोपी श्वास अवरूद्ध गरी मारेका हुन् भनी गरेको बयान शव परीक्षण प्रतिवेदनबाट समर्थित हुन्छ कि हुँदैन भनी हेर्दा, मृतकको मृत्युको कारण Asphyxia and Respiratory failure and final cause of asphyxia will be found after viscera examination भनी उल्लेख भएको छ। अर्थात् मृतकको मृत्यु श्वास प्रश्वास अवरूद्ध भएर भएको हो, उक्त कुराको पुष्टि भिषेरा रिपोर्ट प्राप्त भएपछि हुनेछ भनी उल्लेख गरेको देखियो। अर्थात् प्रतिवादी सीतादेवीले अनुसन्धानमा मृतकको मुख थुनी हत्या गरेको हो भनी उल्लेख गरेको कुरा शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि हुन आएको देखिने।

प्रारम्भमा नै जाहेरवालाले दिएको किटानी जाहेरी, घटनास्थल तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी सितादेवीको मौकामा भएको बयान तथा भिषेरा

परीक्षण प्रतिवेदनको आधारसमेतबाट मृतक राम दुलारी देवीको मृत्यु कर्तव्यबाट भएको हो भन्ने पुष्टि हुन आएको देखिँदा यी पुनरावेदक / प्रतिवादी सीतादेवीलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।२।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

आफूसँग राति सँगै सुतेका पति गान्धी साह कलवारले रातको ११ बजे बुहारी राम दुलारीलाई जबरजस्ती करणी गर्न खोज्दा बुहारीले नमानी मर्ने प्रयत्न गरेको अवस्थामा सामाजिक लोकलज्जाबाट बच्न र आफ्ना पतिले गरेको कुकर्मबाट आफू र पतिसमेतलाई बचाउने उद्देश्यले प्रतिवादी सीतादेवीले मृतकको खुट्टा समाएको भन्ने देखिन्छ । मृतक र प्रतिवादी सीतादेवीबीच कुनै प्रकारको रिसइवी देखिँदैन। मृतकलाई मार्नु पर्ने मनसाय पनि देखिँदैन। मार्नेसम्मको पूर्वयोजना पनि देखिँदैन। आफ्नो पतिले गरेको कुकर्म जोगाई राख्न मृतकको शरीरमा भएका लुगाहरू जलाई मृतकलाई नुहाई तेल लगाई नयाँ लुगा लगाइदिएको देखिन्छ। वारदात हुँदाको परिस्थिति र मृतकलाई समाउन जानुपर्ने परिस्थितिले प्रतिवादी सीतादेवीलाई अभियोग मागदाबीबमोजिम ठहर भएको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष मात्र कैद सजाय हुने भनी भएको पुनरावेदन अदालत, जनकपुरबाट पेस भएको राय केही उल्टी भई वारदातको परिस्थिति हेर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी सीतादेवीलाई ६ (छ) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०१३१, उत्प्रेषण, *डा. राजकुमार महत्तो वि. स्वास्थ्य मन्त्रालय, रामशाह पथसमेत*

सरूवा गर्ने निर्णय गर्दा निजको सेवा अवधि करिब ८ महिना बाँकी रहेको देखिन्छ। नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ ख देहाय (च) मा "अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि भएको कर्मचारीलाई निजले लिखित रूपमा मागेको अवस्थामा बाहेक सरूवा गरिने छैन" भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाले सरूवा गर्ने अधिकारीलाई अनिवार्य अवकाश हुन १ वर्ष वा सोभन्दा कम अवधि भएको कर्मचारीको हकमा लिखित माग वा मन्जुरी विना सरूवा गर्नबाट निषेध गरेको देखियो । कानूनले नै निषेध गरेको विषयमा निवेदकलाई अप्ठ्यारो पर्दैन बरू फाइदा नै पुग्छ। निवेदकको हितअनुकूलको छ भनी जिकिर लिँदैमा त्यस्ता कार्य कानूनअनुकूलको मान्न मिलेन । अतः निवेदकलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल सरूवा गर्ने गरी माननीय मन्त्रीस्तरबाट मिति २०७४।५।५ मा भएको निर्णय र सोबमोजिम लेखिएको पत्रसमेतका काम कारवाही उल्लिखित नियम ३१ ख को देहाय (च) प्रतिकूल देखिने।

तसर्थ माथि उल्लिखित आधार र कारणबाट सेवाबाट अनिवार्य अवकाश हुन १ वर्षभन्दा कम अवधि बाँकी रहेका निवेदकलाई राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुको एघारौं तहको निर्देशक पदबाट चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको एघारौ तहको प्रमुख कन्सल्टेन्ट प्याथोलोजिष्ट पदमा नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७४।५।५ को निर्णय, सो निर्णयबमोजिम गरिएको पत्राचार कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुने

ठहर्छ । साथै अब निवेदकलाई निजको लिखित सहमतिविना बाँकी अवधि सरूवा नगर्नु, सो पदमा रही काम कारवाही गर्न कुनै अवरोध नगर्नु भनी विपक्षीका नाउँमा प्रतिषेधको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल मङ्सिर ३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-१३६३, उत्प्रेषण / परमादेश, *नरबहादुर रावलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

नेपाल सरकारले मालपोत ऐनको दफा २४(१) को प्रयोजनको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ जारी गरेको देखिन्छ । उक्त कार्यनीतिको दफा ३(२) मा नेपाल सरकारको नाममा रहेका सरकारी जग्गा नेपाल सरकारका कुनै निकायलाई आवश्यक परेमा सिफारिस समिति र जग्गा माग गर्ने निकायको केन्द्रीय निकायको सिफारिस तथा मन्त्रालयको सहमतिमा कार्यालयले सम्बन्धित निकायको नाममा दाखिल खारेज गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । निवेदन दाबीको जग्गा उल्लिखित कार्यनीतिअनुसारको प्रक्रिया पूरा गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको निर्णयअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयसमेतका ८ वटा स्थानीयस्तरका कार्यालयलाई उपलब्ध गराइएको देखिन्छ । नेपाल सरकारको नाउँमा रहेको जग्गा सरकारी कार्यालयहरूलाई उपलब्ध गराउन वन ऐन, २०४९ को दफा १६ ले रोक लगाएको अवस्था पनि नदेखिने ।

तसर्थ नेपाल सरकारको नाउँमा रहेको जग्गा सरकारी प्रयोजनका लागि सरकारी कार्यालयहरूलाई उपलब्ध गराउन इन्कार गर्नुपर्ने कानूनी आधार र औचित्य नदेखिएकोले वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार मन्त्रीस्तरको मिति २०७३।२।९ मा भएको निर्णय र नेपाल सरकार, सचिवस्तरको मिति २०७३।५।१ मा भएको निर्णय र सो निर्णयबमोजिम मन्त्रालय, विभाग तथा रारा राष्ट्रिय निकुञ्ज कार्यालयले मालपोत कार्यालयसमेतलाई गरेको परिपत्रलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार मन्त्रिस्तरको मिति २०७३।२।९ मा भएको निर्णय र नेपाल सरकार, सचिवस्तरको मिति २०७३।५।१ मा भएको निर्णय र सो निर्णयबमोजिम मन्त्रालय, विभाग तथा रारा राष्ट्रिय निकुञ्ज कार्यालयले मालपोत कार्यालयसमेतलाई गरेको परिपत्रलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहरेको यस अवस्थामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०७३।१।२० को मन्त्रिस्तरको निर्णय र सो निर्णयअनुसारका कामकारवाही कार्यान्वयन गर्न सकिने नै हुँदा परमादेशको आदेश जारी गरी रहनु नपर्ने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देविना खतिवडा

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१६२० र ०७२-CI-०५०८, अंश दपोट, *साकिर अलि शाह वि. महबुब अलि साई, महबुब अलि साई वि. महबुब अलि साईसमेत*

पुनरावेदक प्रतिवादी महबुब अली साईलाई प्रतिवादी बनाई निजका छोराहरू मेराज अली साईसमेतले बाँके जिल्ला अदालतमा दिएको दे.नं. १०५४ को अंशमुद्दामा २०५०।६।२२ मा लियाकत अलीको नाममा दर्ता रहेको कि.नं. ४६६, ५२० र ५२२ को जग्गा माहिला छोरा विलायत अली र प्रतिवादी महबुब अलीको २ अंश भाग लाग्ने र सो जग्गा प्रतिवादी

महबुब अलीको जिम्मामा रहने गरी र बाँकी अंशियारले घरजग्गा अंशबापत लिएको मिसिल संलग्न मिलापत्रको प्रतिलिपिबाट देखियो। त्यसैगरी यिनै प्रतिवादी महबुब अली वादी भई छोरा विलायत अली साईउपर ०५५ सालको दे.नं. ९८३ अंश मुद्दा दिई बाँके जिल्ला अदालतले सो मिलापत्रबमोजिम मुहमद अलीको जिम्मा रहेको सम्पत्तिबाट वादीले बराबर गरी आधाआधा अंश लिन पाउने गरी २०५६।५।६ मा फैसला भएको रहेछ। सोही जग्गामध्ये आफ्नो हकको आधा जग्गा बिक्री गरी कित्ताकाट भई बाँकी जग्गा दाबीको जग्गा रहेको भन्ने तथ्यमा पुनरावेदक वादीले अन्यथा भन्नसकेको पाइँदैन । उक्त जग्गा अंशियारभित्रको नाममा रहेको देखियो। ती सम्पत्ति निज प्रतिवादीको निजी आर्जनको सम्पत्ति रहेको भन्ने जिकिर देखिँदैन। अर्कातर्फ यी वादी प्रतिवादीसमेतबीच अंश मुद्दा चल्नुभन्दा अगावै निज प्रतिवादीको नाउँ दर्ताको रहेको देखिँदा अब सो दाबीको सम्पत्तिमा वादीको हक नपुग्ने भन्न नमिल्ने।

प्रतिवादी र निजका छोराहरूबीच अंश मुद्दा चल्नुअगावै २०४९ र २०५५ सालमा नै अंश मुद्दा चली मिलापत्र र फैसलासमेत भई बन्डा भइसकेको भन्ने अवस्था देखिएको तथा ती मिलापत्र र फैसलाउपर वादीले अन्यथा गराएको देखिँदैन। एकै अंशियारका दाजु नाताका प्रतिवादीका हाँगातर्फ अंश मुद्दा २०४९ साल र २०५५ सालमा चली कारवाही किनारा लागेको अवस्थामा २०५९ सालमा चलेको यी वादी प्रतिवादीसमेत बीचको अंश मुद्दामा फाँटवारी दिँदा दाबीको सम्पत्ति यी प्रतिवादीले दबाउनका लागि उल्लेख नगरेको भनी मान्न मिलेन। स्वयम् वादीसमेतले प्रतिवादीको विभिन्न मुद्दाबाट हक हुन आएको दाबीको सम्पत्तिमा जानकारी नै नपाएको भनी अनुमान गर्न मिलेन। पुनरावेदक वादीले दाबीको सम्पत्तिको बारेमा थाहा जानकारी पाएको र दबाए छिपाएको भन्ने नदेखिँदा दाबीको सो सम्पत्तिसमेत यी वादी प्रतिवादीलगायत निजहरू तिन अंशियारकाबीच बन्डा लाग्ने गरी ३ भागको १ भाग सम्पत्ति वादीले पाउने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला अन्यथा हुन गएको भन्ने पुनरावेदन जिकिरहरू न्यायोचित रहेको देखिन नआउने।

तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक वादीले प्रतिवादीको नाउँको दाबीको जग्गाबाट ३ भागको १ भाग अंश छुट्याई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जले गरेको मिति २०७१।८।८ को फैसला मिलेकै देखिँदा सदरहुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ ३० गते रोज ६ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-१४३९, मानव बेचबिखन तथा ओसारपसार, *सरस्वती वि.क. वि. नेपाल सरकार*

जाहेरी दरखास्त प्रतिवादी सरस्वती वि.क.ले गुल्मी तम्घासबाट निजको माइती जुभुङ झिरबाससम्म पीडितहरूलाई लगेको कुरा स्वीकार गरी गरेको बयान, मौकाको कागज गर्ने दुर्गाबहादुर पल्लीको बकपत्र र पीडिताहरूको बकपत्रसमेतबाट पीडित बालिकाहरूलाई प्रतिवादी सरस्वती वि.क.ले काममा लगाइदिनका लागि फकाई निजकी छोरी सहप्रतिवादी सरीता र भिनाजु दुर्गाबहादुर पल्लीले भारतको पन्जाव हरियाणामा लगेको भन्ने देखिने।

प्रतिवादी सरस्वती वि.क.ले भिनाजु नाता पर्ने दुर्गा बहादुर पल्लीलाई फोन गरी पीडितहरूलाई नेपाल ल्याइएको भनी गरको बयानलाई समर्थन गरी म, छोराछोरी, श्रीमती, प्रतिवादी सरीता र पीडित २

केटीसमेत भई मेरो जुभुङको घरबाट हिँडी भारतको हरियाणा पुगेका र मसँग दुई रात बसी अर्को दिन भारतको संग्रिष्टा भन्ने ठाँउमा गएका हुन् । ५।६ दिन काम गरी काम गर्न असजिलो भयो भनी मेरा छोरीहरूसँग भनेपछि मैले बाटा खर्च जुटाई गुल्मी ल्याइ दिएको हुँ भनी घटना विवरण कागज गर्ने दुर्गा बहादुर पल्लीको बकपत्रबाट देखिने ।

पीडितहरूलाई नाचगान गर्ने स्थानमा काममा लगाई दिएको र काम गर्न कठिन भएको भनी निज पीडितहरूले भनेपछि दुर्गाबहादुर पल्लीले गुल्मी तम्घासमा १५ दिनमै पुऱ्याई दिएको भन्ने देखिन्छ । स्वयम् पीडिताहरूको बकपत्रबाट समेत निजहरूलाई वेश्यावृत्तिमा वा अन्य कुनै अनैतिक कार्यमा लगाएको भन्ने देखिन आएन । पीडितहरूलाई अभिभावकको मन्जुरीबेगर भारतमा लगेको र त्यहाँ नाचगानको काममा लगाएको र बस्न कठिन भएपछि १५ दिनमै भारत लग्ने दुर्गाबहादुर पल्लीले नै नेपाल फर्काई दिएको देखिने ।

माथि उल्लिखित तथ्यबाट पीडिताहरूलाई अभिभावकको मन्जुरीबेगर फकाई फुलाई भारतमा पठाउने काममासम्म प्रतिवादीको संलग्नता रहेको देखियो । त्यहाँ बस्दा निजहरूलाई वेश्यावृत्ति वा अन्य कुनै अनैतिक काममा लगाएको नभई नाचगानको काममा लगाएको र बस्न कठिन भएपछि नेपाल फर्काइदिएको देखिन्छ । यस अवस्थामा निजहरूलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले भारतमा लगेको भनी प्रतिवादीउपरको अभियोग पुष्टि हुनसक्ने देखिएन। पीडितहरूलाई सरस्वती वि.क.ले श्रम शोषण गर्ने उद्देश्य राखी अभिभावको सहमतिसमेत नलिई विदेश भारतमा आफ्नो छोरी सहप्रतिवादी सरीतासँग पठाएकोसम्मको कसुर गरेको मिसिलबाट स्थापित भएको अवस्थामा मानिस किन्न बेच्न वा वेश्याबृत्तीमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेका हकमा आकर्षित हुने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(ङ)(१) अनुसार प्रतिवादी सरस्वती वि.क.लाई १५(पन्ध्र) वर्ष कैद र रू. १ लाख जरिवाना गरी निजबाट ५० हजार क्षतिपूर्ति भराइदिने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।१०।१२।२ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई पीडितहरूलाई श्रम शोषण गर्ने उद्देश्यले भारत लगेको देखिँदा ऐ. ऐनको दफा १५(१)(च) नं. बमोजिम निज प्रतिवादी सरस्वती वि.क.लाई ५(पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-०९३२ र ०६८-CR-१२६८, जालसाजी, *निर्मला कार्की राईसमेत वि. सीतादेवी कार्कीसमेत र सुशिला कार्कीसमेत वि. डा. उदयबहादुर कार्कीसमेत*

प्रतिवादी हिराकुमारी साही र इच्छावती साहीले विवादको कि.नं. ५६५ र ५६६ को जग्गा खरिद गर्दा यी प्रतिवादीहरू उक्त जग्गाका हक लाग्ने अंशियारहरू हुन् भन्ने कुराको जानकारी थियो भनी उल्लेख गरेपनि कुनै प्रमाणबाट उक्त कुरा पुष्टि हुनसकेको देखिँदैन । जग्गा खरिद बिक्री गर्ने क्रममा कोही कसैले यी प्रतिवादीहरूलाई उक्त बेहोरा जानकारी गराएकोसमेत देखिँदैन । यस अवस्थामा यी प्रतिवादीहरूले वादीको अंश हक मार्ने दुषित मनसायबाट मिलेमतो गरी जग्गा खरिद गरेका हुन् भनी पत्याउने कुनै विश्वसनीय आधार वादी पक्षले देखाउन सकेका पनि देखिन आउँदैन । साथै विवादको जग्गा खरिद बिक्री हुँदा वादीमध्येका सुशिल कार्की र सुशिला कार्की २१ वर्ष पुगेको नदेखिँदा निजहरूको मन्जुरी लिइरहनु पर्ने नभई निजहरूको अंश हकमा असर पुग्न गयो भनी अर्थ गर्न मिल्ने नदेखिँदा निजहरूको हकमा वादीदाबी पुग्न नसक्ने र खरिदकर्तालाई सो जग्गामा यी वादीको हक

लाग्ने पूर्वजानकारी थियो भन्ने नदेखिँदा यी प्रतिवादी हिराकुमारी साही र इच्छावती साहीको हकमा समेत सम्पूर्ण लिखत जालसाजी घोषित हुनुपर्ने भन्ने वादीको मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने पुनरावेदनसरहको जिकिर र निजहरूतर्फका विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने।

प्रमाण ऐन, २०३१ को दफा ६ (क) बमोजिम एकाघरका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेका सम्पत्ति सबै अंशियारहरूको समान हक लाग्ने सम्झनु पर्ने कानूनी व्यवस्था रहे भएको हुँदा सगोलका अंशियार वादीमध्येका सुशिल कार्की र सुशिला कार्की २१ वर्षमुनिको देखिँदा निजहरूको मन्जुरी लिनुपर्ने नभएपनि वादीमध्येकी सीतादेवी कार्कीको मन्जुरी लिनुपर्नेमा मन्जुरी लिएको नदेखिँदा वादीको हकहितमा असर पर्न गएको हुँदा सो हदसम्म विवादको जग्गाको पारित लिखतको ६ भागको १ भाग लिखत जालसाज ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिँदा मुद्दा दोहोर्‍याई हेर्ने अनुमतिको आदेश प्रतिवादीको पुनरावेदनसरहको जिकिर र निजतर्फका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ: विवादको कि.नं. ५६५ र ५६६ को पारित लिखतमध्ये वादी सीतादेवी कार्कीको हकमा सम्म ६ भागको १ भाग लिखत जालसाज ठहर गरी प्रतिवादी हिराकुमारी साही र इच्छावती साहीको हकमा जालसाजी नठहर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।२।८ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।२३ र मिति २०६८।३।२७ को दुवै फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल मङ्सिर २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-WO-०३१९, उत्प्रेषण / परमादेश, *सतिशचन्द्र मिश्रसमेत वि. ईलाका मालपोत कार्यालय, मझगावा रूपन्देहीसमेत*

विपक्षी नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कि.नं. १४४, १३५ कित्ता जग्गाहरू नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गर्दा निवेदकहरूलाई प्रतिवाद गर्ने वा आफ्नो तर्क प्रमाण पेस गर्ने मौका प्रदान गरेको देखिएन। सुनुवाइको मौका नदिई एक पक्षीय रूपमा गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको सिद्धान्तविपरीत भई बदरभागी हुने हुन्छ। अरू कसैको हक, भोग र स्वामित्वको जग्गा तथा सम्पत्ति अन्य कुनै निकाय आफैँले निर्णय गरी हक र स्वामित्व परिवर्तन गर्ने गरेको निर्णय तथा पत्राचार एवम् सोसँग सम्बन्धित कामकारवाहीसमेत प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुन्छ। निवेदकहरूलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकहरूलाई प्रतिवाद गर्ने सुनुवाइको मौका दिनुपर्नेमा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल निवेदकहरूलाई बुझ्दै नबुझी गरेको निर्णय कायम रहन सक्ने अवस्था नरहने।

विपक्षी नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०५७।११।२८ मा निर्णय गर्दासमेत निवेदकहरूलाई प्रतिवाद गर्ने मौका प्रदान गर्नुपर्नेमा सो नगरी निवेदकहरूका पिता अनिरूद्धप्रसाद मिश्रको नामको दर्ताको जग्गा सार्वजनिक ठहर गरेको देखिन्छ। यसरी निवेदकहरूलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकहरूलाई प्रतिवाद गर्ने मौका दिनुपर्नेमा प्रतिवाद गर्ने मौकाबाट समेत वञ्चित गरी निवेदकहरूलाई बुझ्दै नबुझी मालपोत विभागको च.नं.५१३० मिति २०५०।९।१२ को पत्राचार र

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०५७।११।२८ को निर्णयले निवेदकहरूको साम्पत्तिको हकको प्रचलनमा प्रतिकूल असर पर्ने देखियो। तसर्थ विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको मिति २०५७।११।२८ को निर्णय तथा तत्सम्बन्धी अन्य कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने।

निवेदकले उल्लेख गरेको जिल्ला रूपन्देही रामपुर गाउँ विकास समिति वडा नं. ५ कि.नं. १४४ को जग्गा नापी हुँदाका अवस्थामा गडाहा भनी उल्लेख गरी जग्गाधनी प्रमाणपुर्जामा अनिरूद्धप्रसाद मिश्र र ऐ.ऐ. वडा नं. ७ कि.नं. १३५ को जग्गामा पोखरी भनी उल्लेख भई जग्गाधनी प्रमाणपुर्जामा समेत अनिरूद्धप्रसाद मिश्र भनी उल्लेख भई उक्त कि.नं. १४४ र कि.नं. १३५ को जग्गा यी निवेदकहरूले भोग गरी आएको भन्ने जिकिर हुँदा निवेदकहरूका पिता अनिरूद्धप्रसाद मिश्रको नाउँमा दर्ता रहेको भनी नापीको समयमा उल्लेख भएको जग्गालाई श्री ५ को सरकारको नाउँमा दर्ता कायम गर्दा स्रेस्तामा देखिएको व्यक्तिलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम बुझी सुनुवाइको मौका दिई निजलाई आफ्नो भनाइलाई प्रमाणित गर्ने प्रमाण कागज भए सोसमेत पेस गर्न लगाई पेस भएका प्रमाणहरूलाई यथोचित व्याख्या र विश्लेषण गरी उल्लिखित जग्गा मागबमोजिम हो होइन जो जे गर्नुपर्छ गरी पुनः निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

इति संवत् २०७४ साल चैत्र २८ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१६०४, बन्दीप्रत्यक्षीकरण, *रामध्यान चौधरी वि. काठमाडौं जिल्ला अदालत काठमाडौंसमेत*

पुनरावेदक डाँका चोरी मुद्दामा २०६३।११।३० देखि थुनामा रही २०६४।७।२८ मा कैदबाट भागेको र पुनः २०६४।८।२५ मा पक्राउ परेको भन्नेमा विवाद देखिएन। यसरी थुना कैद बसेको समयमा थुना कैदबाट भाग्नु र उक्त थुना कैदमा बसेको अवस्थामा गरेको अलग्गै कसुर हो भन्नेमा समेत विवाद भएन । यस्तो अवस्थामा दण्ड सजायको ४१ नं.मा भएको व्यवस्थाबाट कानूनबमोजिम थप कैद हुनसक्ने नै देखिने।

काठमाडौं जिल्ला अदालतबाट कैदी लगत ठेकिएको २०६७।११।२६ को पत्रमा फौ.नं. १७३३ को मुद्दामा भएको तीन वर्ष कैद भएको कुरा उल्लेख भएको र सोही कुरालाई पुनरावेदन अदालतको २०७१।७।२५ को फैसलामा इङ्गित गरेको र यस अदालतसमक्ष परेको पुनरावेदनमा सो कुरा होइन भनी कुनै जिकिर नलिएबाट यी पुनरावेदक उत्तरे भन्ने उत्तमबहादुर थापालाई भएको कैद भुक्तान भइसकेको भन्न मिल्ने नदेखिने।

कारागार ऐनको दफा २४(४) मा कैद थप सजाय भन्ने शब्द प्रयोग भएको पाइन्छ । "सजाय" भन्ने शब्दभित्र कैद र जरिवाना दुवै पर्ने र जुन मितिमा प्रतिवादी थुनाबाट भाग्यो सो मितिमा जरिवाना भुक्तान भइसकेको थियो भनी प्रतिवादी तर्फबाट कैदी भगायो भन्ने मुद्दामा वा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा समेत उल्लेख गर्न नसकेको हुँदा थुनाबाट भाग्दाको अवस्थामा जरिवानासमेतको डेढीको हिसाब गरेकोलाई कानूनविपरीत भन्न नमिल्ने।

अतः माथि विवेचना गरिएबमोजिम दण्ड सजायको ४१ नं. को व्यवस्था र कारागार ऐन, २०१९ को दफा २४ को व्यवस्थासमेतबाट पुनरावेदक गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत,

पाटनको मिति २०७१।७।२५ को आदेश परिवर्तन गर्नुपर्ने अवस्था नदेखिँदा सदर हुने ठहर्छ। पुनरावेदक उत्तरे भन्ने उत्तमबहादुर थापाले पुनरावेदन अदालत, पाटनको उक्त फैसला उल्टी गरी पुनरावेदकलाई थुनाबाट मुक्त गरिनुपर्छ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-०६२१, निषेधाज्ञा, *सिफैत यादव वि. देव नारायण यादव*

राजीनामा दूषित भए सोउपर पुनरावेदकले अन्य वैकल्पिक कानूनी उपचारको बाटो खोज्नु पर्नेमा सो उपचार खोजेको भनी पुनरावेदन जिकिर लिन सकेको अवस्था पनि पाइँदैन। गाउँ ब्लकमा हुँदै नभएको विपक्षी रिट निवेदकको भोगै नरहेको जग्गाको विषयमा दायर गरेको निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीको लिखित जवाफ देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा ३३ ले कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्तिउपर सो व्यक्तिको स्वामित्व छ, छैन भन्ने प्रश्न उठेमा सो सम्पत्तिउपर सो व्यक्तिको स्वामित्व छैन भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको छ। विवादित जग्गामा रिट निवेदक वा निजको दाताको स्वामित्व नभएको भए सोको वस्तुनिष्ठ प्रमाण पुऱ्याउने भार यी पुनरावेदकमा नै रहने जाने हुन्छ। त्यस्तो प्रमाण पुनरावेदकले पुऱ्याउन सकेको अवस्था पनि देखिँदैन। यस्तो अवस्थामा अदालतद्वारा थप प्रमाण बुझिरहनुको औचित्यसमेत नदेखिने।

तसर्थ पुनरावेदकले पुनरावेदन अदालत, राजविराजको आदेशमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८४(क) तथा १८५ नं.को कानूनी त्रुटि भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अत: निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।३।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-१५८४, निषेधाज्ञा, *ईन्दल साहसमेत वि. छोटेलाल यादव*

मूलत: अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको कामबाट कुनै व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशङ्काको विद्यमानतालाई हेर्ने। विपक्षी वौवालाल साहसमेतको लिखित जवाफमा विवादित कि.नं. २०२ र २०३ को पोखरी जग्गा सार्वजनिक नभई हाम्रो निजी पोखरी जग्गा भएको र साबिकमा दर्ता छुट हुन गएकोले छुट जग्गा दर्तासम्बन्धमा मालपोत कार्यालयमा उजुरी निवेदन दिँदा दर्ता गर्न नमानेउपर परमादेशको निवेदन दिएको छु भन्ने बेहोरा लेखिएबाट पोखरीको जग्गामा विपक्षीहरूको हक स्वामित्व स्थापित नभइसकेको अवस्थामा पोखरीलाई आफ्नो हक स्वामित्वको हो भनी दाबी गर्ने पुनरावेदकहरूबाट पोखरीको माछा मार्ने आशङ्काको विद्यमानता देखिन आयो। साथै विपक्षी गाउँ विकास समितिको कार्यालय, कविलासा सप्तरीका सचिव मखनलाल सरदारले अन्य विपक्षी मुसहरू साह, वौवालाल साह र किर्तन साहले सार्वजनिक पोखरीको माछा पटकपटक मारी बिक्री वितरण गर्ने गर्थे भन्ने लिखित जवाफ फिराएबाट समेत सो कुरा पुष्टि हुन आउँछ। अत: निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत,

राजविराजबाट मिति २०७१।७।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-०८४९, करार ऐन, २०५६ को दफा ८७ बमोजिम उपयुक्त आदेश जारी गरिपाउँ, *ईश्वर अधिकारी वि. माछापुच्छ्रे बैंक लि.*

विपक्षी माछापुच्छ्रे बैंक लिमिटेडले विभिन्न च.नं. द्वारा मिति २०६८।१।४ मा पहिलो पक्ष रविन्द्रप्रसाद प्रधान, दोस्रो विपक्षी माछापुच्छ्रे बैंक र तेस्रो पक्ष गाडी खरिदकर्ताहरूको तर्फबाट मिति २०६७।११।२६ मा भएको तिन पक्षीय संझौताबमोजिमको अनुसूचीमा रहेका गाडी गाडी, खरिदकर्ताका नाममा नामसारी गरिदिनु भनी यातायात व्यवस्था कार्यालय, ललितपुरका नाउँमा पत्राचार गरेको मिसिल सामेल रहेको कागजातहरूको प्रतिलिपिबाट देखिन्छ । यसरी आयात गरिएका गाडीहरू सम्बन्धित खरिदकर्ताका नाममा नामसारी गरिदिनु भनी विपक्षी बैंकले पत्राचार गरिसकेको अवस्थामा पुनरावेदन जिकिरबमोजिम करार ऐन, २०५६ को दफा ८७ बमोजिम जो चाहिने उपयुक्त आदेश जारी गरी रहनु पर्ने अवस्था देखिन आएन। अत: पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१८ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०९०३ र ०६८-CR-०९५० र ०६८-CR-१०१७, मानव बेचबिखन तथा ओसारपसार, *पार्वती परियार वि. नेपाल सरकार, राजु नेपाली वि. नेपाल सरकार र नेपाल सरकार वि. राजु नेपालीसमेत*

प्रतिवादी राजु नेपालीउपर सम्झना तामाङसमेतलाई बिक्री गरेको अभियोग लगाए तापनि बिक्री गरेको दाबी प्रमाणित गर्नसकेको देखिएन । तर मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादी र सहअभियुक्त पार्वती परियारको मिलेमतोमा सम्झना तामाङ र निजको २ वटा नाबालक छोराहरू समेतलाई नेपालको तनहुँबाट चितवनको मुग्लिन हुँदै यी प्रतिवादी राजु परियारले भारत दिल्ली लगेको, निजले सम्झनालाई आफूसँग ७।८ महिनासँगै राखेको, त्यसपछि निजले सम्झना तामाङलाई आफूसँग नराखी अन्यत्र पठाइएबाट यी प्रतिवादीले शोषण गर्ने उद्देश्यले ललाईफकाई नेपालबाट भारत दिल्लीमा लगी महिनौं शोषण गरेको देखिएबाट मानव बेचबिखन तथा ओसारपसार ऐन, ०६४ को दफा ४(२)(ख) को कसुर गरेको देखिन आयो। तसर्थ यी प्रतिवादी राजु नेपालीलाई ऐ. ऐनको दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१) (छ) अनुसार १० (दश) वर्षको कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी पार्वती परियार र सहप्रतिवादी राजु नेपालीको मिलेमतोमा यी प्रतिवादीसमेतले जाहेरवालाको श्रीमती सम्झना तामाङ र निजका दुई नाबालक छोराहरू समेतलाई नेपालको तनहुँबाट चितवनको मुग्लिङसम्म सँगै लगी त्यहाँबाट सहप्रतिवादी राजु नेपालीसँग गाडीमा चढाई भारत दिल्लीमा पठाएको देखिन्छ। तर निजले यसरी सहप्रतिवादी राजु नेपालीसँगै भारत दिल्लीमा पठाएका जाहेरवालाकी श्रीमती सम्झना तामाङ र निजका दुई नाबालक छोराहरू नेपाल आइसकेको वा नेपालमा रहे भएको अवस्था पाइएको देखिएन। प्रतिवादी राजु नेपालीले पीडित निज सम्झना तामाङको शोषण गरेको देखिए पनि यी प्रतिवादी पार्वती परियारले सम्झना तामाङ र छोराहरू लिई सहअभियुक्त राजु नेपाली सँगसँगै भारत

दिल्लीसम्म गएको देखिएन। यी प्रतिवादी निजहरूसँग तनहुँबाट मुग्लिङसम्म मात्र गएको देखिएबाट निजलाई सहप्रतिवादी राजु नेपालीसरहको कैदको सजाय गर्न न्यायको रोहमा सजाय चर्को पर्न जाने हुँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(छ) अनुसार १० (दश) वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला केही उल्टी भई निज प्रतिवादी पार्वती परियारलाई ऐ. ऐनको दफा ४ (२)(ख) अन्तर्गतको कसुरमा ऐ. ऐनको दफा १५(१)(छ) बमोजिम ८ (आठ) वर्ष कैद हुने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

इति संवत् २०७४ साल असार २६ गते २ रोज शुभम्।

## इजलास नं. ११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०५८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सनिप्रसाद थारू*

मृतक र प्रतिवादी आमा छोरा नाताका देखिएको निजहरूबीच मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको मिसिलबाट नदेखिएको र मृतकको मानसिक सन्तुलन ठीक नभएको कारण प्रतिवादीमाथि आक्रमण र गाली गलौज गर्दा सोही कारणबाट रिस उठी घाँटीमा तारले कस्दा मृतकको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट पूर्वयोजना र मनसायपूर्वक नभई मृतकले गालीगलौज गर्न लागेको अवस्थामा तत्काल उठेको रिसको कारण घाँटीमा तारले कस्दा मृतकको मृत्यु हुन गएको अवस्था देखिँदा प्रतिवादी सनिप्रसाद थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।३।१९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०२४४, अंश नामसारी, *कैसिङ चौधरी थारू वि. कपिलदेव थारूसमेत*

अंशबन्डा भई भिन्न बसेकी फुलवा थरूनीले सो बन्डापत्रबाट आफ्नो अंश भागमा परेको नवलपरासी जिल्ला, मझरिया गा.वि.स. वडा नं.८ कि.नं.३३६, ३१० र ३३४ का जग्गाहरू मध्येबाट मिति २०६१।११।१८ मा र.नं.२७९१ बाट जीतराम थारूलाई, र.नं.२७९२ बाट नरसिंह थारूलाई र र.नं.२७९३ बाट नरेशप्रसाद चौधरीलाई हालैको बकसपत्र पास गरिदिएको र उक्त बकसपत्रको बेहोरामा मेरै हक भोग दर्ताको नातिहरू जितराम, नरसिंह र नरेशप्रसाद चौधरीले पालनपोषण गरी रिझाएको हुँदा रिझाएबापत हालैको बकसपत्र गरिदिएको भनी उल्लेख भएकोसमेत देखियो । अंशबन्डा गरी छुट्टिई भिन्न भई अंश लिइसकेकी फुलवा थरूनीले आफूखुस गर्न पाउने सम्पत्ति राजीखुसीले हालैको बकसपत्र पारित गरीदिएको मिसिल संलग्न प्रमाणबाट देखिन आउने।

वस्तुतः उल्लिखित विवेचित आधार र कारणहरू समेतबाट प्रतिवादीहरू जितराम थारू, नरसिंह चौधरी र नरेशप्रसाद चौधरीले बज्यै फुलवा थरूनीलाई सेवा टहल पालनपोषण गरी रिझाएबापत निज फुलवा थरूनीले आफूखुस गर्न पाउने सम्पत्ति निज प्रतिवादीहरूलाई बकसपत्र गरिदिएको निजी आर्जनको भई समान पुस्ताका यी पुनरावेदक /

वादीलाई सो सम्पत्तिबाट बन्डा लाग्ने देखिन नआउने।

अतः मिति २०५८।०६।१९ मा र.नं.८४८ को अंशबन्डाको लिखतबाट अंशबन्डा गरी भिन्न भएको फुलवा थरूनीले सोही अंशबन्डाबाट भिन्न भएका कपिलदेवका छोराहरू जीतराम थारू, नरसिंह चौधरी र नरेशप्रसाद चौधरीलाई हालैको बकसपत्र गरी क्रमशः र.नं.२७९१, २७९२ र २७९३ बाट दिएका जग्गाहरू अंशबन्डाको १८ नं. बमोजिम बन्डा नलाग्ने ठहऱ्याउनु पर्नेमा सो नगरेको हदसम्म नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।११।१५ मा भएको फैसला केही उल्टी भई अरूमा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०५१०, जबरजस्ती चोरी, *नेपाल सरकार वि. नरजित वि.क.*

चोरी भएको भनिएका दशीका सामान यी प्रतिवादी नरजित वि.क. का प्रतिवादी साथबाट बरामद हुनसकेको पाइँदैन। बरामद भएका दशी यी प्रतिवादी नरजित वि.क.बाट बरामद नभई अर्का फरार प्रतिवादी ज्योती वि.क.को घरबाट बरामद भएको देखियो। घटना विवरण कागज गर्ने महेश लम्साल, मानबहादुर रावतसमेतले कागज गर्दा जाहेरवालाको घरमा चोरी भएको भन्ने कुरा भोलिपल्ट सुनी थाहा पाएका हौं, देखेको होइन भनी कागज गरिदिएको र निज साक्षीहरू अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिँदैन। जाहेरवालाले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले मेरो घरमा चोरी गरेका हुन् भन्ने बेहोरा उल्लेख गरे पनि प्रतिवादी नरजित वि.क.लाई प्रहरी कार्यालयमा देखेकोसम्म हुँ चिन्दैन भनी बकपत्र गरेको देखिँदा प्रतिवादीको मौकाको बयान अन्य मिसिल संलग्न कागजातबाट समर्थित पुष्टि भएको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुनेमा यी प्रतिवादीले चोरीको कसुर गरेको भन्ने कुरा ठोस सबुद प्रमाण वादी पक्षले गुजार्न सकेको देखिँदैन। फौजदारी मुद्दामा कसुर ठहर गर्न शङ्कारहित ठोस सबुद प्रमाण वादीले गुजार्न सक्नु पर्नेमा त्यस्तो प्रमाण मिसिल संलग्न नदेखिएको र शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी कानूनको सिद्धान्त नै हो। वस्तुनिष्ठ प्रमाणको अभावमा केवल जाहेरी दरखास्तकै आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न न्यायोचित हुने नदेखिँदा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर कानूनसङ्गत नदेखिने।

तसर्थ प्रतिवादी नरजित वि.क.लाई अभियोग मागदाबीबाट सफाइ पाउने देखिँदा कसुरदार ठहर गरेको दाङ देउखुरी जिल्ला अदालतको मिति २०६६।७।१२ को फैसला मिलेको नदेखिएको भनी उल्टी गरी प्रतिवादी नरजित वि.क.ले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर मिति २०६८।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल असोज ३० गते रोज १शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६६-CI-०९४२, अंश चलन, *जगरनाथ मण्डल गनगाई वि. अघोरनीदेवी गनगाई*

मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. को कानूनी व्यवस्थाअनुसार मलुकी ऐन, सातौं संशोधन-२०३४।०९।२७ बाट यताका बन्डाको कागज कानूनबमोजिम खडा गरी रजिस्ट्रेसन गर्नुपर्ने अनिवार्यता देखिन्छ। सो मितिअघिका बन्डा व्यवहार प्रमाणले स्थापित हुन आएमा सो बन्डालाई मान्यता दिने भनी अघिल्ला व्यवहारमा भएका बन्डालाई

मान्यता दिएको देखिने।

वादी प्रतिवादीबीच व्यवहार प्रमाणबाट एकासगोलका अंशियार रहेको नदेखिएकोले बन्डा लाग्ने भनी देखाइएको अनिरूद्रको नामको र निजको पत्नीहरू जसोदिया र अघोरनीको नामको जग्गाबाट बन्डा नलाग्नेसमेत ठहर्छ भन्ने पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा भन्न नमिल्ने।

अतः यिनै वादी प्रतिवादीमध्येको अर्को अंशियारको हाँगामा चलेको अंश मुद्दामा सर्वोच्च अदालतबाट समेत अंश पाउँ भन्ने मागदाबी पुग्न नसकी फैसला भएको, वादी प्रतिवादीको बीचमा एकआपसमा तमसुक लिनु दिनु गरेको, अनिरूद्रको हाँगामा मिति २०३४।०३।२७ मा बन्डापत्र भएको कुरालाई पुनरावेदकले स्वीकारेको, वादी र प्रतिवादीको छुट्टाछुट्टै भु.सु.७ नं. फाराम भरिएकोसमेत देखिँदा वादी र प्रतिवादीको बीचमा भएको उल्लिखित व्यवहारबाट मुलुकी ऐन, सातौं संशोधन अघिको कुरा भई प्रमाणको रूपमा ग्राह्य नै हुने देखिएको र तत्काल प्रचलित मुलुकी ऐन, अंशबन्डाको ३० नं.अनुसार व्यवहार प्रमाणको आधारले वादी र प्रतिवादीहरू छुट्टि भिन्न भएको देखिँदा अंश पाउँ भन्ने दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।१०।२४ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यु लिम्बू
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-११२७, सवारी ज्यान, *नेपाल सरकार वि. सुनिल भण्डारी*

सवारी साधन अनुमतिपत्र नलिई सवारी साधन चलाउने कार्य प्रतिवादीले गरेको देखिँदा निजले गरेको उक्त कार्यलाई लापरवाहीयुक्त मान्नुपर्ने नै देखिन आउने।

सवारी अनुमतिपत्र प्राप्त नगरी प्रतिवादीले चलाएको सवारी साधनको ठक्करबाट मृतक मोतीलाल महर्जनको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिँदा अभियोग मागदाबीबमोजिम सजाय नगरी कम सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला प्रतिपादित सिद्धान्तसमेतको विपरीत रहेको देखिन आउने।

अतः माथि विवेचित आधार, कारणबाट प्रत्यर्थी प्रतिवादी सुनिल भण्डारीले आरोपित कसुर अपराध गरेको पुष्टि हुन आएको देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०७०।०२।०५ को फैसला केही उल्टी भई प्रतिवादी सुनिल भण्डारीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद सजाय र सोही ऐनको दफा १६१(४) बमोजिम रू. २,०००।- (दुई हजार) जरिवानासमेत हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ
इति संवत् २०७४ साल कात्तिक ०८ गते रोज ०४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WH-००९४, बन्दीप्रत्यक्षीकरण, *प्रमोद नापित वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

म्याद तामेल हुँदाका बखत स्थानीय निकायको निर्वाचन सम्पन्न भइनसकेको र स्थानीय निकायका निर्वाचित पदाधिकारीहरूको पद रिक्त रहेको अवस्थामा सम्बन्धित वडाको प्रशासकीय प्रमुखको हैसियतले वडा सचिवले नै कार्यभार सम्हाल्दै आएको पाइन्छ। तामेल भएको म्यादमा प्रशासकीय प्रमुखको हैसियतले राजेश श्रेष्ठ रोहबरमा बसेको देखिन्छ ।

रोहबरमा बस्ने राजेश श्रेष्ठ काठमाडौं वडा नं. २० का वडा सचिव होइनन् भनी यी रिट निवेदकले भन्नसकेको समेत पाइँदैन । यसरी कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरी तामेल भएको म्यादलाई बेरीतको मान्न मिल्ने नदेखिने।

निवेदक स्थानीय मानिस भएको र साइनिङ स्टार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का सञ्चालक सदस्य भएको तथ्यमा विवाद छैन । आफू सञ्चालक सदस्य रहेको संस्थाबाट २२ करोडभन्दा बढी रकम ठगी भएको भनी ६१७ जना सञ्चयकर्ता जाहेरवालाले उजुरी गरेको कुराको तत्कालै यी निवेदकले जानकारी पाएका थिएनन् होला भनी अनुमान गर्नेसम्मको कुनै कारण देखिएको छैन । यस परिस्थितिमा अदालतबाट विधिवत् जारी भई कानूनबमोजिम म्याद तामेल भएको अवस्थामा ठगी मुद्दामा यी रिट निवेदकलाई सफाइको उचित मौका प्रदान नगरिएको र प्राकृतिक न्यायको सिद्धान्तलगायतका कुनै न्यायिक सिद्धान्तको प्रतिकूल कार्य भएको भनी ठान्नु उचित नहुने।

अतः रिट निवेदकसमेत प्रतिवादी भएको ठगी मुद्दामा निजको नाममा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०३।२३ मा तामेल भएको म्याद रीतपूर्वक तामेल भएको देखियो । यसरी आफ्नोउपर लगाइएको फौजदारी कसुर सम्बन्धमा प्रतिवादका लागि प्रदान गरिएको मौकाको सदुपयोग गरी न्यायिक प्रक्रियामा समाहित हुनु आवश्यक थियो । सोअनुसार नगरी मुद्दा चल्दाको क्रममा अदालतमा हाजिर हुन नगई म्यादै गुजारी बसेको अवस्थामा कानूनबमोजिमको प्रक्रिया पूरा गरी मुद्दा फैसला गरेको र कसुर ठहर भएको देखिन्छ । यस अवस्थामा अदालतबाट मुद्दाको रोहमा भएको फैसलाअनुसार ठहर भएको कैदबापत कानूनबमोजिम कैदी पुर्जीसमेत दिई थुनामा राखिएको कुरालाई गैरकानूनी थुना भनी मान्न मिल्दैन । रिट निवेदकलाई कुनै कानूनको प्रतिकूल बन्दी बनाएको भन्ने देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०३८९, सवारी ज्यान, *नेपाल सरकार वि. ज्ञानेन्द्र सारू मगरसमेत*

प्रतिवादी प्रदिप भन्ने ज्ञानेन्द्र सारू मगरले कार, जीप र डेलिभरी भ्यान जस्तो हलुका सवारी साधनहरू मात्र चलाउन पाउने गरी ख (B) वर्गको अनुमतिपत्र लिएको देखिन्छ । निज प्रतिवादीले ट्याङ्कर जस्ता भारी सवारी साधन चलाउने अनुमतिपत्र प्राप्त गरेको देखिँदैन । सवारी साधन चलाउने अनुमतिपत्र लिनुपर्ने व्यवस्था ऐच्छिक नभई ऐनले गरेको अनिवार्य व्यवस्था भएकोले सम्बन्धित सवारी साधन चलाउने अनुमतिपत्र नलिएको व्यक्तिले सवारी साधन चलाउन नपाउने कुरा प्रस्ट देखिने।

सवारी साधन चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने कार्य गरेको देखिँदा ज्ञानेन्द्र सारूले गरेको उक्त कार्यलाई लापरवाहीयुक्त मान्नुपर्ने।

आफ्नो जिम्माको सवारी साधन चलाउन दिनुभन्दा अघि सवारीचालकसँग सम्बन्धित सवारी चलाउने अनुमतिपत्र छ, छैन भनी जान्ने बुझ्ने कानूनी दायित्व गाडी मालिकको हुने। प्रतिवादी राजेन्द्रप्रसाद बजगाईले भारी सवारीचालकको अनुमतिपत्र नभएको व्यक्तिलाई आफ्नो जिम्मामा रहेको बा.१ ख. ७०२२

नं. को सवारी साधन प्रतिवादी प्रदीप भन्ने ज्ञानेन्द्र सारू मगरलाई चलाउन दिएको र निजले चलाएको गाडीको ठक्करबाट पैदल यात्री मनोज तामाङको मृत्यु हुन गएको देखिँदा प्रतिवादी राजेन्द्रप्रसाद बजगाइँले सवारी तथा यातायात ऐन, २०४९ को दफा ४६ र १६१ को उपदफा (५) अनुसारको कसुर अपराध गरेको देखिन आउने।

अतः माथि विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी प्रदिप भन्ने ज्ञानेन्द्र सारू मगरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसार ४ महिना १५ दिन कैद र २०००।– रूपैयाँ जरिवाना हुने र प्रतिवादी राजेन्द्र प्रसाद बजगाईले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।१०।२८ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी प्रदीप भन्ने ज्ञानेन्द्र सारू मगरलाई सवारी तथा यातायात ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद सजाय र सोही ऐनको दफा १६१(४) बमोजिम २,०००।– (दुई हजार) रूपैयाँ जरिवाना हुने ठहर्छ। अर्का प्रतिवादी राजेन्द्रप्रसाद बजगाइँलाई उक्त ऐनको दफा १६१(५) बमोजिम २ (दुई) महिना कैद सजाय हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७२-CR-०४५१ र ०७२-CR-१३४७, जबरजस्ती करणी, *नेपाल सरकार वि. अम्बर गुरूङ र कमल सिंह राई (कमल राई) वि. नेपाल सरकार*

मौकामा कागज गर्ने मानिसहरूको कागजको बेहोरा तथा मौकामा वारदात भएको कोठाको भुइँमा सुतेका प्रत्यक्षदर्शीसरहका अर्को प्रतिवादी अम्बर गुरूङले मौकामा बयान गर्दा प्रतिवादी प्र.स.नि. (अ.स.ई.) ले म आफूलाई भुइँमा सुत्न लगाएको, पीडितलाई खाटमा सुत्न लगाई, निज सुतेको अवस्थामा निज पीडितलाई निज सुतेको खाटमा गई जबरजस्ती करणी गरेका, निज पीडितलाई जबरजस्ती करणी गरेको थाहा पाई आफू चल्ने, खोक्ने कार्य गरेको, निज प्रतिवादीको डरले आफू अर्को विपरीत दिशातर्फ कोल्टे फेरी सुतेको भनी मौकामा बयान गर्दा आफ्नो बेहोरा लेखाइदिएका, त्यस्तै निज पीडिताले मौकामा आफूले दिएको जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतसमक्ष बकपत्र गर्दा जाहेरी दरखास्तमा भएको बेहोरा र सहिछाप मेरै हो। कमल राईले मलाई जबरजस्ती करणी गरेको हो भनी आफ्नो बेहोरा लेखाइदिएको अवस्था र मौकामा बुझिएका वारदात घटनाका क्रममा पीडिताले वारदातको प्रतिकार गर्दा रोएको, कराएको, प्रतिकार गरेकोसमेत आवाज सुन्ने एवम् वारदात घटना भएको स्थलको आसपासमा रहे भएका प्रहरी जवान निर्मल कार्कीको श्रीमती विष्णु कार्की, वारदात भएको विमानस्थल सुरक्षा गार्ड सुकेटारको कार्यालयमा कार्यरत प्रहरी जवान सलबहादुर अधिकारी, निर्मल कार्की, पविता शर्माले पीडित र यी प्रतिवादीले समेत सुतेको कोठामा पीडित रोए कराएको आवाज सुनी ढोका खोल्न लगाई पीडितलाई उद्धार गरी सोधपुछ गर्दा यी प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी बताएकी हुन भनी लेखाइदिएको बेहोरासमेतबाट जबरजस्ती करणी भएको भन्ने तथ्यलाई पुष्टि हुने गरी लेखाइदिएका घटनाविवरण कागज तथा

निजहरूले अदालतसमक्ष बकपत्र गर्दा लेखाइदिएको बेहोरासमेतका आधार प्रमाणका अतिरिक्त यी प्रतिवादीले प्र.स.नि. कमल सिंह भन्ने कमल राईले पक्राउ गरी ल्याएकी यी पीडितालाई सोधपुछ गर्ने निउँमा रातको समयमा आफ्नो कोठामा झिकाई राखी आफ्नै कोठामा रहेको खाटमा सुताएको कुरा र तथ्यमा स्वीकार गरेको आधार र अवस्थासमेतबाट प्रतिवादी प्र.स.नि. कमल सिंह भन्ने कमल राईले पीडितालाई आफ्नै प्रहरी कार्यालयको आफू सुत्ने कोठामा रातको समयमा राखी सुत्न लगाई डर त्रासमा पारी अभियोग मागदाबीअनुसार पीडितलाई जबरजस्ती करणीको कसुर अपराध गरेको देखिन आउने।

पीडितको छोरा दिपक गुरूङ तथा यी प्रतिवादीको श्रीमती निशा गुरूङले मौकामा कागज गर्दा तथा अदालतसमक्ष बकपत्र गर्दाको अवस्थामा समेत यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी भन्न र लेखाउन नसकेको, पीडितको अदालतसमक्ष भएको बकपत्रमा समेत जबरजस्ती करणी नै भएको भनी भन्न र लेखाउन नसकेकी र निज प्रतिवादी उक्त वारदात र कसुरमा मौकामा समेत इन्कार रहेको अवस्थामा र अवस्थासमेतबाट निज प्रतिवादी अम्बर गुरूङले अभियोग दाबीको कसुर अपराध गरेको अवस्था देखिन नआउने।

उल्लिखित आधार कारणसमेतबाट यी प्रतिवादी कमल राईले पक्राउमा परेकी पीडितासमेतका मानिसलाई सोधपुछसम्म गर्न आफ्नो कोठामा राखेको अवस्था नभई सोही कोठामा रातको समयमा आफूसमेत सुत्ने कोठामा निजहरूलाई समेत सुत्न लगाएको भन्ने तथ्यमा निज प्रतिवादीले स्वीकार गरेको र पीडित स्वयम्ले मौकाको जाहेरी बेहोरालाई अदालतमा बकपत्र गर्दासमेत निज प्रतिवादी कमल राईले आफूलाई जबरजस्ती करणी गरेको हो भनी लेखाइदिएको अवस्था देखियो। साथै निज मातहतका प्रहरी कर्मचारीहरूले पनि निजउपर पोल गरी बकपत्रसमेत गरेको देखियो। मिसिल संलग्न कागजातहरूबाट यी प्रतिवादी कसुरदार देखिएकोले निज प्रतिवादी कमल राईलाई समेत सफाइ दिने गरी गरेको सुरू जिल्ला अदालतबाट भएको मिति २०७०।६।१६।४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी प्र.स.नि. कमल राईलाई जबरजस्ती करणीको ३ नं.को देहाय ५ बमोजिम ५ (पाँच) वर्ष कैद र पीडितलाई जबरजस्ती करणीको १० नं. बमोजिम रू.२५,०००।- क्षतिपूर्ति भराइदिने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१०।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम्।

२

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ**, ०७१-CR-१५८१, जबरजस्ती करणी, *नेपाल सरकार वि. इन्द्रमान तामाङ*

पीडितले अनुसन्धानको क्रममा गरेको कागज तथा अदालतसमक्ष बकपत्र गर्दासमेत प्रतिवादीले निजको गुप्ताङ योनिमा लिङ्ग प्रवेश गराई करणी गरेको नै हो भनी भन्न र लेखाउन सकेको देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणीमा हुनुपर्ने कुनै चिह्न तथा लक्षणहरू नपाइएको भनी परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । करणी गरेमा प्रतिवादी अदालतमा इन्कार भएको अवस्था छ। प्रतिवादीको अनुसन्धानको बयानकै आधार हेर्दा पनि प्रतिवादीले करणीको उद्योगसम्म गरेको देखियो । यस आधार प्रमाणबाट पीडितउपर जबरजस्ती करणीको पूर्ण अपराध पुष्टि भएको देखिन

आएन। पीडितलाई प्रतिवादीले अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको भन्ने अवस्था मिसिल संलग्न प्रमाण कागजातबाट देखिन र खुल्न नसके पनि निज प्रतिवादीले मौकामा गरेको बयान बेहोराबाट जबरजस्ती करणी गर्ने प्रयास गरेपनि सो कार्य पूरा हुन नसकेको अवस्था देखिन आयो। यस अवस्थामा निज प्रतिवादीले लाटी, अपाङ्ग महिलालाई जबरजस्ती करणीको उद्योगसम्म कसुर अपराध गरेको भनी गरेको पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा भन्नु नपर्ने।

अतः उल्लिखित आधार कारणसमेतबाट प्रतिवादीले लाटी, अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्ने प्रयास गरे पनि सफल हुनसकेको अवस्था पुष्टि हुन नसकेको र लाटी, अपाङ्ग महिलालाई जबरजस्ती करणीको उद्योगको कसुरसम्म गरेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादी इन्द्रमान तामाङलाई सोही महलको ३(५) नं.ले हुने सजाय ५ वर्ष र ३(क) नं. ले हुने थप सजाय ५ (पाँच) वर्ष गरी जम्मा १० (दश) वर्षको आधा ५ (पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।११।४।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६९-CR-०११३, ०६९-CR-०१३५, ०७२-CR-१५४४ र ०७३-RC-०११०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपाल चौधरीसमेत, सूर्यनारायण चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. अब्दुल मियाँ र नेपाल सरकार वि. आलम मियाँ*

प्रतिवादी सूर्या भन्ने सूर्य नारायण चौधरीले म डर त्रासमा परी ज्यान बचाउन मात्र गई वारदातमा संलग्न भएकोले पुनरावेदन अदालतबाट जन्मकैद हुने गरी गरेको सजाय चर्को भयो भन्ने नै निजको पुनरावेदन जिकिर देखिन्छ। निजले डर त्रासको कारण गएको भनी जिकिर लिए पनि सोको युक्तियुक्त प्रमाण मिसिलबाट देखिँदैन । निजको अदालतको बयानबाटै कसुरमा संलग्नता देखिई सो बयानलाई सहप्रतिवादीको बयान तथा सहदेव यादवलाई वारदातस्थलमा लगी मारी गाडेको भन्ने वस्तुस्थिति मुचुल्कासमेतले पुष्टि गरेको देखिँदा प्रतिवादी सूर्या भन्ने सूर्यनारायण चौधरीलाई सुरू जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।६।३० को फैसला अन्यथा देखिन नआउने।

प्रतिवादी सूर्या भन्ने सूर्य नारायण चौधरीलाई ज्यानसम्बन्धीको ४ नं. बमोजिम थप सजाय नगरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा यी प्रतिवादीलाई पुनरावेदन अदालतले ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय ठहर भइसकेको अवस्था हुँदा सो सजायमा ऐ. ४ नं. बमोजिमसमेत थप सजाय हुनुपर्छ भन्ने जिकिरतर्फ तर्कसङ्गत देखिएन। यसर्थ प्रतिवादी सागर भन्ने अशोक साह र गोपाल चौधरीले अभियोगदाबीबाट सफाइ पाउने र प्रतिवादी सूर्या भन्ने सूर्यनारायण चौधरीलाई ज्यानसम्बन्धीको १३(४) ले जन्मकैदको सजाय ठहर गरी ऐ. ४ नं. को थप

सजाय नगरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।०६।३० को फैसला मनासिब नै देखिन आउने।

अभियोगपत्रमा प्रतिवादीको नाम अब्दुल मियाँ भनी उल्लेख भएको र निजको वतन जिल्ला सप्तरी खोजपुर वडा नं.४ खरचुईया भनी उल्लेख भएकोमा प्रतिवादी नागरिकता प्रतिलिपिसहित अदालतमा उपस्थित हुँदा निजको वतन अभियोगपत्रको नदेखिँदा सप्तरी जिल्ला खोजपुर गा.वि.स. वडा नं.८ झिङ्गुरको छोरा अब्दुल मियाँ भन्ने देखिएको र वादी नेपाल सरकारले निजको बाबुको नामसमेत नखुलाई अभियोगपत्र पेस गरेको देखियो। निजलाई पोल गर्ने प्रतिवादीले अब्दुल मियाँ भनी उल्लेख गरे पनि पोल गरेका व्यक्ति यिनै हुन् भनी सहप्रतिवादीले सनाखत गरेको देखिँदैन। अभियोगपत्रमा दिएको वतन तथा नाम निजले पेस गरेको नागरिकताभन्दा फरक परेको र अभियोगपत्रमा बाबुको नामसमेत नखोलेको अवस्थामा ज्यानजस्तो गम्भीर अपराधमा शङ्काकै भरमा कसुरदार ठहर गर्न न्यायोचित नदेखिँदा निज प्रतिवादी अब्दुल मियाँलाई कसुरबाट सफाइ दिएको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।०३।०७ को फैसला अन्यथा नदेखिने।

प्रतिवादी आलम मियाँले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही आफू वारदातको समयमा विदेश मलेसियामा रहेको भनी जिकिर लिएपनि निजले सो कुराको प्रमाण पेस गर्नसकेको देखिँदैन। धेरै प्रतिवादी भई कसुर गरेका र ती अभियुक्तमध्येका सहप्रतिवादी आफू कसुरमा साबित भई अन्य प्रतिवादीलाई गरेको पोल सङ्कलित अन्य प्रमाणबाट समेत पुष्टि भइरहेको सन्दर्भमा कुनै प्रतिवादी आफू वारदातको समय अन्यत्र रहेको भनी एलिवी (Alibi) को जिकिर लिएको र सो विवादलाई पुष्टि गर्ने निर्विवाद र युक्तिसङ्गत प्रमाण पेस गर्न नसकेको अवस्थामा त्यस्तो Alibi को जिकिरलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिने।

फौजदारी कसुरमा Alibi को जिकिर त्यतिखेर मात्र शङ्कारहित तवरले पुष्टि हुनसक्छ जतिखेर आरोपित कसुर पुष्टि गर्ने अन्य प्रमाणको अभाव रहेको हुन्छ। आरोपित कसुर पुष्टि गर्ने प्रमाणको पर्याप्ततामा प्रमाणरहित इन्कारीको कुनै अस्तित्व रहन नसक्ने हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी आलम मियाँले म वारदातमा थिइनँ, सोबखत विदेश मलेसियामा थिएँ भनी जिकिर लिए पनि सोको प्रमाण पेस गर्न नसकेको र सहप्रतिवादीले पोल गर्नुपर्ने कुनै रिसइवी रहेको भन्नेसमेत नदेखिएको हुँदा यी प्रतिवादी आलम मियाँलाई सर्वस्वसहित जन्मकैद गरेको सुरू जिल्ला अदालतको मिति २०६९।१२।२९ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।०३।०७ को फैसलामा कुनै त्रुटि नदेखिँदा निजको हकमा जाहेर भएको साधकसमेत सदर हुने।

अत: माथि विवेचित आधार प्रमाणबाट सप्तरी जिल्ला अदालतबाट मिति २०६७।१।५ मा भएको सुरू फैसला केही उल्टी गरी प्रतिवादी सूर्या भन्ने सूर्यनारायण चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैद हुने र प्रतिवादी सागर भन्ने अशोक साह तथा गोपाल चौधरीले अभियोगदाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।६।३० को फैसला र प्रतिवादी आलम मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू जिल्ला अदालतको मिति २०६९।१२।२९ को फैसलालाई सदर गरेको र अब्दुल मियाँको हकमा मिति २०६७।०१।०५ को सुरू फैसलालाई उल्टी गरी प्रतिवादी अब्दुल मियाँलाई

सफाइ दिने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०७२।०३।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल फागुन २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ** , ०६७-CI-००४१, नामसारी निर्णय बदर, *नरबहादुर चित्रकार वि. तिर्थराज चित्रकार*

वादीको बाबु जगतबहादुर र प्रतिवादी तिर्थराज चित्रकारको बाजे नाताको जगतबहादुर चित्रकार फरकफरक व्यक्ति रहेको देखिएबाट दाबीको भक्तपुर जिल्ला, दुवाकोट गाउँ विकास समिति वडा नं.१(घ), कि.नं.३८५ को ०-१२-१ र ऐ. वडा नं.२(ख), कि.नं.११५ को १-५-१ जग्गा वादीका बाबु जगतबहादुर चित्रकार वा प्रतिवादी तिर्थराज चित्रकारको बाजे नाताका जगतबहादुर चित्रकारमध्ये साबिक कसको स्वामित्व तथा हक भोगमा रहेको हो भन्ने प्रश्नको विवेचना गर्नुपर्ने भई सो प्रश्नतर्फ विचार गर्दा, वादीले आफ्नो बाबु जगतबहादुर चित्रकार २०३३ सालमा र आमा तुलसीमाया २०३५ सालमा नै निधन भएको भनी फिरादमा उल्लेख गरेका छन् । निज वादी नरबहादुर चित्रकारले प्रस्तुत मुद्दाको सुरू भक्तपुर जिल्ला अदालतमा मिति २०६१।०५।३१ मा फिराद दर्ता गर्दा निजको उमेर ६९ वर्ष भनी उल्लेख गरेको देखिँदा आफ्नो बाबुको निधन २०३३ सालमा हुँदा निज ४१ वर्षको देखिएको र बाबु आमाको निधनपछि पनि लामो समयसम्म आफ्नो नाममा जग्गा नामसारी नगरी बस्नुको मनासिब कारण तथ्ययुक्त तवरले खुलाएको पाइँदैन । वादीको तर्फबाट दाबीको जग्गाहरू आफ्नै बाबु जगतबहादुर चित्रकारको नाउँ दर्ताको हो भन्ने तथ्यको पुष्टि गराउन जग्गाको स्वामित्व स्थापित हुने प्रमाणहरू, भोगसँग सम्बन्धित प्रमाणहरू, तिरो, राजस्व तिरेको प्रमाणहरू तथा मोही भए सोसम्बन्धी बाली बुझेको भरपाई जस्ता कुनै पनि प्रमाण पेस भई मिसिल संलग्न रहेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २६ मा "देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीमा हुने छ" भन्ने व्यवस्था रहेकोले प्रस्तुत मुद्दामा वादीले दाबीका जग्गाहरू आफ्नै बाबु जगतबहादुरको स्वामित्वको हो भनी पुष्टि गर्नुपर्ने देखिन्छ । सोबमोजिम वादीले दाबीको जग्गा आफ्नै बुबा जगतबहादुरको स्वामित्वको रहेको भनी पुष्टि गर्नसकेको नदेखिने ।

प्रतिवादी तिर्थराज चित्रकार जगतबहादुरको नाति नाताभित्रको देखिन आई त्यसतर्फ विवाद गरिएको पाइँदैन । प्रतिवादीले दाबीको जग्गा आफ्नो नाममा नामसारी प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट मिति २०४८।०१।०६ मा भएको नाता प्रमाणित पत्र, मिति २०४७।११।२४ को आफू हकवाला रहेको पुर्खाको मृत्यु दर्ता प्रमाणपत्र जस्ता प्रमाण कागज राखी प्रक्रिया अघि बढाएको तथ्य मालपोत कार्यालय, भक्तपुरबाट प्राप्त नामसारी मिसिल नं. २२३।०५०।०५१ को प्रमाण मिसिलबाट देखिन्छ । सोही कागजातअनुसार मालपोत कार्यालय, भक्तपुरबाट निज तिर्थराजको नाममा मिति २०५०।०५।१३ मा नामसारीको निर्णयसमेत भएको देखिन्छ । सार्वजनिक सूचनासमेत जारी भई सूचनामा उल्लेख भएको म्याद समाप्त भएपछि नामसारीको कार्य गरिएको कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिएको र समयको लामो अन्तरालमा तहतह बिक्री व्यवहार भई अन्य व्यक्तिमा समेत हक

सरिगएको भन्ने तथ्यसमेत मिसिलबाट देखिन आएको हुँदा दाबीको जग्गामा प्रतिवादी तिर्थराज चित्रकारको बाजे नाताका जगतबहादुरकै स्वामित्व रहेको देखिन आउने।

समयको यति लामो अवधिसम्म वादी निष्क्रिय भई चुप लागेर बस्नु र प्रमाण पेस गरी आवश्यक प्रक्रिया पूरा गरी नामसारी हुने कार्य सम्पन्न भएपश्चात् मात्र पुनरावेदक वादीले दाबी लिएको देखिनुजस्ता निजद्वारा देखाइएको क्रियाकलापबाट पनि निजको भनाईमा विश्वास गरी भर गर्न सकिने अवस्था देखिँदैन। भनाई र गराईको सामञ्जस्यताको पनि आफ्नै महत्त्व हुन्छ। सो कुरा पुनरावेदक वादीबाट निर्वाह भएको देखिएन। त्यसैले समयको अन्तरालसमेतलाई नजरअन्दाज गरी केवल जगतबहादुर भन्ने नाम मिलेकै भरमा जग्गाको हकको लागि चाहिने आवश्यक प्रमाण कागजको अभावमा विवादित कि.नं.११५ र ३८५ को जग्गामा वादीको हक पुग्ने नदेखिँदा पुनरावेदन अदालत, पाटनको फैसला इन्साफको रोहमा मनासिबै देखिने।

अतः वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरूको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।१२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कालीबहादुर साम्पु लिम्बू
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-००३१, जालसाजी, *नरबहादुर चित्रकार वि. हर्कबहादुर राईसमेत*
- ०६७-CR-००३०, जालसाजी, *नरबहादुर चित्रकार वि. तिर्थराज चित्रकारसमेत*
- ०६७-CR-००२९, जालसाजी, *नरबहादुर चित्रकार वि. तिर्थराज चित्रकारसमेत*
- ०६७-CR-००२८, जालसाजी, *नरबहादुर चित्रकार वि. तिर्थराज चित्रकार*
- ०६७-CR-००२७, जालसाजी, *नरबहादुर चित्रकार वि. बाबुराम पोखरेलसमेत*
- ०६७-CR-००२६, जालसाजी, *नरबहादुर चित्रकार वि. रत्नमाया सुवालसमेत*
- ०६७-CI-००४०, नामसारी निर्णय बदर हक कायम, *नरबहादुर चित्रकार वि. गणेशबहादुर चित्रकार*
- ०६७-CI-००२५, जालसाजी, *नरबहादुर चित्रकार वि. गणेशबहादुर* चित्रकार

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान**, ०६७-CI-०३५८, मोही नामसारी, *रमेशप्रसाद सिंह वि. समानन्द चौधरी*

वादीका पिता स्व. मुनिलाल चौधरी मोहीको १ नं. लगत भरी अनुसूची प्रकाशित भई ४ नं. जोतहा अस्थाई निस्सासमेत प्राप्त गरी मोहीयानीमा दाबीको जग्गा जोती कमाई आएको भई दाबीको जग्गामा निज मोहीको मोही हक कायम रहिरहेको र भू.सु.का. बाट भएको सर्जमिनबाट यी वादीले दाबीको जग्गा अद्यापि मोहियानीमा कमाई आएको भन्ने प्रतिवादी रमेशप्रसाद सिंहले मोही भुलाई चौधरीबाट बाली बुझी भरपाई गरिदिएकोसमेतबाट देखिएको अवस्थामा वादीले आफ्नो पिताको शेषपछि निजको नामको मोही हक नामसारी गराई लिनसक्ने नै देखियो। सुरू भूमिसुधार कार्यालय, सप्तरीबाट वादीका नाममा मोही नामसारी नहुने र मोहियानी हकको प्रमाणपत्र नपाउने गरी भएको सुरू निर्णय कानूनसङ्गत देखिन नआएको हुँदा उक्त सुरू फैसला उल्टी गरी वादी दाबीबमोजिम

मोही नामसारी भई वादीले मोही प्रमाणपत्र पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।०३।२३ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणबाट विवादित जग्गाको मोही वादीका नाममा नामसारी भई मोही प्रमाणपत्रसमेत प्राप्त हुने अवस्था देखिएबाट मोही नामसारी नहुने र मोहीयानी हकको प्रमाणपत्र नपाउने ठहऱ्याई सुरू भूमिसुधार कार्यालय, राजविराजबाट भएको मिति २०६३।०९।३० को निर्णय मिलेको नदेखिँदा उल्टी भई मोही नामसारी भई प्रमाणपत्र पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।०३।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

- यसै लगाउको ०६७-CI-०३५९, मोही दर्ता नामसारी, *रमेशप्रसाद सिंहसमेत वि. ललकु चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान** , ०७०-CI-१२६५, घर जग्गा टंटा खिचोला छोडाई चलन चलाई पाउँ, *जीतनारायण साह कानू वि. सारदा साह सोनारसमेत*

क्रय बिक्रयको लिखत विवादरहित रहेको अवस्थामा क्रेतालाई निजले कानूनबमोजिम प्राप्त गरेको जग्गा कानूनबमोजिम छुट्याई निजलाई भोग गर्न दिनु बिक्रेताको कानूनी दायित्व हुने हुनाले क्रेताले कानूनबमोजिम प्राप्त गरेको जग्गा निजले भोग गर्न नपाएको अवस्थामा क्रेताको लिखतअनुसारको जग्गा पुगेपछि बाँकी रहेको जग्गा मात्र बिक्रेताको हुनु न्यायोचित हुने हुँदा विक्रेता प्रतिवादीहरूको बाँकी जग्गा नै दर्ता स्रेस्ताभन्दा बढी नभएकोले प्रतिवादीहरूले वादीको जग्गा खिचोला गरेको नठहर्ने भन्ने पुनरावेदन अदालतको फैसलाको तर्कसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूले वादीलाई बिक्री गरी हक हस्तान्तरण गरेको घरजग्गा कि.नं. १८६ र कि.नं. १८८ मा वादीको नै हक भोग नभई वादी प्रतिवादीबाहेक उनाउ व्यक्तिको नाउँमा रहेको अवस्थामा न.नं. ६ र न.नं ७ को विवादित जग्गालाई न.नं. ८ को कि.नं १८७ र न.नं ९ को कि.नं १८९सँग जोड्दा प्रतिवादीहरूको जग्गा स्रेस्ताअनुसार पुग्ने भनी संलग्न लिखतहरू, नक्सा ट्रेस तथा नक्सा मुचुल्कासमेतको सही मूल्याङ्कन नै नगरी अन्य अमूक व्यक्तिको भोगमा रहेका जग्गा कि.नं. १८६ र १८८ नै वादीको जग्गा भएको भन्ने आधार लिई वादीको हकको जग्गामा वादीको भोगमा रहे नरहेतर्फ ध्यान नदिई प्रतिवादीहरूको बाँकी जग्गा नै स्रेस्ताअनुसार नपुग भएकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।८।२४ को फैसला मिलेको देखिन नआउने।

वादीले यिनै प्रतिवादीहरूबाट खरिद गरेको कि.नं १८६ र कि.नं १८८ को जम्मा ज.वि.०-०-०-८ (आठ कनुवा) जग्गा प्रतिवादीहरूले वादीलाई भोग गर्नबाटै वञ्चित गरेको मिति २०६९।६।२० को नक्सा मुचुल्काबाट देखिन आएकोले वादी दाबीबमोजिमको कि.नं १८६ र कि.नं १८८ को जग्गा प्रतिवादीहरूले खिचोला गरेको देखिन आउने।

तसर्थ पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।८।२४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम प्रतिवादीहरूले वादीको

कि.नं. १८६ र कि.नं. १८८ का जग्गा खिचोला गरेको ठहर्छ र उक्त जग्गामा वादीले चलनसमेत चलाई पाउने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख २५ गते रोज ३ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७२-CI-१६१६, अंश अपुताली दर्ता, *गर्भी देवी थरूनी वि. भुटु चौधरीसमेत*

वादी गर्भीदेवीले आमाको अपुताली पाउने हो भन्नेसमेत बेहोरा उल्लेख गरी प्रतिवादीमध्येकै भजनलाल चौधरी र भुटु चौधरीको प्रतिउत्तर जिकिर रहेको देखिएबाट यी वादी प्रतिवादीबीच पुस्तावारीमै पनि मुख मिलेको देखिएन । अंश अपुताली मुद्दामा बन्डा लाग्ने नलाग्ने के कति सम्पत्ति कस्का जिम्मामा रहेको र क-कसलाई बन्डा लाग्ने भन्ने पुस्तावारी सम्बन्धमा तथा हदम्याद सम्बन्धमा जे जो बुझ्न पर्ने हो बुझी प्रस्तुत मुद्दासँग सम्बन्धित अंशियारहरूबीच चलेको अंश मुद्दासमेत साथै राखी किनारा गर्नुपर्ने देखिएको र वादी प्रतिवादीका कानून व्यवसायीले वहसका क्रममा अन्य अशिंयारहरूका अंश मुद्दा सुरू जिल्ला अदालतमा चलिरहेको भनी जिकिर गरेको देखिएबाट समेत प्रस्तुत मुद्दा पुनः निर्णयको लागि सुरू अदालतमा पठाउनु पर्ने देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट सुरू सप्तरी जिल्ला अदालतको मिति २०६९।२।२८ को फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।०५।११ को फैसला बदर गरिदिएको छ । अब, प्रस्तुत मुद्दामा हदम्यादसम्बन्धी प्रश्न, पुस्तावारी तथा बन्डा लाग्ने नलाग्ने सम्पत्ति सम्बन्धमा जे जो बुझ्नु पर्ने बुझी त्यहाँ जिल्ला अदालतमा चलिरहेको प्रस्तुत मुद्दासँग सम्बन्धित अन्य अंशियारहरूको अंश मुद्दासमेत साथै राखी किनारा गर्नु भनी पक्षहरूलाई सुरू सप्तरी जिल्ला अदालतमा हाजिर हुन जानु भनी तारेख तोकी प्रस्तुत मुद्दाको सुरू मिसिल सप्तरी जिल्ला अदालतमा पठाइदिने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल असार १७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CR-०३९५, जालसाज, *गर्भी देवी मंडर चौधरी वि. राजेन्द्रप्रसाद ठाकुर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७३-WO-०४८६, उत्प्रेषण , *ग्यानबहादुर तामाङ वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

फिराद दर्ता भएपछि सम्पत्ति रोक्का गर्न भएको अन्तरकालीन आदेशउपर पुनरावेदन सुन्ने अदालतमा अ.बं. १७ नं. बमोजिमको निवेदन परे पनि जुन मुद्दामा अन्तरकालीन आदेश भएको सो मुद्दा नै सुरू अदालतबाट फैसला भइसकेको अवस्थामा पुनरावेदन सुन्ने अदालतबाट अन्तरकालीन आदेशउपरको अ.बं. १७ नं. को निवेदनमा विचार हुनसक्ने पनि नहुने।

विपक्षी लालमाया तामाङ घरको मुख्य व्यक्ति भएको पनि नदेखिएको सम्बन्ध विच्छेद भइसकेपछि निवेदकसमेतको नाममा रहेको घरजग्गामा निजको

हक पुगेको पनि नदेखिएको र ग्यानबहादुर तामाङको सो लेनदेनको तमसुकमा मन्जुरी भएको पनि नदेखिँदा लेनदेन व्यवहारको ९ नं. बमोजिम निवेदक ग्यानबहादुर तामाङको मन्जुरीबेगर सम्बन्ध विच्छेद भई अलगअलग भएपछि सम्बन्ध विच्छेद हुनुभन्दा अघिल्लो मिति देखाई लेनदेनको तमसुक गरेको आधारमा विपक्षी लालमाया तामाङले लिएको ऋण सम्बन्धमा मुद्दाका पक्ष नै कायम नरहेका व्यक्तिको सम्पत्तिबाट जग्गा रोक्का गरी असुलउपर गर्न पाउँछ भनी भन्न नमिल्ने।

घरको मुख्य व्यक्ति नै नभएकी लालमाया तामाङले सम्बन्ध विच्छेद गर्नुअघि तमसुक नै गरिदिएको भए पनि सम्बन्ध विच्छेद गर्दाको अवस्थामा उक्त तमसुकको बारेमा केही उल्लेख भएको भए उक्त तमसुकी व्यवहारको दायित्व यी निवेदकमा पर्ने नपर्ने भनी यकिन हुन सक्थ्यो । उक्त तमसुकपछि भएको सम्बन्ध विच्छेदमा तमसुकको बेहोरा र दायित्वको उल्लेख नभएको र तमसुकमा मुख्य व्यक्तिको मन्जुरी एवम् साक्षी नबसेको अवस्थाले विना कानूनी आधार निवेदक ग्यानबहादुर तामाङका नाउँमा भएको सम्पत्ति रोक्का राखी रहन कानून र न्यायको रोहमा मिल्ने देखिन नआउने।

निवेदक ग्यानबहादुर तामाङलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका नदिई ग्यानबहादुरको नाममा रहेको घर जग्गा रोका राख्ने गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७३।२।२० र मिति २०७३।५।२४ आदेश र सोलाई सदर गरेको विपक्षी उच्च अदालत, पाटनको मिति २०७३।८।२ को आदेश र सोबमोजिम भएका पत्राचारसमेत निवेदकको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी मौलिक हकमा प्रत्यक्ष असर पुग्न गई त्रुटिपूर्ण देखिँदा उक्त आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकको नाउँको जग्गा फुकुवा गरिदिनु भनी विपक्षी काठमाडौं जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, तहसिल शाखा र मालपोत कार्यालय, चावहिल काठमाडौंसमेतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

## इजलास नं. १९

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०१११, लागु औषध चरेस, *कृष्णसाह वर्णवाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी कृष्ण साह वर्णवाल पक्राउ परी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मकवानपुरतिर घर बताउने व्यक्तिबाट लागु औषध चरेस लिई बिक्री गर्ने गरेको हो भनी कसुरलाई स्वीकार गरी बयान गरेको र अन्य प्रतिवादी मोटर भन्ने सुदर्शन साह वर्णवाल र प्रदीपकुमार सहनीले समेत यी प्रतिवादी कृष्ण साह वर्णवालको घरमा गई चरेस लिई आएको हो भनी कृष्ण सहनीको बयानसँग एकै मिलानको बयान गरी प्रतिवादी कृष्ण साह वर्णवालको कसुरमा रहेको संलग्नतालाई पुष्टि गरी बयान गरेको पाइन्छ। प्रतिवादीहरू मौकामा साबित रही अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि बरामदी तथ्यसँग मौकाको बयान मिल्न आएको र इन्कारी बयान अन्य प्रमाणबाट समर्थित नभएको हुँदा इन्कारी बयानलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिने।

लागु औषध चरेस बरामदसँगै पक्राउ पर्ने प्रतिवादीहरूले आफू कसुरमा साबित रही यी पुनरावेदक प्रतिवादी कृष्ण साह वर्णवाललाई पोल गरेको र निजलाई अनाहकमा पोल गर्नुपर्ने रिसइवी र कारणको

जिकिरसम्म पनि पुनरावेदक प्रतिवादीले लिनसकेको देखिँदैन । बरामदी मुचुल्काका मानिसले अदालतमा उपस्थित भई बकपत्र गरेका र सहप्रतिवादीको पोल बरामदीलगायतका तथ्यबाट पुष्टि भइरहेको अवस्थामा अदालतसमक्ष गरेको इन्कारी बयान र बिक्री गरिसकेको कारण निजको घरबाट बरामद नभएको भन्ने आधारमा मात्र प्रतिवादी कृष्ण साह वर्णवाल निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग यस इजलास सहमत हुन नसक्ने ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादी कृष्ण साह वर्णवालसमेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को खण्ड (घ) (४) बमोजिम १ वर्ष ३ महिना कैद र रू.१०,०००।– जरिवाना हुने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट मिति २०६८।१०।९ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।११।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम् ।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७४-WH-००७९, बन्दीप्रत्यक्षीकरण, *विश्व चौधरी वि. सुनसरी जिल्ला अदालतसमेत*

**मा.न्या.श्री हरिकृष्ण कार्कीको राय**

नाबालकले कुनै पनि बाल बिज्याई गर्दा अन्जानमा बालसुलभ मनस्थितिले गरेको हुन्छ, त्यसैले उसको भविष्य हेरी नाबालकको सर्वोत्तम हित हुनेतर्फ ध्यान दिइनुपर्छ भन्ने कानूनको मकसद रहेको देखिन आउने ।

प्रमाण सङ्कलन भइसकेपछि पनि सुनसरी जिल्ला अदालतबाट मिति २०७४।०५।१२ मा भएको थुनछेकको आदेशमा पुनर्विचार गरेको नदेखिएबाट जन्म दर्ताको रजिस्टर र जन्मदर्ताको प्रमाणपत्रबाट विश्व चौधरीको जन्ममिति २०५९।१।४ मा भएको देखिएबाट दुईवटा मोटरसाइकल चोरीको दुवै मुद्दाको वारदात हुँदा निज १६ वर्षमुनिको देखिई नाबालक नै भएको मान्नुपर्ने देखिन आयो । यस अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा जिल्ला अदालतबाट भएको आदेश र उच्च अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी नगर्ने गरी भएको आदेशका आधारमा धरौटी राख्न नसकेको कारणबाट थुनामा राख्ने गरी भएको आदेशलगायतका कामकारवाहीका आधारमा रहेको थुना कानूनअनुरूपको भन्न मिल्ने नदेखिने ।

अतः बालबालिकासम्बन्धी ऐन, २०४८, बाल अधिकार महासन्धी, १९८९ तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार नाबालकको सर्वोत्तम हित (Best Interest of Child) हेरिनु पर्दछ भन्ने मान्यताअनुसार निवेदक विश्व चौधरीलाई माग भएको धरौट दाखिला गर्न नसकेको भनी कारागार कार्यालय, झुम्का सुनसरीमा वयस्क बन्दीसँगै थुनामा राख्न पठाएको सुनसरी जिल्ला अदालतबाट मिति २०७४।०५।१२ मा भएको थुनछेकको आदेशमाथि उल्लिखित नजिरको आधारमा त्रुटिपूर्ण देखिन आयो। सुनसरी जिल्ला अदालतको उक्त आदेश त्रुटिपूर्ण देखिँदा सो आदेशको आधारमा निवेदकलाई थुनामा पठाउने गरी लेखिएको पत्रसमेत बदर भई यी निवेदक विश्व चौधरीलाई थुना मुक्त गरी मुलुकी ऐन, अ.बं. ४७

नं. बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न दिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । सहयोगी माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईले फरक राय व्यक्त गर्नु भएकोले निर्णयार्थ सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम पूर्ण इजलासमा नियमानुसार गरी पेस गर्ने ।

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराईको राय**

चोरी मुद्दामा अदालतमा बयान गर्दा निवेदकले उमेरबारेमा पहिलो पटक कुरा उठाएको छ र उमेरको कुरा उठाएपछि यसबारेमा प्रमाण बुझी नाबालक देखिएमा आफ्नो आदेशमा पुनः विचार गर्ने स्पष्टता अदालतले देखाएकै छ । तसर्थ, पुर्पक्षको सिलसिलामा भएको आदेशलाई गैरकानूनी भन्न सकिने अवस्था छैन र सो स्थापित भएको अवस्था पनि यो नहुने ।

स्थानीय पञ्जिकाधिकारीबाट निवेदकको जन्ममिति २०५९।०१।०४ मा भएको हो भन्ने पत्र प्राप्त भएको मात्र कुराले थुनछेकको आदेशलाई गैरकानूनी बनाई हाल्दैन । जब विवाद न्यायिक निकायमा छ र उमेर यकिन गर्ने सन्दर्भमा ऊ आफैं प्रमाण बुझ्दै छ, नाबालक हो भन्ने प्रमाणित भएमा आफ्नो आदेशउपर पुनर्विचार गर्छु पनि भनिरहेको छ भने सबुद प्रमाणको विश्लेषण गरी निवेदक नाबालक हो भन्ने कुरामा सोही निकाय निष्कर्ष पुग्नु पर्ने । प्रस्तुत विवादमा आफूसमक्ष प्राप्त भएका प्रमाणहरू हेरी सुनसरी जिल्ला अदालत नै निवेदक नाबालक हो वा होइन भन्ने निष्कर्ष पुग्नुपर्छ र पुग्न दिइनुपर्छ । सो निष्कर्ष पुग्न अनावश्यक ढिलाई गरेमा त्यस्तो ढिलाई परमादेशको विषयसम्म बन्न सक्छ तर त्यसलाई बन्दीप्रत्यक्षीकरणको विषय बनाउँदा सर्वोच्च अदालतले उच्च अदालत वा सुरू जिल्ला अदालतको न्यायिक अधिकारलाई प्रतिस्थापन गर्दै ती अदालतहरूको तहमा विचाराधीन रहेको मुद्दाको औचित्यमा प्रवेश गर्न पुग्छ, जुन न्यायिक स्वायत्तताको सिद्धान्तविपरीत हुन जान्छ । तल्लो निकायको स्वायत्तताको हरहालतमा संरक्षण गरिनु पर्छ । अन्यथा न्यायिक तह सोपानलाई (Judicial Hierarchy) खलबल्याउने गल्ती माथिल्लो अदालतले गर्न पुग्ने ।

थुनाको वैधतासँग जोडिएको अर्को प्रश्न कुन मितिबाट निवेदकको थुना गैरकानूनी भयो भन्ने पनि हो । के अदालतमा अभियोगपत्र पेस गरेपछि निवेदकले बयान सँगै कुनै प्रमाण कागज पेस गर्नासाथ थुना गैरकानूनी हुन्छ ? वा कुनै प्रमाण बुझ्ने आदेश भयो र निवेदकको पक्षमा कुनै प्रमाण प्राप्त हुन आयो, सो मितिबाट थुना गैरकानूनी हुन आउँछ ? वा अदालतले सो प्रमाण हेरी उमेरबारे अझै यकिन हुनसकेन र थप प्रमाण बुझ्ने आदेश गऱ्यो, सो मितिबाट गैरकानूनी थुना हुन्छ ? यो सहज र यकिन रूपमा भन्न सकिँदा तसर्थ यस्तो विषयको यकिन गर्ने अधिकार मुद्दा हेर्ने सोही अदालतलाई दिइनुपर्छ । बन्दीप्रत्यक्षीकरणको रिटबाट हस्तक्षेप गरिनु हुँदैन । यस्तो कार्यले न्यायमा बिचलन ल्याउने ।

बन्दीप्रत्यक्षीकरणको निवेदन लिएर पक्ष अदालत प्रवेश गरेपछि निजलाई अ.बं.१७ नं.को बाटो उपलब्ध छ भनी निवेदन अस्वीकार गर्न मिल्दैन । बन्दीप्रत्यक्षीकरणको निवेदनलाई अ.बं. १७ नं. को बाटो देखाई खारेज गर्न मिल्दैन भन्दाभन्दै पनि स्पष्ट गर्नुपर्ने कुरा के छ भने अ.बं.१७ नं. वा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ का प्रक्रियाहरू पनि न्यायिक प्रक्रिया नै हुन् । तिनलाई सोझै तिरस्कार गरिनुपर्ने कारण पनि छैन । अ.बं.१७ नं. को प्रक्रिया स्थानीय तहमा नै उपलब्ध हुन्छ र मिसिल हेरी सबुद प्रमाणका रोहमा थुनछेकको आदेशको परीक्षण गरिने

हुँदा प्रभावकारी पनि हुने।

वर्तमान संविधानको धारा २० को उपधारा (९) ले **"स्वच्छ सुनुवाइको हक"** प्रत्याभूत गरेको छ। स्वच्छ सुनुवाइभित्र शीघ्र सुनुवाइको हक पनि पर्छ। यो कुरालाई हरेक अदालत र न्यायिक निकायले पालना गर्नुपर्ने।

अतः उल्लेख गरेबमोजिम निवेदकलाई गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ठहर्छ। तर बन्दीप्रत्यक्षीकरणको आदेश जारी नभए पनि संविधानको धारा १३३ को उपधारा (३) बमोजिम मुद्दामा उचित उपचार प्रदान गर्न यस अदालतले अन्य उपयुक्त आदेश जारी गर्नसक्ने भएकोले निवेदकको मागको सन्दर्भमा, प्राप्त सबुद प्रमाणको विश्लेषण र कानूनबमोजिम थप कुरा बुझ्नु पर्ने भए सोसमेत बुझी फैसला प्राप्त भएको मितिले १ महिनाभित्र थुनछेक सम्बन्धमा पुनः आदेश गर्नु भनी सुनसरी जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सहयोगी माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरी व्यक्त गर्नु भएको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम २३ को उपनियम २ को खण्ड (क) बमोजिम संयुक्त इजलासको लगत कट्टा गरी प्रस्तुत निवेदन सुनुवाइको लागि पूर्ण इजलासमा पेस गर्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति